चैत – २

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क २४ | **२०७७, चैत १६-३१** | पूर्णाङ्क ६९०

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	**- सदस्य**
मुख्य रजिष्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिष्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत	**- सदस्य**
अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	**- सदस्य**
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिष्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री चन्द्रमणि चापागाइँ
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर कम्पोजिटर श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

संयुक्त इजलास	७
इजलास नं. १	५
इजलास नं. २	४
इजलास नं. ३	१३
इजलास नं. ४	१२
इजलास नं. ५	९
इजलास नं. ६	५
इजलास नं. ७	१०
इजलास नं. ८	५
इजलास नं. ९	१०
जम्मा	**८०**

इजलास नं. १३	५
एकल इजलास	१
जम्मा	**६**

कूल जम्मा ८० + ६ = ८६

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७७, चैत – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन" को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ। साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
संयुक्त इजलास			**१ – ८**
१.	उत्प्रेषण / परमादेश	जिङ्मा जाङ्वु शेर्पासमेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत	१
२.	बन्दी प्रत्यक्षीकरण	दीपक भन्ने रघुनाथ यादव वि. कारागार कार्यालय, वीरगन्ज, पर्सासमेत	२
३.	जबरजस्ती करणी	नेपाल सरकार वि. आशिष नेपाली भन्ने आशिष सार्कीसमेत	३
४.	बन्दी प्रत्यक्षीकरण	पदमबहादुर भुजेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	५
५.	उत्प्रेषण / परमादेश	उषाकिरण यादव वि. भूमिसुधार कार्यालय, धनुषासमेत	६
६.	उत्प्रेषण	अंजनीकुमार सिंहसमेत वि. उच्च अदालत जनकपुरसमेत	७
इजलास नं. १			**८ – १३**
७.	जग्गाधनी प्रमाण पुर्जा दिलाई तमसुकसमेत बदर	अन्फादेवी भट्ट वि. प्रताप चन्दसमेत	६
८.	नापीनक्सा बदर जग्गाधनी प्रमाण पुर्जा बदर गरी हक कायम	अन्फादेवी भट्ट वि. प्रताप चन्दसमेत	९
९.	लागु औषध (चरेस)	नेपाल सरकार वि. राजु भन्ने चन्द्रबहादुर न्यौपानेसमेत	११
१०.	रहजनी चोरी	नेपाल सरकार वि. राजन यादवसमेत	१२
११.	जबरजस्ती करणी उद्योग	भेषराज भन्ने मेखबहादुर खत्री वि. नेपाल सरकार	१२
इजलास नं. २			**१३ – १७**
१२.	गौवध	राजु भन्ने गुणाखर परियारसमेत वि. नेपाल सरकार	१३
१३.	कर्तव्य ज्यान	तिर्थ तामाङ वि. नेपाल सरकार	१४
१४.	वैदेशिक रोजगार	नेपाल सरकार वि. श्याम कुँवरसमेत	१५
१५.	निषेधाज्ञा	भीमसेन पुरी वि. जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुरसमेत	१६
इजलास नं. ३			**१७ – ३०**
१६.	हक कायम नामसारी जग्गा दर्तासमेत	मंगलदेवी शाक्यसमेत वि. प्रेमकृष्ण ताम्राकार	१७

१७.	दूषित निर्णय दर्ता बदर दर्ता हक कायम	सुदिप शाहीसमेत वि. अष्टलक्ष्मी बज्राचार्यसमेत	१८
१८.	कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग	राजु डंगोल वि. नेपाल सरकार	१९
१९.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. सुमित्रा मानन्धर	२१
२०.	सेयर लगत बदरसमेत	जमिरिया देवी कुर्मिनी वि. जमिरिया एन्ड सावित्री कन्या स्कुल प्रा.लि. समेत	२२
२१.	दूषित अंश भरपाई बदर	चम्पादेवी कर्माचार्यसमेत वि. सुभद्रा कर्माचार्य	२४
२२.	उत्प्रेषण	डबलकुमारी पण्डित वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालसमेत	२५
२३.	घुस रिसवत लिई भ्रष्टाचार गरेको	नेपाल सरकार वि. शिवकुमार यादव	२७
इजलास नं. ४			३० – ३७
२४.	सवारी ज्यान	नेपाल सरकार वि. गोपाल अम्गाई	३०
२५.	दोहोरो दर्ता बदर	अमिका अहिर यादवसमेत वि. रामवृक्ष अहिरसमेत	३०
२६.	हातहतियार खरखजाना	नेपाल सरकार वि. हर्के भन्ने रोहन थापासमेत	३२

२७.	मोही दर्ता नामसारी	छुतहर पासमान वि. अशोक यादव	३२
२८.	बन्दी प्रत्यक्षीकरण	यादव थापाको हकमा कृष्ण तिमिल्सिना वि. काठमाडौं जिल्ला अदालतसमेत	३३
२९.	लागु औषध (ब्राउन सुगर)	रमेश चौधरी वि. नेपाल सरकार	३४
३०.	जालसाजी	धनवीर सिंगार वि. जीतबहादुर सिंगार	३४
३१.	उत्प्रेषण / परमादेश	अर्जुन श्रेष्ठ वि. काठमाडौं महानगरपालिका कार्यालय, बागदरबार	३५
३२.	उत्प्रेषण	प्रतापबहादुर श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत	३६
३३.	ठगी	चन्द्रिका मण्डल भनिने चन्द्रिका महतो वि. नेपाल सरकार	३६
इजलास नं. ५			३७ – ४३
३४.	उत्प्रेषण / परमादेश	सुवर्ण शाही (सेन) वि. जिल्ला शिक्षा कार्यालय रोल्पासमेत	३७
३५.	निषेधाज्ञा / परमादेश	खेलावन तेली वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत	३८
३६.	फैसला बदर	गोविन्दप्रसाद प्रधान वि. मिनीप्रसाद प्रधान	३९

३७.	नामसारी निर्णय बदर लिखत दर्ता बदर, अपुताली हक कायम	लक्ष्मी महत्तरा (ताम्राकार) वि. सीतादेवी पौडेल	३९
३८.	अंश दर्ता र सम्बन्ध विच्छेद	विदेशीप्रसाद यादव वि. गिरिजादेवी राउत	४०
३९.	कर्तव्य ज्यान	राजु नगरकोटी भन्ने राजु तामाङ वि. नेपाल सरकार	४१
इजलास नं. ६			४४ – ४८
४०.	मानव बेचबिखन तथा ओसारपसार	रामबहादुर खडका वि. नेपाल सरकार	४४
४१.	उत्प्रेषण / परमादेश	विश्राम रैदास वि. वडा प्रहरी कार्यालय, नेपालगन्जसमेत	४५
४२.	कर्तव्य ज्यान	तिलकबहादुर खड्का वि. नेपाल सरकार	४५
४३.	जग्गा खिचोला मेटाई घर भत्काई चलन चलाई पाऊँ	घोलर तेली वि. हारून मुसलमान	४७
इजलास नं. ७			४८ – ५४
४४.	उत्प्रेषण	साउन्ड रिक्र्युटमेन्ट प्रा.लि. वि. वैदेशिक रोजगार विभाग, बुद्धनगरसमेत	४८
४५.	अंश	लक्ष्मणप्रसाद यादव वि. दिपनारायण यादव	४९
४६.	उत्प्रेषण	प्राध्यापक डा.ऋषिप्रसाद शर्मा वि. त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को कार्यालय, कीर्तिपुरसमेत	५०
४७.	उत्प्रेषण	डा.राधेश्याम शिल्पकार वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत	५१
४८.	उत्प्रेषण / परमादेश	सूर्यबहादुर अधिकारीसमेत १०२ जना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	५२
४९.	सम्बन्ध विच्छेद अंश	निर्मला दमाई वि. छविबहादुर दमाई	५४
इजलास नं. ८			५४ – ५९
५०.	जग्गा खिचोला चलन	रामप्यारी कोइरीसमेत वि. असर्फि महतो कोइरीसमेत	५४
५१.	सवारी ज्यान	नेपाल सरकार वि. मिलन बमरेल भन्ने सोमबहादुर बमरेल	५५
५२.	उत्प्रेषण / परमादेश	चन्द्रप्रसाद भट्टसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	५७

५३.	उत्प्रेषण / प्रतिषेध	भिमबहादुर कार्की वि. काठमाडौं महानगरपालिका कार्यालयसमेत	५८
इजलास नं. ९			५९ – ६९
५४.	वैदेशिक रोजगार ठगी	बसन्तकुमार राई वि. नेपाल सरकार	५९
५५.	बन्दी प्रत्यक्षीकरण	इश्वरप्रसाद साह तेली वि. कारागार कार्यालय, डिल्लीबजारसमेत	६१
५६.	आवश्यक वस्तु संरक्षण	नेपाल सरकार वि. प्रेमबहादुर भण्डारीसमेत	६२
५७.	आयकर	ठुला कारदाता कार्यालय, हरिहरभवन वि. युनाइटेड स्पिरिट्स नेपाल प्रा. लि.	६४
५८.	उत्प्रेषण	खिमनिधि लोहनी वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत	६६
५९.	उत्प्रेषण	विरेन्द्रकुमार महतो वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत	६८
इजलास नं.१३			६९ - ७५
६०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. योगेश तामाङ	६९
६१.	उत्पेषण / परमादेश	RK भन्ने राजेन्द्रकुमार शाक्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सिंहदरबारसमेत	७०
६२.	जालसाजी	रासलाल साहसमेत वि. दुर्गादेवी यादवसमेत	७२
६३.	कर्तव्य ज्यान	प्रकाश गुरूङ वि. नेपाल सरकार	७३
एकल इजलास			७५ - ७६
६४.	परमादेश	पुण्यप्रसाद खतिवडासमेत वि. मुख्य रजिस्ट्रारको कार्यालय, सर्वोच्च अदालतसमेत	७५

संयुक्त इजलास

१

स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे, *०७४-WO-०१०९, उत्प्रेषण / परमादेश, जिङ्मा जाङ्वु शेर्पासमेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

नेपाल पर्वतारोहण सङ्घको मिति २०७४।४।२१ र २२ गते निर्वाचन भएको तथ्यमा विवाद छैन । मिति २०७४।४।२२ मा सङ्घमा दर्ता रहेका पर्वतारोही (बुक होल्डर) र पर्यटन मजदुरबाट ४ जना एवं संस्थागत सदस्यमध्ये १ जनाको निर्वाचन भएकोमा उक्त मिति २०७४।४।२२ को निर्वाचन सम्बन्धमा निवेदकहरूले विवाद गरेको देखिएन । मिति २०७४।४।२१ मा भएको १५ जना पदाधिकारी तथा केन्द्रीय कार्य समितिका सदस्यहरूको निर्वाचन सम्बन्धमा निवेदकहरूले विवाद उठाएको देखियो । मिति २०७४।४।२१ मा भएको निर्वाचनमा नक्कली मतदाता र विदेशमा भएका मतदाताको नामको परिचयपत्र मिलेमतोमा गैरसदस्यलाई वितरण गरेको कारण बदर हुनुपर्ने भनी निवेदकहरूले विपक्षी जिल्ला प्रशासन कार्यालयमा उजुर गरेको देखिन्छ । निवेदकहरूको तर्फबाट त्यसरी विपक्षी जिल्ला प्रशासन कार्यालयमा उजुर परेपछि विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंले सोही कार्यालयका कानून अधिकृत पारसमणी पोखरेलको संयोजकत्वमा ४ सदस्यीय छानबिन समिति गठन गरेको देखिने ।

जिल्ला प्रशासन कार्यालयबाट गठित छानबिन समितिले स्वतन्त्र पर्यवेक्षक र उम्मेदवारका प्रतिनिधिसमेतको बयान लिएर आवश्यक सबै सूचना लिई निष्पक्ष रूपमा निर्वाचन सम्पन्न भएको भन्ने बेहोराको प्रतिवेदन बुझाएको देखिन्छ । उक्त छानबिन समिति गठनका विषयमा तत्काल विवाद नगरी समितिले छानबिन गरी प्रतिवेदन बुझाएपश्चात् आफ्नो पक्षमा प्रतिवेदन नआएपछि मात्र छानबिन समिति गठनबारे पनि प्रश्न उठाएको देखिएकोले निवेदकहरूले प्रस्तुत निवेदन स्वच्छ हृदय लिई दायर गरेको देखिएन। जिल्ला प्रशासन कार्यालयबाट गठित छानबिन समितिले छानबिन गरी दिएको प्रतिवेदन अध्ययन गर्दा मतदान स्थलमा विजयी हुने पक्षका र निवेदकहरू पक्षका प्रतिनिधिहरू रहेको भन्ने देखिन्छ । यसरी निर्वाचनमा सहभागी उम्मेदवारका प्रतिनिधिसमेत राखी विधिपूर्वक निर्वाचन सम्पन्न भएर मत परिणाम आउँदा पदाधिकारीमा अध्यक्ष पदका प्रत्यासी जिङवा जिङवु शेर्पा सन्तबिर लामाको भन्दा ६७ मत कम, द्वितीय उपाध्यक्ष पदको प्रत्यासी निवेदक ङिमी शेर्पा माया शेर्पाको भन्दा ८६ मत कम, सचिव पदमा निवेदक फुपू छेवाङ शेर्पा टिकाराम गुरूङको भन्दा २९ मत कम, कोषाध्यक्ष पदमा निवेदक बिमल नहर्की सुदर्शन न्यौपानेको भन्दा १२ मत कम र निजहरूका समूहबाट सदस्य पदमा उम्मेदवार भएका निवेदकहरू पनि कम मत प्राप्त गरी निर्वाचन परिणामबाट पराजय भएपछि निवेदक जिङवा जाङबु शेर्पासमेतले निर्वाचन कानूनविपरीत भएको भनी प्रश्न उठाएको देखिन्छ । निवेदकहरूले जिल्ला प्रशासन कार्यालयमा गरेको उजुरीमा २२ जना मतदाताको नाममा अन्य व्यक्तिले मतदान गरेको भनी उल्लेख गरेको भए पनि ती को को व्यक्तिले को कसको नामबाट मतदात गरे भन्ने कुरा निवेदकहरूले देखाउन सकेको नदेखिँदा निवेदककै उजुरी परी छानबिनका लागि गठन भएको समितिले छानबिन गरी दिएको प्रतिवेदनको आधारमा जिल्ला प्रशासन कार्यालयले मिति २०७४।५।२ मा गरेको निर्णयलाई अन्यथा भन्न मिल्ने नदेखिने ।

विपक्षीहरूको लिखित जवाफमा निवेदकहरू सुरूदेखि नै अन्तिमसम्मको कार्यक्रममा सहभागी भएर पनि हाल विवाद गरेको भन्ने उल्लेख भएको

देखिन्छ। निवेदकहरूले आफूहरू निर्वाचनमा सहभागी नभएको भन्न सकेको देखिँदैन। निर्वाचनको सुरूदेखि अन्तिम चरणसम्म सक्रियतापूर्वक सहभागी भएका निवेदकसमेतका प्रतिनिधि राजेन्द्र सुवेदी रोहवरमा बसेको देखिन्छ । निर्वाचन स्वतन्त्रपूर्वक नभएको भए प्रतिनिधिहरूले तत्काल निर्वाचन आयोगसमक्ष लिखित उजुरी दिन सक्ने अवस्थाको विद्यमानता पनि भएको देखिन्छ । दिनभरी शान्तिपूर्वक रूपमा निर्वाचनमा सहभागी भएर मत परिणाम आउँदा धेरै मतको मतान्तरले निवेदकहरू पराजित भएपश्चात्को विवादमा निवेदकहरूको संवैधानिक र कानूनी हकमा आघात पुगेको भन्न मिल्ने नदेखिँदा विपक्षी जिल्ला प्रशासन कार्यालयको मिति २०७४।५।२ को निर्णय बदर गर्नुपर्ने दखिन आएन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७५ साल कार्तिक २९ गते रोज ५ शुभम्।

२

स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री सारदाप्रसाद घिमिरे, *०७४-WH-००६१, बन्दीप्रत्यक्षीकरण, दीपक भन्ने रघुनाथ यादव वि. कारागार कार्यालय, वीरगन्ज, पर्सासमेत*

निवेदक दीपक भन्ने रघुनाथ यादवलाई अपहरण तथा शरीर बन्धक मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०६९।२।२ को फैसलाअनुसार ४ वर्ष कैद र रू. २५,०००।- जरिवाना हुने ठहरी भएको फैसला अन्तिम भइरहेको र सो अवधिमा निज थुनामा रहेको नदेखिई कैद नबस्दैको अवस्थामा पुनः आगलागी मुद्दामा मिति २०७३।९।१३ मा धनुषा जिल्ला अदालतबाट ४ वर्ष कैद हुने ठहरी कैदमा बसेको देखिने।

प्रतिवादी रघुनाथ यादवसमेत भएको २०६५ सालको स.फौ.नं. २२९ को अपहरण तथा शरीर बन्धक मुद्दामा प्रतिवादीलाई ४ वर्ष कैद र रू. २५,०००।- जरिवाना हुने ठहरी धनुषा जिल्ला अदालतबाट मिति २०६९।२।२ गते फैसला भएकोमा उक्त फैसला अन्तिम भएर रहेको देखियो। उक्त मुद्दाको पुपर्क्षको क्रममा यी प्रतिवादी धरौटी राखी तारेखमा रहेकोमा फैसलाअनुसार कैदमा बसेको र जरिवाना तिरेको कागज प्रमाण निवेदकले पेस गर्न सकेको नदेखिने।

प्रतिवादी दीपक भन्ने रघुनाथ यादव मिति २०७०।९।१० मा आगो लगाएको वारदातमा मिति २०७०।९।२९ मा पक्राउ परी थुनामा रहिरहेको र निजउपर चलेको ०७०-CR-०११२ नं. को आगो लगाएको मुद्दामा निज प्रतिवादीलाई ४ वर्ष कैद सजायसमेत हुने ठहरी मिति २०७३।९।१३ मा धनुषा जिल्ला अदालतबाट फैसला भई उक्त मुद्दाको फैसलाअनुसार २०७४।९।६ सम्म थुनामा बसेको देखियो । मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को अन्तिम वाक्यांशले फैसला भइसकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्था वा थुना कैदबाट छुटेको वा भागेको अवस्थामा अर्को कसुर गरेकोमा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नुपर्छ भन्ने कानूनी व्यवस्था भएको र प्रतिवादीको हकमा उल्लिखित कानूनी व्यवस्थाअनुसारको अवस्थाको विद्यमानता रहेको देखिँदा निवेदकको निवेदन मागबमोजिम कैद खाप्न मिल्ने देखिएन भनी जिल्ला अदालतबाट आदेश भएको देखियो । तत्पश्चात् उक्त अदालतबाट प्रतिवादीको नाउँको कैदीपुर्जी कारागार कार्यालय पर्सा वीरगन्जमा पठाएको देखिने।

जिल्ला अदालतको आदेशउपर निवेदकले अ.वं. १७ नं. बमोजिम उच्च अदालत जनकपुरमा दायर गरेको निवेदनमा "ऐजन ४१ नं. को कानूनी व्यवस्थाअनुसार फैसला भइसकेपछि कैदमा नबस्दैको अवस्थामा अर्को कसुर गरेकोमा सो कसुरबापत कानूनबमोजिम कैद ठेक्नुपर्छ भन्ने आदेश भएको देखिन्छ । निवेदक दीपक भन्ने रघुनाथ यादवलाई

अपहरण तथा शरीर बन्धक मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०६९।२।२ को फैसलाअनुसार ४ वर्ष कैद र रू. २५०००।- जरिवाना हुने ठहरी फैसला अन्तिम भइरहेको र सो अवधिमा निज थुनामा रहेको नदेखिई कैदमा नबस्दैको अवस्थामा पुनः आगलागी मुद्दामा मिति २०७३।९।१३ मा धनुषा जिल्ला अदालतबाट ४ वर्ष कैद हुने ठहरी कैदमा बसेको देखिन्छ । उपयुक्त तथ्यगत अवस्था र दण्ड सजायको ४१ नं. को कानूनी व्यवस्थाको आधार लिई धनुषा जिल्ला अदालतबाट निवेदकको निवेदन मागबमोजिम कैद खाप्न मिल्ने देखिएन भनी मिति २०७४।९।१४ गते आदेश भएकोसमेत देखिने ।

यी प्रतिवादीउपर २०६५ सालमा अपहरण तथा शरीर बन्धक मुद्दा चली ४ वर्ष कैद र रू. २५०००।- जरिवाना हुने गरी फैसला भई सो फैसलाउपर पुनरावेदन परी मिति २०६९।२।२ मा अन्तिम फैसला भएको देखिन्छ । उक्त मुद्दामा निज प्रतिवादी पुर्पक्षका लागि थुनामा नबसी धरौटीमा छुटी रहेको देखिन्छ । थुनामा नै नरहेको अवस्थामा पुनः २०७०।९।१० मा भएको आगो लगाएको वारदातमा निज मिति २०७०।९।२९ मा पक्राउ परी सो मितिदेखि थुनामा रहेको देखियो । उक्त आगलागी मुद्दामा बसेको कैद र अघिल्लो अपहरण तथा शरीर बन्धक मुद्दामा भएको कैदलाई खापी एउटा मात्र सजायमा कैद गरिपाउँ भन्ने जिकिरतर्फ हेर्दा साबिक मुलुकी ऐनको दण्ड सजायको महलको ४१ नं. मा भएको उल्लिखित प्रावधानबमोजिम निवेदकको अलगअलग मुद्दाको कैद खापी एउटा मात्र कैद बस्न पाउँ भन्ने जिकिर कानूनसङ्गत नदेखिने ।

अतः अपहरण तथा शरीर बन्धक मुद्दामा थुनाबाट छुटेको अवस्था रहेको साथै २०६९।२।२ मा कैद सजाय हुने भन्ने फैसला भएको देखिँदा सो फैसला पुनरावेदन तहबाट सदर भएको अवस्था रहेबाट दण्ड सजायको महलको ४१ नं. को अन्तिम वाक्यांशले निजलाई आगलागीको कसुर गरेबापत थप सजाय हुने अवस्था हुँदा दुवै कैद खापी कैदी पुर्जी दिने गरी भएको उच्च अदालत जनकपुरको आदेश मिलेकै देखिँदा उक्त आदेशलाई उत्प्रेषणको आदेशले बदर गरिरहनु परेन । निवेदन मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ज्ञानेन्द्र इटेनी
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७५ साल पौष २ गते रोज २ शुभम् ।

३

स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७४-CR-१५३८, जबरजस्ती करणी, नेपाल सरकार वि. आशिष नेपाली भन्ने आशिष सार्कीसमेत*

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा No any fresh injury or laceration in the hymen, Hymen not intact, No active bleeding भन्ने, शरीरको अन्य अवस्था सम्बन्धमा No any injury or scratch marks noted on face, breast, back, abdomen, thighs and vulva भन्ने, प्रत्यर्थी प्रतिवादी आशिष नेपाली, विदुर सुनार, लक्ष्मण नेपाली, नवराज ढुंगाना, सरोज सुनार, दीपक परियार र सुमन गुरूङको स्वास्थ्यय परीक्षण प्रतिवेदनमा No discharge seen from penis, No any wounds seen near penis, no discharge found on clothes / body भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । त्यसैगरी प्रत्यर्थी प्रतिवादी सुशील वि.क.को स्वास्थ्य परीक्षण प्रतिवेदनमा No any struggle mark, injuries, No any stain on under wear, abrasions; spermatozoa not seen भन्ने बेहोरा उल्लेख भएको देखिने ।

पीडित परिवर्तित नाम पोखरा १९ ले अधिकारप्राप्त अधिकारीसमक्ष आफूलाई प्रत्यर्थी

प्रतिवादी ८ जनाले जबरजस्ती करणी गरेको उल्लेख गरेको भए पनि अदालतमा मौकाको बेहोरा समर्थन नगरी ३ जनाले जङ्गलमा लगी जबरजस्ती करणी गरेका हुन् भनी लेखाएको कुरा निजको बकपत्रको सवाल जवाफ ११ बाट देखिन्छ । पीडित पोखरा १९ ले बकपत्रमा तीनजना भनेकामध्ये प्रत्यर्थी प्रतिवादी आशिष नेपाली भन्ने आशिष सार्कीको नाम पनि पोल गरेको भए पनि पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट करणी भएको तथ्यको पुष्ट्याई शङ्कारहित तवरबाट भएको नपाइने।

जाहेरीमा पीडित मिति २०७२।६।२१ गते फेला परेकी भनिए पनि पीडितले आफू परिवारमा २० गते नै पुगेको भनेर बकपत्र गरेको देखिँदा मिति २०७२।६।२१ गते पीडित फेला परेको भन्ने कुरा विश्वसनीय देखिएन । यसरी जाहेरी बेहोरा समर्थन गरी पीडित आफैँले बकपत्र गर्न नसकी प्रतिवादीसँग होटलमा बसेको र होटलमा बस्दा पनि प्रतिवादीले करणी गरेनन् भनी गरेको बकपत्रले पीडित पोखरा करणीको कारण पीडित भएको नदेखिँदासमेतका आधार र कारणबाट प्रतिवादी सुशील वि.क.लाई सफाइ दिएको उच्च अदालत पोखराको फैसला अन्यथा नदेखिने।

प्रतिवादीहरू लक्ष्मण नेपाली, सरोज सुनार, दीपक परियार, विदुर सुनार, सुमन गुरूङ र नवराज ढुंगानाको हकमा विचार गर्दा प्रत्यर्थी प्रतिवादीहरू सहप्रतिवादी आशिष नेपाली भन्ने आशिष सार्कीले मिति २०७२।६।१६ गते बरालडाँडा स्थित घाँसे चौरको झाडीमा पीडित पोखरा १९ लाई ललाई फकाई पुऱ्याएपछि पीडितलाई जबरजस्ती करणी गर्न बोलाएअनुसार प्रत्यर्थी प्रतिवादीहरू वारदातस्थलमा गएर रातभर पीडित पोखरा १९ लाई पालैपालो जबरजस्ती करणी गरेको हुँदा निजहरूलाई कानूनबमोजिम सजाय गरी पाउन मागदाबी लिई अभियोग मागदाबी लिएको सम्बन्धमा विचार गर्दा मुख्य रूपमा प्रत्यर्थी प्रतिवादीहरूलाई सहप्रतिवादी आशिष नेपाली भन्ने आशिष सार्कीले बोलाएकाले गएका हुन् भन्ने देखिन्छ । प्रत्यर्थी प्रतिवादी आशिष सार्कीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान हेर्दा आफूले प्रत्यर्थी प्रतिवादीलाई बोलाएको हो, तर उनीहरू घटनास्थलमा आएनन् भन्ने उल्लेख भएको छ । त्यसैगरी सहप्रतिवादी सुशील वि.क. को मौकाको बयानमा पनि आशिष सार्कीले बोलाएको तर निजहरू नआएको भन्ने कुरा नै देखिन्छ । प्रत्यर्थी प्रतिवादीहरू अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा इन्कारी रहेको देखिन्छ। यसरी प्रत्यर्थी प्रतिवादीउपर अभियोग पत्र र पुनरावेदन पत्रमा आरोपित कसुरमा सजाय गर्न माग भएको भए पनि प्रत्यर्थी प्रतिवादीले आरोपित कसुर गरेको प्रमाण पुनरावेदक वादी नेपाल सरकारले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम पुऱ्याउन सकेको नदेखिने।

कुनै व्यक्तिउपर आरोपित कसुर गरेको दाबी लिनु मात्र पर्याप्त हुँदैन। त्यो आरोप प्रमाणले विश्वसनीय रूपबाट समर्थित गर्नु पनि दाबी लिनेको कानूनी कर्तव्य हुन्छ। प्रत्यर्थी प्रतिवादी लक्ष्मण नेपाली, सरोज सुनार, दीपक परियार, विदुर सुनार, सुमन गुरूङ र नवराज ढुंगानाले पीडित पोखरा १९ लाई मिति २०७२।६।१६ गते जबरजस्ती करणी गरेको तथ्य प्रमाणित गर्न सकेको देखिँदैन । प्रतिवादीहरू आरोपित कसुरमा अधिकारप्राप्त अधिकारी र अदालतमा इन्कारी रहेका छन्। यस्तो अवस्थामा लक्ष्मण नेपाली, सरोज सुनार, दीपक परियार, विदुर सुनार, सुमन गुरूङ र नवराज ढुंगानालाई सजाय गर्न मिल्ने नदेखिने।

पुनरावेदक वादी नेपाल सरकारले पीडित पोखरा १९ को वारदात भएको ६ दिनपछि मिति २०७२।६।२२ मा मात्र स्वास्थ्य परीक्षण भएको कारण जबरजस्ती करणीको लक्षण देखा नपरेको हो, प्रत्यर्थी पीडितले आफूउपर प्रत्यर्थी प्रतिवादी आशिष नेपाली भन्ने आशिष सार्की र सुशील वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले जबरजस्ती करणी गरेको

भनी लेखाएको अवस्थामा ढिलो गरी जाँच भएको स्वास्थ्य परीक्षण भएको आधारमा आरोपित व्यक्तिलाई सफाइ दिन नमिल्ने भनी जिकिर लिएको देखिने।

जबरजस्ती करणीको वारदात हुन पीडितको शरीरमा कुनै न कुनै प्रकारको घाउ खत चोट पटक लागेको पनि देखिनुपर्ने हुन्छ । यस मुद्दाकी पीडित पोखरा १९ को छाती, स्तन, पेट र पिठ्युँसमेतमा कुनै प्रकारको चोट पटकको चिह्न भएको देखिँदैन । वीर्य पनि फेला परेको देखिँदैन । जबरजस्ती करणी भएर प्रत्यर्थी प्रतिवादीले वीर्य स्खलन गरेको भए त्यो वीर्य कसरी सफा गरियो भन्ने कुरा पनि खुल्न सकेको देखिँदैन। पीडितको छाती सामान्य, पेट नरम, पेटभित्र चोट पटक नलागेको र योनिमा कुनै नयाँ घाउ चोट नपाइएको भन्ने बेहोराको प्रतिवेदन दिने विशेषज्ञ डा. ले अदालतमा प्रतिवेदन बेहोरा समर्थन गरी बकपत्र गरेको देखिन्छ । ६ दिनमा नै घाउ चोट निको भइसक्ने अवस्था पनि हुँदैन । १८ गतेदेखि होटलमा बसेको अवस्थाले पुनरावेदन जिकिर समर्थन हुन सक्दैन । तसर्थ, घटना भएको भनिएको ६ दिनपछि स्वास्थ्य परीक्षण गरेको कारण करणी भएको लक्षण नपाइएको भन्ने वादी नेपाल सरकारको जिकिरसँग सहमत हुन नसकिने।

पीडितको भनाइलाई मुख्य प्रमाण मानी प्रतिवादीहरूलाई दोषी ठहर गर्नु पर्दछ भन्ने पुनरावेदक वादी नेपाल सरकारको जिकिर रहेतर्फ विचार गर्दा जबरजस्ती करणीको कसुरमा पीडितको भनाइलाई महत्त्वपूर्ण प्रमाणको रूपमा लिइनुपर्ने कुरामा विवाद छैन। तर पीडितको भनाइ शंकायुक्त भएको पीडितको शारीरिक परीक्षणबाट वारदातको पुष्ट्याइँ भएको नपाइएको अवस्थामा सिर्फ पीडितको भनाइको आधारमा सजाय गर्नु न्यायसम्मत हुन सक्दैन । प्रतिवादीहरूलाई सजाय गर्न निजहरूउपर लागेको अभियोगको पुष्ट्याइँ तथ्यपरक रूपबाट हुनै पर्ने हुन्छ। अभियोग दाबी समष्टिगत प्रमाणबाट पुष्टि हुन नसकेको प्रस्तुत वारदातमा पीडितको बकपत्रको आधार लिई प्रतिवादीहरूलाई कसुरदार ठहर गर्नुपर्ने भन्ने पुनरावेदकको जिकिर न्यायसङ्गत नदेखिने।

अतः माथि गरिएको विवेचनासमेतको आधारमा सुरू अदालतको फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको उच्च अदालत पोखराको मिति २०७४।१।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७५ साल कार्तिक २५ गते रोज १ शुभम्।

४

स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७५-WH-००३९, बन्दीप्रत्यक्षीकरण, पदमबहादुर भुजेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

बन्दीप्रत्यक्षीकरणको आदेश मूलत: गैरकानूनी रूपमा बन्दी बनाएका व्यक्तिलाई थुनाबाट मुक्त गर्न जारी गरिने हुँदा यो प्रत्यक्षत: व्यक्तिको वैयक्तिक स्वतन्त्रता एवं मानव अधिकारको संरक्षणसँग सम्बन्धित रहेको हुन्छ । कानूनी शासन व्यवस्थामा कानूनबमोजिम बाहेक व्यक्तिका वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउन सकिँदैन । राज्यले नागरिकका वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउँदा सारवान् कानून र कार्यविधि कानूनले निर्दिष्ट गरेका कानूनी व्यवस्थाहरूको अक्षरश: पालना गर्नुपर्ने। निवेदिकालाइ थुनामा नै राखी अनुसन्धान गर्नुपर्नेसम्मको उचित एवं पर्याप्त आधार र कारण उल्लेख नगरी भएको उक्त म्याद थपसम्बन्धी कार्यहरू कानूनत: मिलेको नदेखिँदा यी निवेदिका हाल न्यायिक हिरासत (Judicial Custody) मा रहेको भनी मान्न मिल्ने अवस्था नदेखिने।

निवेदनमा उल्लिखित वारदातको सम्बन्धमा नेपाल कम्युनिष्ट पार्टीका प्रवक्ता तथा स्थायी समिति सदस्य खड्गबहादुर विश्वकर्मालाई पक्राउ गरी इलाका प्रहरी कार्यालय, दाङको हिरासतमा

राखेउपर यस अदालतमा दायर भएको ०७५-WH-००२८ को बन्दीप्रत्यक्षीकरण निवेदनमा सुनुवाइ हुँदा निज खड्गबहादुर विश्वकर्मा थुनामुक्त हुने भनी यस अदालतबाट मिति २०७५।०५।२९ गते आदेश भएको देखियो। सोही वारदातको सन्दर्भ र विषयलाई लिई निवेदिकालाई हाल पक्राउ गरेको अवस्था हुँदा समान अवस्था र पृष्ठभूमिका उल्लिखित खड्गबहादुर विश्वकर्मा थुनामुक्त हुने भनी यसै अदालतबाट आदेश जारी भएको स्थितिमा समान अवस्थाका यी निवेदिकाको हकमा समेत निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने नै देखिने।

स्वतन्त्र न्यायपालिका लोकतन्त्रको प्रमुख आधार हो । लोकतान्त्रिक शासन व्यवस्थामा अदालतको आदेशको परिपालना र सम्मान सम्बन्धित सबैले गर्नुपर्ने हुन्छ। यो लोकतन्त्रको मौलिक चरित्र पनि हो। कानूनको शासनको अवलम्बन राज्यका जिम्मेवार निकायहरूले गर्नुपर्नेमा अदालतबाट यिनै निवेदकका सम्बन्धमा ०७५-WH-००२४ र ०७५-WH-००२९ को बन्दीप्रत्यक्षीकरणको निवेदनमा सुनुवाइ भई गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी आदेश जारी भएको अवस्थामा पनि सो आदेशको सम्मान र परिपालना गर्ने दायित्व भएका जिम्मेवार निकायहरूबाट नै तत्काल थुनामुक्त नगरी विभिन्न कारण देखाई पटकपटक पक्राउ गरी भिन्न भिन्न स्थानमा घटेका विगतका वारदातको अनुसन्धानको नाउँमा निरन्तर आफ्नो कब्जामा राख्ने उद्देश्यले पुन: पक्राउ गरेको पाइँदा सो पक्राउ गर्ने कार्य फरक राजनीतिक दृष्टिकोण र पूर्वाग्रहका कारण प्रवृत्त भावनाबाट भए गरेको मान्नुपर्नेसम्मको अवस्था देखिन आउने।

अतः वस्तुनिष्ठ आधार र कारणविना निवेदिकालाई पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने कार्य सारवान् तथा कार्यविधि कानूनद्वारा निर्दिष्ट प्रक्रियाको अवलम्बन नगरी हिरासतमा राखेको देखिएको र सो हिरासतमा राख्ने कार्य प्रवृत्त भावनाबाट अभिप्रेरित भएको देखिँदा न्यायिक दृष्टिकोणबाट समेत औचित्यपूर्ण नभएकाले निवेदिका उमा भुजेलको हकमा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः ठाकुरप्रसाद खरेल
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७५ साल असोज ७ गते रोज १ शुभम्।

- यसमा यसै प्रकृतिको ०७५-WH-००४०, बन्दीप्रत्यक्षीकरण, सीमा के.सी. वि. गृह मन्त्रालय, सिंहदरबारसमेत भएको मुद्दाको आदेश यसै प्रकृतिको रहेको।

५

स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी., *०६९-WO-०८२४, उत्प्रेषण / परमादेश, उषाकिरण यादव वि. भूमिसुधार कार्यालय, धनुषासमेत*

प्रस्तुत विवादमा भूमिसुधार कार्यालय, धनुषाले निवेदिकाको नाममा जारी गरेको म्याद सूचना विपक्षीले मोही नामसारी गरिपाउँ भनी दिएको निवेदनमा उल्लेख भएको सिरहा जिल्ला सिरहा नगरपालिका वडा नं. ६ स्थित घर दैलोमा टाँस भएको देखिन्छ। उक्त टास भएको म्याद माथि उल्लिखित मुलुकी ऐन, अ.बं. ११० नं. सम्मत छ, छैन भन्ने सम्बन्धमा विचार गर्दा मिसिल संलग्न रहेको जग्गाधनी दर्ता स्रेस्तामा जग्गाधनीको नाम थर र वतन महलमा नाम उषाकिरण राय, सिराहा जिल्ला सिरहा प. सिरहा वडा नं. ६ उल्लेख भएको देखिन्छ। यी निवेदिका आफैँले मिति २०५८।१२।१९ मा भूमिसुधार कार्यालय धनुषामा मोही लगत कट्टा गरिपाउँ भनी दिएको निवेदनमा जग्गावालाको ठेगाना सिरहा जिल्ला सिरहा नगरपालिका वडा नं. ६ उल्लेख गरेको देखिन्छ । निवेदिकाकै नामको कि.नं. ३६९ को जग्गाको मोही शिवनारायण राय अमातले सो कार्यालयमा पेस गरेको लिखित जवाफको प्रमाणित प्रतिलिपिमा पनि निवेदिकाको ठेगाना सोही सिरहा जिल्ला सिरहा नगरपालिका वडा नं. ६ उल्लेख भएको

देखिने ।

निवेदिकाले मिति २०६९।८।१८ मा राजेन्द्र यादवलाई जग्गा राजीनामा गरिदिँदा पनि निवेदिकाको वतन सिरहा जिल्ला सिरहा नगरपालिका वडा नं. ६ नै उल्लेख भई राजीनामा पारित भएको देखिन्छ । निवेदिकाले भने उल्लिखित ठेगाना आफ्नो होइन, का.जि. कीर्तिपुर नगरपालिका वडा नं. ९ हो भनी जिकिर लिएको देखिन्छ । मिसिल संलग्न रहेका जग्गासँग सम्बन्धित जग्गाधनी पुर्जालगायतका कागजातमा निवेदिकाको ठेगाना सिरहा जिल्ला सिरहा नगरपालिका वडा नं. ६ उल्लेख भएको देखिन्छ । निवेदिकाले आफ्नो वतन परिवर्तन भएको जानकारी गरेको पनि देखिँदैन । निवेदिकाले आफ्नो ठेगाना परिवर्तन भएको जानकारी नदिएको अवस्थामा सिरहा जिल्ला, सिरहा नगरपालिका वडा नं. ६ होइन भन्नुले कुनै कानूनी मान्यता पाउन सक्ने हुँदैन । निवेदिका आफैँले भुमिसुधार कार्यालय, धनुषामा मोही लगत कट्टा गरी पाउन दिएको निवेदनमा सोही वतन उल्लेख गरेको छ । त्यस कुरालाई निवेदिकाले अन्यथा भन्न सकेको पनि देखिँदैन । आफैँले दिएको निवेदनमा नै आफूले आफ्नो ठेगाना होइन भनेको ठेगाना नै लेखेको देखिँदा निवेदिका सफाहात लिएर अदालत प्रवेश गरेको देखिएन । सफाहात लिएर अदालत प्रवेश नगर्ने पक्षलाई अदालतले सहयोग गर्न नसक्ने ।

निवेदिकाले भुमिसुधार कार्यालय धनुषाको मिति २०६६।३।९ को निर्णय यस अदालतबाट ने.का.प. २०५४, अङ्क ४, निर्णय नं. ६३५३ मा प्रतिपादित सिद्धान्तको विपरीत भनी जिकिर लिएको देखिन्छ । त्यस सम्बन्धमा विचार गर्दा त्यस प्रतिपादित सिद्धान्तमा एका वडामा रहेको जग्गाको अर्कै वडामा प्रकाशित अनुसूचीलाई मान्यता दिन नमिल्ने भन्ने उल्लेख भएको देखिन्छ । त्यसैगरी ने.का.प. २०५५, निर्णय नं. ६५५८ मा प्रतिपादित सिद्धान्त पनि यस विवादसँग असम्बन्धित देखिन्छ । किनभने उक्त सिद्धान्त गा.वि.स.को सिफारिसको आधारमा मोही हक कायम हुन सक्दैन भन्ने सम्बन्धमा प्रतिपादन भएको छ । तर यस विवादमा अनुसूची, लगत र गा.वि.स.को सिफारिस बदरको माग नभई भूमिसुधार कार्यालय, धनुषाले विपक्षी इन्द्रादेवी झाको नाममा मोहियानी हक प्रमाणपत्र बनाउने ठहर गरेको मिति २०६६।३।९ को निर्णय बदर भएको परिप्रेक्ष्यमा तथ्य फरक परेकाले उक्त प्रतिपादित सिद्धान्त यस रिट निवेदनमा आकर्षित हुने देखिएन । यसरी निवेदिकाले राजेन्द्र यादवलाई जग्गा राजीनामा गर्दाको पारित लिखत, जग्गाधनी दर्ता स्रेस्ता र निवेदिका आफैँले भूमिसुधार कार्यालय, धनुषामा दिएको निवेदनबाट निजको वतन सिरहा जिल्ला सिरहा नगरपालिका वडा नं. ६ भन्ने कुरा समर्थित भएको साथै सो ठेगानामा अ.वं. ११० नं. को रीत पुर्‍याई म्यादसमेत तामेल भइरहेको देखिँदा भूमिसुधार कार्यालयको मिति २०६६।९।३ को निर्णयमा त्रुटि देखिएन । तसर्थ रिट निवेदन जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७५ साल श्रावण २८ गते रोज २ शुभम् ।

६

स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री बमकुमार श्रेष्ठ, *०७४-WO-००२५, उत्प्रेषण, अंजनीकुमार सिंहसमेत वि. उच्च अदालत जनकपुरसमेत*

निवेदकले एउटै मुचुल्कामा उल्लेख भएकामध्ये केही बदर र केही सदर हुने हुँदैन भन्ने कुरालाई उजागर गरेको सम्बन्धमा विचार गर्दा मिसिल संलग्न रहेको मिति २०७३।९।२५ को बन्डा मुचुल्का हेर्दा कि.नं. ९८ मा ०-२-१४-२, कि.नं. ९६ र ९७ मा क्रमशः ०-२-१२-२ र ०-२-२-२ जग्गा भई कि.नं. ९८ को जग्गामा घर पनि भएको देखिन्छ । कि.नं. ९८ को जग्गा र घर बन्डा गरेको हकमा उच्च अदालत जनकपुरले सो हदसम्म बदर गरेको देखिन्छ । सो

आदेश सो हदसम्म बदर भएपछि अब कि.नं. ९६ र ९७ को हकमा बदर नभएको हकमा सम्म विचार गर्नुपर्ने देखियो। तदनुरूप कि.नं. ९६ र ९७ को हकमा बन्डा मुचुल्का बदर हुनुपर्ने हो, होइन भन्ने सम्बन्धमा विचार गर्दा एउटै मुचुल्कामा धेरै बेहोरा भई केही बेहोरा ठिक र केही बेहोरा बेठिक भए बेठिक जति बदर हुन सक्छ। ठिक जति सदर हुन्छ। सम्पूर्ण मुचुल्का बदर नगरी मुचुल्काको एक खण्ड मात्र बदर हुन सक्दैन भन्ने रिट निवेदकको जिकिर औचित्यपूर्ण र न्यायसम्मत मान्न सकिँदैन। त्यसमा पनि अर्को पक्ष महिला भएको देखिँदा कानूनको नजरमा औचित्यपूर्ण रहेको बन्डासमेत बदर गर्दै जाने हो भने महिला अझ पीडित हुन पुग्छन्। तसर्थ, कि.नं. ९६ र ९७ को हकमा भएको बन्डा मुचुल्का बदर नगर्ने गरी भएको उच्च अदालतको आदेश मिलेकै देखियो। बन्डा मुचुल्कामा कि.नं. ९८ को हकमा विचार गर्दा सो जग्गामा रहेको घर बन्डा लगाउँदा घरसमेतबाट पूर्वतर्फबाट ५ भागको १ भागलाई पुनः ३ भाग गरी सो ३ भागको १ भाग जग्गा र सोमा रहेको घर भन्ने उल्लेख भएको देखिने।

तर घर बन्डा गर्दा घरको प्रकृति, कोठा, चोटा र तलासमेत उल्लेख गरेको देखिँदैन। घर भएको स्थानमा घरको कुन भाग कुन अंशियारले पाउने भन्ने उल्लेख नहुँदा घर प्रयोग अन्यौल हुन्छ जान्छ। त्यसकारण उच्च अदालतले सो हदसम्म बन्डा मुचुल्का बदर गरेको भन्ने कुरा सोही आदेशमा पुनः रीतपूर्वक बन्डा गर्नु भनी गरेको आदेशले प्रस्ट पारेको छ। कि.नं. ९६ र ९७ मा जग्गा मात्र भएको देखिन्छ। ती जग्गामा क्षेत्रफल नखुले पनि तर्फ प्रस्ट रूपमा खुलेको छ। साथै बन्डा मुचुल्कामा फैसलामा उल्लेख भएअनुसार जग्गालाई ५ भाग लगाई त्यसबाट विपक्षी वादी अनामिका सिंहको श्रीमान् मनोजकुमार सिंहको १ भागको ३ भागबाट १ भाग वादीलाई अंश दिएको देखिन्छ। निवेदकहरूले क्षेत्रफल नखुलेको अवस्थामा फैसला कार्यान्वयन हुनै सक्दैन भन्ने जिकिर पनि गर्न सकेको देखिँदैन। यस्तो अवस्थामा उच्च अदालत जनकपुरले कि.नं. ९६ र ९७ को हकमा बन्डा मुचुल्का बदर नगर्दा निवेदकको संवैधानिक र कानूनी हकमा आघात पुगेको मान्न नमिल्ने।

तसर्थ, धनुषा जिल्ला अदालतले मिति २०७३।९।२५ गते तयार भएको बन्डा मुचुल्कामा समावेश भएकोमध्ये उच्च अदालत जनकपुरले कि.नं. ९८ को हकमा मात्र बदर हुने भनी मिति २०७४।२।१२ मा गरेको आदेशमा कुनै त्रुटि देखिएन। कानूनसम्मत भएको आदेश उत्प्रेषणको आदेशले बदर गर्न नमिल्ने हुँदासमेतका आधार र कारणबाट उच्च अदालत जनकपुरको मिति २०७४।२।१२ आदेश सो हदसम्म मिलेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७५ साल श्रावण २७ गते रोज १ शुभम्।

इजलास नं.१

१

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री डम्बरबहादुर शाही, *०६८-CI-११००, जग्गाधनी प्रमाण पुर्जा दिलाई तमसुकसमेत बदर, अन्फादेवी भट्ट वि. प्रताप चन्दसमेत*

नेपाल सरकारको अधिकारसम्पन्न निकायबाट प्रत्यर्थी / प्रतिवादी प्रतापबहादुर चन्दलाई दाबीको कि.नं. १०६५ को जग्गामा हक स्वामित्व प्रदान गरिएको आधारबाट उक्त जग्गामा निजको हक स्वामित्व हुन आई निजको नाममा दर्ता भएको दाबीको जग्गाको दर्ताको आधार दूषित भन्न मिल्ने देखिँदैन। तसर्थ; उक्त दर्ता बदर हुनसक्ने कानूनी आधार र कारण देखिन नआएकाले प्रस्तुत मुद्दामा प्रत्यर्थी / प्रतिवादी प्रतापबहादुर चन्दको नाममा दर्ता कायम रहेको दाबीको कि.नं. १०६५ को जग्गाको दर्ता बदर गरी सोमा पुनरावेदक / वादीको हक कायम हुने र

निजको नाममा दर्ता हुनसक्ने नदेखिने ।

वादी दाबीको कि.नं. १०६५ को जग्गामा विधिवत्‌रूपमा प्रत्यर्थी / प्रतिवादी प्रतापबहादुर चन्दको हक, भोग र दर्ता रहेको आधारबाट उक्त जग्गा धितो राखी निजले कृषि विकास बैंक; श्रीपुर बेलौरी शाखाबाट ऋण लिई आफ्नो घर व्यवहार चलाउन पाउने नै देखिएको र उक्त जग्गामा अब वादीको हक लाग्ने कुनै आधार नदेखिएकाले सो जग्गाको सम्बन्धमा फिराद गर्ने वादीको हकदैयासमेतको अभाव देखी उक्त मुद्दामा वादीको फिराद खारेज गर्ने गरी गरेको सुरू अदालतको फैसलालाई बदर गर्ने गरी पुनरावेदन अदालत महेन्द्रनगरबाट फैसला हुँदा उक्तबमोजिम फिराद खारेज गरेपछि उक्त मुद्दामा पुनः फैसला गर्न उक्त मिसिल सुरू अदालतमा पठाउनुपर्नेमा सोबमोजिम नगरी उक्त मुद्दामा तथ्यमा प्रवेश गरी वादी दाबी नपुग्ने भनी पुनरावेदन अदालत महेन्द्रनगरबाट नै फैसला भएको देखिन्छ । यस्तोमा पुनरावेदन अदालतले यसरी तथ्यमा प्रवेश गरी आफैँले फैसला गर्न नपाउनेमा पुनरावेदन अदालत महेन्द्रनगरबाट यस्तो प्रकृतिले फैसला भएकाले उक्त फैसला कार्यविधि कानूनको प्रतिकूल रहेको छ भनी पुनरावेदकले जिकिर लिएको देखिन्छ । उक्त जिकिरको सन्दर्भमा विचार गर्दा; तत्काल प्रचलित न्याय प्रशासन ऐन, २०४८ को दफा १४ मा **पुनरावेदन सुन्ने र साधक जाँच्ने अदालतको अधिकारमा (क) तल्लो अदालत, निकाय वा अधिकारीको निर्णय सदर, उल्टी वा केही उल्टी गर्ने, (ख) तल्लो अदालत, निकाय वा अधिकारीले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने**समेतका प्रावधानहरू उल्लेख रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाबाट प्रस्तुत मुद्दामा वादीको फिराद खारेज गर्ने गरी गरेको सुरू फैसला उल्टी गरे पनि तथ्यमा प्रवेश गरी वादी दाबी पुग्ने वा नपुग्ने सम्बन्धमा निर्णय गर्न पुनरावेदन अदालत महेन्द्रनगरको अधिकार रहे भएकै देखिन्छ । तसर्थ; उक्त अधिकारको प्रयोग गरी प्रस्तुत मुद्दामा तथ्यमा प्रवेश गरी वादी दाबी पुग्न नसक्ने भनी पुनरावेदन अदालत महेन्द्रनगरबाट भएको उक्त फैसला मिलेकै देखिन आउने ।

प्रस्तुत मुद्दामा फिराद गर्ने वादी अन्फादेवी भट्टको हकदैया नपुग्ने भनी वादीको फिराद खारेज गर्ने गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसलालाई उल्टी गरी प्रस्तुत मुद्दामा वादी दाबी पुग्न नसक्ने भनी गरेको पुनरावेदन अदालत महेन्द्रनगरको फैसला माथिका प्रकरणहरूमा भएको विश्लेषणको निष्कर्षको आधारमा मनासिब नै देखिन आयो । तसर्थ प्रस्तुत मुद्दामा प्रत्यर्थी / प्रतिवादी प्रतापबहादुर चन्दका नाममा दर्ता रहेको दाबीको कि.नं. १०६५ को क्षेत्रफल ०,१८२२.५० व.मि. जग्गाको दूषित दर्ता बदर गरी उक्त जग्गामा आफ्नो हक कायम गरी दर्ता गरिपाउँ भन्नेसमेतको वादीको दाबी पुग्न नसक्ने देखिएकाले सोबमोजिम गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसमेत पुग्न सक्ने नदेखिने ।

अतः उल्लिखित आधार, कारण र प्रमाणहरूबाट प्रस्तुत मुद्दामा वादीको फिराद दाबी खारेज गर्ने गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६७।१२।२८ को फैसलालाई उल्टी गरी प्रस्तुत मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६८।७।१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : प्रदीपकुमार उपाध्याय

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल पुस १३ गते रोज ६ शुभम् ।

२

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री डम्बरबहादुर शाही, *०६८-CI-११०१, नापीनक्सा बदर जग्गाधनी प्रमाण पुर्जा बदर गरी हक कायम, अन्फादेवी भट्ट वि. प्रताप चन्दसमेत*

सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला कार्य समिति; कञ्चनपुरबाट प्रत्यर्थी / प्रतिवादी

प्रतापबहादुर चन्दलाई प्रदान गरिएको साबिक कि.नं. ३१७ तथा हाल कायम कि.नं. ३३२५ को जग्गामा सोही मितिदेखि नै निजको हक हुन आई जग्गा निजले भोगचलन गर्ने सिलसिलामा कृषि विकास बैङ्क, श्रीपुर बेलौरी शाखामा धितो राखी त्यहाँबाट रू.१,५०,०००।- ऋण लिएकाले उक्त जग्गा उक्त बैङ्कको धितोको रूपमा मालपोत कार्यालय, कञ्चनपुर, महेन्द्रनगरमा रोक्का रहेको देखिन्छ । यसबाट प्रत्यर्थी / प्रतिवादी प्रतापबहादुर चन्दले आफ्नो हक / स्वामित्वको उक्त अचल सम्पत्ति कानूनबमोजिम भोगचलन गरिरहेको देखिने।

यसरी नेपाल सरकारको अधिकारसम्पन्न निकायबाट प्रत्यर्थी / प्रतिवादी प्रतापबहादुर चन्दलाई वादी दाबीको साबिक कि.नं.३१७ तथा हाल कायम कि.नं. ३३२५ को जग्गामा हक स्वामित्व प्रदान गरिएको आधारबाट उक्त जग्गामा निजको हक स्वामित्व स्थापित हुन आई निजको नाममा दर्ता भएको उक्त जग्गाको दर्ताको आधार दूषित भन्न मिल्ने देखिँदैन । साथै; बलदेव भट्टको नामबाट कि.नं.३१७ को क्षे.वि. ०-४-६ जग्गा खोला भनी लगत कट्टा गर्ने निर्णयउपर निज बलदेव भट्टको तर्फबाट यथासमयमा साधिकार निकायमा कुनै उजुर परेको भन्ने निजको प्रतिउत्तर-पत्रसमेतबाट खुलेको नदेखिँदा उक्त निर्णयमा निजले चित्त बुझाई बसेकै देखिन्छ । यसर्थ; बलदेव भट्टले उचित ठानी स्वीकार गरी बसेको उक्त विषयमा हाल आएर पुनरावेदक / वादीसमेतले प्रश्न उठाउन मिल्ने देखिँदैन । तसर्थ, प्रत्यर्थी / प्रतिवादी प्रतापबहादुर चन्दको नाउँको दाबीको साबिक कि.नं.३१७ तथा हाल कायम कि.नं. ३३२५ को जग्गाको दर्ता बदर हुनसक्ने कानूनी आधार र कारण देखिन नआएकाले प्रस्तुत मुद्दामा प्रत्यर्थी / प्रतिवादी प्रतापबहादुर चन्दको नाममा दर्ता कायम रहेको उक्त जग्गाको वादी दाबीबमोजिम दर्ता बदरसमेत गरी सोमा पुनरावेदक / वादीको हक कायम हुने र निजको नाममा दर्तासमेत हुनसक्ने नदेखिने।

वादी दाबीको साबिक कि.नं. ३१७ तथा हाल कायम कि.नं. ३३२५ को जग्गामा विधिवत्‌रूपमा प्रत्यर्थी / प्रतिवादी प्रतापबहादुर चन्दको हक, भोग र दर्ता रहेको आधारबाट उक्त जग्गा धितो राखी निजले कृषि विकास बैङ्क, श्रीपुर बेलौरी शाखाबाट ऋण लिई आफ्नो घर व्यवहार चलाउन पाउने नै देखिएको र उक्त जग्गामा अब वादीको हक लाग्ने कुनै आधार नदेखिएकाले सो जग्गाको सम्बन्धमा फिराद गर्ने वादीको हकदैयासमेतको अभाव देखी उक्त मुद्दामा वादीको फिराद खारेज गर्ने गरी गरेको सुरू अदालतको फैसलालाई बदर गर्ने गरी पुनरावेदन अदालत महेन्द्रनगरबाट फैसला हुँदा उक्तबमोजिम फिराद खारेज गरेपछि उक्त मुद्दामा पुनः फैसला गर्न उक्त मिसिल सुरू अदालतमा पठाउनुपर्नेमा सोबमोजिम नगरी उक्त मुद्दामा तथ्यमा प्रवेश गरी वादी दाबी नपुग्ने भनी पुनरावेदन अदालत महेन्द्रनगरबाट नै फैसला भएको देखिन्छ। यस्तोमा पुनरावेदन अदालतले यसरी तथ्यमा प्रवेश गरी आफैँले फैसला गर्न नपाउनेमा पुनरावेदन अदालत महेन्द्रनगरबाट यस्तो प्रकृतिले फैसला भएकाले उक्त फैसला कार्यविधि कानूनको प्रतिकूल रहेको छ भनी पुनरावेदकले जिकिर लिएको देखिन्छ । उक्त जिकिरको सन्दर्भमा विचार गर्दा; तत्काल प्रचलित न्याय प्रशासन ऐन, २०४८ को दफा १४ मा भएको कानूनी व्यवस्थाबाट प्रस्तुत मुद्दामा वादीको फिराद खारेज गर्ने गरी गरेको सुरू फैसला उल्टी गरे पनि तथ्यमा प्रवेश गरी सबुत प्रमाण बुझी वादी दाबी पुग्ने वा नपुग्ने सम्बन्धमा निर्णय गर्न पुनरावेदन अदालत महेन्द्रनगरको अधिकार रहे भएकै देखिन्छ। तसर्थ; उक्त अधिकारको प्रयोग गरी प्रस्तुत मुद्दामा तथ्यमा प्रवेश गरी वादी दाबी पुग्न नसक्ने भनी पुनरावेदन अदालत महेन्द्रनगरबाट भएको उक्त फैसला मिलेकै देखिन आउने।

प्रस्तुत मुद्दामा फिराद गर्ने वादी अन्फादेवी

भट्टसमेतको हकदैया नपुग्ने भनी वादीको फिराद खारेज गर्ने गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसलालाई उल्टी गरी प्रस्तुत मुद्दामा वादी दाबी पुग्न नसक्ने भनी गरेको पुनरावेदन अदालत महेन्द्रनगरको फैसला माथिका प्रकरणहरूमा भएको विश्लेषणको निष्कर्षको आधारमा मनासिब नै देखिन आयो। तसर्थ प्रस्तुत मुद्दामा प्रत्यर्थी / प्रतिवादी प्रतापबहादुर चन्दका नाममा दर्ता रहेको दाबीको साबिक कि.नं. ३१७ तथा हाल कायम कि.नं.३३२५ को क्षेत्रफल १२३० व.मि. जग्गाको दूषित दर्ता बदर गरी उक्त जग्गामा आफ्नो हक कायम गरी दर्ता गरिपाउँ भन्नेसमेतको वादीको दाबी पुग्न नसक्ने देखिएकाले सोबमोजिम गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसमेत पुग्न सक्ने देखिएन।

अतः उल्लिखित आधार, कारण र प्रमाणहरूबाट प्रस्तुत मुद्दामा वादीको फिराद दाबी खारेज गर्ने गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६७।१२।२८ को फैसलालाई उल्टी गरी प्रस्तुत मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६८।७।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल पुस १३ गते रोज ६ शुभम्।

३

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७२-CR-१६४४, लागु औषध (चरेस), नेपाल सरकार वि. राजु भन्ने चन्द्रबहादुर न्यौपानेसमेत*

प्रतिवादीमध्येका मनोज न्यौपानेको कोठाबाट १० किलो ५०० ग्राम लागु औषध चरेस बदामद भएको देखिन्छ। बरामद भएपछि मनोज न्यौपाने र महबुव सिद्दिकी पक्राउ परेको अवस्था छ। मनोज न्यौपानेले बरामदीलाई स्वीकार गरी मौकामा बयान गरेको देखिन्छ। प्रतिवादी महबुव सिद्दिकीले मौकामा बयान गर्दा अनिल बुढाथोकी तथा मनोज न्यौपानेले केही समयअगाडि लागु औषध चरेसको ब्याग मेरो कोठामा राखेको र मिति २०६७।१०।२३ मा मनोज न्यौपानेले लिन आई आफ्नो कोठामा लगेको र निजको कोठाबाट बरामद भएपछि आफू पनि पक्राउ परेको भनी बयान गरेको देखिन्छ। अर्का प्रतिवादी चन्द्रसिंह तामाङको मौकाको बयान र अदालतमा समेत कसुरमा इन्कारी बयान रहेको अवस्था देखिन्छ। प्रतिवादी अनिल बुढाथोकीको निर्देशनमा मनोज न्यौपानेले लागु औषध आफ्नो कोठामा लगी दिपक लामालाई बिक्री गर्ने क्रममा पक्राउ परेको र सो कार्यमा चन्द्रबहादुर न्यौपाने र महबुव सिद्दिकीले सहयोग गरेको भन्ने प्रतिवादीहरूको मौकाको बयानबाट देखिन आउने।

प्रतिवादी मनोज न्यौपानेको अदालतको बयानबाट मुख्यतः अनिल बुढाथोकी र निजको लागु औषध कारोबारमा मुख्य भूमिका रहेको भन्ने खुलेको छ। प्रतिवादी महबुव सिद्दिकीले लागु औषध लुकाउने क्रममा आफ्नो कोठामा राख्न दिएको भन्नेसम्म देखिन्छ। चन्द्रबहादुर न्यौपाने निजगढमा रहने बस्ने गरेको भन्ने देखिएको र निजका भाइ मनोज न्यौपाने काठमाडौंमा रही अनिल बुढाथोकीको निर्देशनमा कार्य गर्ने गरेको देखिन्छ। चन्द्रसिहं तामाङको मौकाको बयानबाट लागु औषध दिल्लीसम्म पुऱ्याउने कुरासम्म गरेको भन्ने देखिए पनि अदालतको बयानबाट सो कुरा खण्डित भएको छ। निजको लागु औषध सञ्चय, बिक्री वितरण र ओसारपसारमा के कस्तो संलग्नता रहेको भन्ने स्पष्ट आधार अभियोजन पक्षबाट खुलाउन सकेको देखिँदैन। एउटै कसुरमा सबै प्रतिवादीहरूको समान भूमिका नहुने र भूमिका र कसुरको मात्राअनुसार विधायिकाले सजायको व्यवस्था गरेकोले अदालतले सोही आधारमा कसुर कायम गरी सजाय गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा वारदातको प्रकृतिबाट चन्द्रबहादुर न्यौपाने र महबुव सिद्दिकीलाई मतियार कायम गरिएको

देखिन्छ । अर्का प्रतिवादी चन्द्रसिंह तामाङलाई सो कार्यमा संलग्न हो भन्ने अनुमानको भरमा निजलाई कसुरदार कायम गरी सजाय गर्नु न्यायोचित हुँदैन । यस अवस्थामा पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने ।

अतः विवेचित आधार, कारणबाट मिति २०६९।४।२९ को सुरू फैसलालाई केही उल्टी गरी प्रतिवादी चन्द्रसिंह तामाङले अभियोग दाबीबाट सफाइ पाउने र अन्य प्रतिवादीहरूको हकमा सुरू अदालतको मिति २०६९।४।२९ र मिति २०७०।५।२३ को फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।३।२२ मा भएको फैसला मनासिबै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल कार्तिक ७ गते रोज ३ शुभम् ।

४

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७२-CR-१९१६, रहजनी चोरी, नेपाल सरकार वि. राजन यादवसमेत*

जाहेरवाली प्रियंकाराज राईले आफ्नो जाहेरीमा नगद रू.८८००/-, X२ नोकिया मोबाइल र अन्य कस्मेटिकका सामान र लेडिज ब्याग लुटिएको भनी उल्लेख गरेको पाइन्छ । पक्राउ परेका प्रतिवादीहरू सुनिलबाबु यादव र राजकुमार मण्डलसमेतबाट गरी नगद रू.८३१०/-, सामसुङ मोबाइलसमेतका सामान बरामद भएको र सम्पूर्ण बिगो रू.१६६७५/- कायम गरी अभियोग दायर भएको पाइन्छ । जाहेरवालीको हराएको मोबाइल नोकिया रहेको भनी जाहेरवालीले प्रस्ट उल्लेख गरेको, प्रतिवादीबाट बरामद भएको मोबाइल सामसुङ भएको र सोको मूल्य रू. ८०००/- मूल्याङ्कन गरी बिगो कायम गरेको देखिन्छ । अदालतमा बयान गर्दा बरामद भएको सामसुङ मोबाइल मेरो हो, प्रहरीले पक्राउ गर्दा खोसी लगेको हो भनी प्रतिवादी रामकुमार मण्डलले बयान गरेको देखिन्छ । जाहेरवालीले आफ्नो चोरी भएको मोबाइल नोकिया हो भनी रहेको र प्रतिवादीले बरामदी सामसुङ मोबाइल मेरो हो भनी बयान गरेको परिप्रेक्ष्यमा सो बरामदी मोबाइलको मूल्यसमेत जोडी बिगो कायम गर्नु मनासिब नदेखिने ।

प्रतिवादी राजन यादवको सम्बन्धमा हेर्दा, निजले अदालतमा बयान गर्दा कसुरमा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ । निजबाट चोरीको कुनै सामान बरामद भएको अवस्था छैन । सहअभियुक्तले निजको समेत संलग्नता रहेको भनी नाम उल्लेख गरेको दाबी गरिए पनि जाहेरवालीले आफू साइकलमा घरतर्फ जाँदै गर्दा बाटोमा दुईजना व्यक्ति मोटरसाइकलमा आई बाटो छेकी मेरो साइकलमा राखेको लेडिज ब्याग चोरी गरी भागेको भनी उल्लेख गरेको देखिन्छ । सो जाहेरीमा उल्लिखित नगद र अन्य सामान यिनै पक्राउ प्रतिवादीहरू सुनिलबाबु यादव र रामकुमार मण्डलबाटै बरामद भएको छ । यस सन्दर्भमा प्रतिवादी राजन यादवको संलग्नता शंकारहित तवरले पुष्टि भएको नपाइने ।

अतः विवेचित आधार कारणबाट सुरू फैसला केही उल्टी गरी अदालतबाट कायम गरेको बिगो मूल्य घटाई जम्मा बिगो रू. ८६७५/- कायम गरी प्रतिवादीहरू सुनिलबाबु यादव र रामकुमार मण्डललाई सजाय हुने र प्रतिवादी राजन यादवले सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२।१०।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल कार्तिक २७ गते रोज ३ शुभम् ।

५

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७१-CR-११९१, जबरजस्ती*

करणी उद्योग, भेषराज भन्ने मेखबहादुर खत्री वि. नेपाल सरकार

पीडितसमेतका परिवार प्रतिवादीकै घरमा डेरा गरी बस्ने गरेको देखिन्छ । पीडितको बकपत्रबाट वारदात स्थापित भएको छ भने प्रतिवादीउपर किटानी जाहेरी परेको देखिन्छ । प्रतिवादीलाई अनाहकमा पोल गर्नुपर्नेसम्मको रिसइवी रहेको भन्ने कुरा मिसिलबाट देखिँदैन । पीडित र जाहेरवालीले अदालतमा उपस्थित भई आफ्नो जाहेरी र मौकाको भनाइलाई समर्थन हुने गरी बकपत्र गरिएको देखिएको छ । प्रतिवादीले मौकामा गरेको पीडितको कागज, जाहेरी बेहोरा र अदालतको बकपत्र परस्परमा बाझिएको भनी जिकिर लिएको देखिए पनि तात्विक रूपमा वारदातलाई नै असर गर्ने गरी बकपत्र भएको मिसिलबाट देखिँदैन । उद्योगको वारदातमा कार्यले पूर्णता नपाउने चरित्र रहने हुँदा मनसाय थियो वा थिएन भन्ने कुराले नै कसुरलाई पुष्टि गर्दछ । प्रतिवादीले ७ वर्षकी अवोध नाबालिकालाई यौनको मनसायले नै कोठामा लैजाने, शरीरमा सुम्सुमाउने र यौनाङ्ग खोली करणीको प्रयास गरेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भएकोले सुरू फैसला उल्टी गरी प्रतिवादीलाई सजाय गरेको पुनरावेदन अदालको फैसला अन्यथा देखिन नआउने ।

अतः माथि विवेचित आधार, कारणबाट सुरू फैसला उल्टी गरी प्रतिवादी मेखबहादुर खत्रीलाई सजाय गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।७।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । साथै सजायको हकमा विचार गर्दा, प्रतिवादी मेखबहादुर खत्रीको आफ्नो कालगतिले मिति २०७४।१०।३ मा मृत्यु भएको भनी मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि साथै राखी प्रतिवादीका छोरा दिनेश खत्रीको यस अदालतमा निवेदन परेको देखियो । मुलुकी ऐन, दण्ड सजायको ३ नं. मा **"जरिवाना, कैद वा विशौंद लागेको मानिस सो असुल नहुँदै मर्‍यो भने ऊ मरेपछि माफ हुन्छ । उसको अपुताली खाने वा जमानी हुनेलाई पक्राउ गर्न हुँदैन । बिगो भराउने वा लिनुपर्ने कुरा रहेछ भने अपुताली खानेले तिर्नुपर्छ । जायजात गरी लिएपछि नपुगेको बाँकीमा अपुताली खानेलाई पक्रन हुँदैन"** भन्ने व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दाका प्रतिवादी मेखबहादुर खत्रीको मिति २०७४।१०।३ मा मृत्यु भइसकेको देखिँदा निजलाई प्रस्तुत मुद्दामा लागेको कैद लगत राख्नुपर्ने देखिएन । निजको कैद सजाय माफ हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल कार्तिक २७ गते रोज ३ शुभम् ।

इजलास नं.२

१

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, *०७३-CR-०७७१, गौवध, राजु भन्ने गुणाखर परियारसमेत वि. नेपाल सरकार*

गाईको बाच्छीलाई खुकुरीसमेतको हतियारले काटी टुक्राटुक्रा पार्दै गरेको अवस्थामा भेटिएको भन्ने कुरामा विवाद छैन । अनुसन्धान अधिकारीसमक्ष दुवैजना प्रतिवादीहरू साबित भई बाच्छी काटेर मारेको कुरा स्वीकार गरेका छन । प्रतिवादीहरूले अदालतसमक्ष इन्कार रही गरेको बयानमा बाटोमा हिँड्न नसकेको बाच्छी काटेर मासु खोलामा बगाइदिने विचार गरेका थियौं भन्ने कुरा विश्वासलायक छैन । पशु मरेमा खाल्टो खनेर गाड्ने प्रचलन छ । प्रतिवादीहरूले काटेर खोलामा फाल्न सजिलो हुने भनी गरेको बयान प्रचलन र व्यवहारमा मिल्ने किसिमको छैन । त्यसप्रकारको इन्कारीलाई समर्थन गरेर मौकाका मानिसले अदालतसमक्ष गरेको बकपत्र तथा प्रतिवादीहरूको साक्षीको बकपत्रलाई मान्यता

दिन सकिने स्थिति छैन । मृतक बाच्छीको मृत्युको कारणमा heifer is dislocation, separation of head (Cutting of neck) भन्नेसमेत बेहोराको मृतक बाच्छीको पोष्टमार्टम रिपोर्टबाट देखिन आउँछ । गाईको बाच्छीलाई जोखिमपूर्ण हतियारको प्रयोग गरी मुलुकी ऐन, चौपायाको महलको १ नं. विपरीत हुने गरी प्रतिवादीहरूले गाईको बाच्छी मारेको भन्ने कुरा तथ्ययुक्त किसिमबाट पुष्टि भइरहेको अवस्थामा मुलुकी ऐन, चौपायाको महलको ११ नं.को कानूनी व्यवस्थालाई आधार बनाएर प्रतिवादीहरूलाई सजाय हुने ठहऱ्याई सुरू जिल्ला अदालत तथा पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने देखिँदैन । अत: विद्यमान कानूनबमोजिम पुनरावेदन अदालतबाट पुनरावेदक प्रतिवादीहरूलाई सजाय हुने गरी भएको फैसला मनासिब देखिँदा उक्त फैसला त्रुटिपूर्ण हुँदा बदर हुनुपर्ने भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम गौवधको कसुरमा १२ (बाह्र) वर्ष कैद सजाय हुने ठहर गरी सुरू चितवन जिल्ला अदालतबाट मिति २०७२।११।९ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७३।४।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : शिवहरि पौड्याल

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल श्रावण १५ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, *०७३-CR-१५८८, कर्तव्य ज्यान, तिर्थ तामाङ वि. नेपाल सरकार*

प्रतिवादीले मौकामा बयान गर्दा काठको विषयमा विवाद भई मेरो दाजु नारायण तामाङलाई भीमनारायण राईले खुकुरी निकाली काट्न खोज्दा मलाई रिस उठी सोही घरको आँगनमा राखेको काठको बटम ल्याई निज भीमनारायण राईको टाउकोमा आफूले काठको बटमले हिर्काएको चोटको कारण निजको मृत्यु भएको हो भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ । घटनास्थलबाट काठको बटम, खुकुरी, चुप्पीसहितको समान बरामद भएको भन्ने लेखी आएको पाइन्छ । मौकामा कागज गर्ने इन्द्रबहादुर राई, गणेश मगर, गंगा मगर, नगेन्द्र मगर, टेकबहादुर मगर, जय तामाङ, नरबहादुर मगर, कृष्ण राईलगायतका व्यक्तिहरूले तिर्थ तामाङले काठको बटमले प्रहार गरेको चोटको कारणले नै भीमनारायण राईको मृत्यु भएको भनी उल्लेख गरेको पाइने ।

प्रतिवादी तिर्थ तामाङले सुरू अदालतमा इन्कारी बयान गरेको भए तापनि यिनले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा कसुरमा साबिती भई बयान गरेको अवस्था छ । मौकामा कागज गर्ने इन्द्रकुमार र गणेश मगरले आफ्नो अनुसन्धानको क्रममा व्यक्त भनाइलाई समर्थन गरी बकपत्र गरेको देखिन्छ । मृतकको शव परीक्षण प्रतिवेदनमा समेत "Cause of death is due to head injury by blunt trauma" भन्ने उल्लेख भएको र लास प्रकृति मुचुल्कासमेतका कागजातबाट प्रतिवादीको मौकाको साबिती पुष्टि भएकाले निजको अदालतसमक्षको इन्कारी बयानलाई प्रमाणमा लिन मिल्ने देखिएन । यस अवस्थामा यी प्रतिवादी निर्दोष छन् भनी अनुमान गर्न सक्ने अवस्था रहे भएको नदेखिने ।

जाहेरवाली रत्नकुमारी मृतक भीमनारायण राईका दिदी नाताकी व्यक्ति देखिन्छ । निजले मौकामा यी प्रतिवादीउपर किटानी जाहेरी दिएको कुरामा विवाद छैन । निजले अदालतमा बकपत्र गर्दा जाहेरी दर्खास्तको बेहोराविपरीत हुने गरी बकपत्र गरे तापनि सरकारवादी फौजदारी मुद्दामा जाहेरवालाको हैसियत वादी पक्षको साक्षीसम्म सीमित हुन्छ । अपराध भएको कुराको सूचना सरकार पक्षलाई दिने

सूचकसम्मको हैसियत भएको जाहेरवालाले ज्यान मारेको अपराधसम्बन्धमा आफूले मौकामा दिएको जाहेरीविपरीत हुने गरी अदालतमा बकपत्र गरेको अवस्थामा त्यसको प्रामाणिकता सम्बन्धमा अदालत संवेदनशील हुनै पर्छ । मूलत: जाहेरवालाको जाहेरी दरखास्त आफैँमा सम्पूर्ण प्रमाण हुन सक्दैन । जाहेरी दर्खास्तको बेहोरालाई मिसिल संलग्न अन्य प्रमाणले शंकारहित तवरमा समर्थन एवम् पुष्टि गरेकै हुनुपर्दछ । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा मृतकको मृत्यु टाउकोमा चोट परेको कारणले हुन गएको हो भन्ने तथ्य स्थापित भएको अवस्था छ । उक्त तथ्यलाई मिसिल संलग्न प्रमाणबाट मालाकार कडीको रूपमा स्थापित भएको छ । जाहेरवालीको विरोधाभाष बकपत्र मिसिल संलग्न घटना वारदात प्रकृतिसँग मेल खान सकेको देखिँदैन । जाहेरवालीले अदालतमा आएर विपरीत बकपत्र गरेको भन्दैमा त्यस्तो झुठा बकपत्रलाई मान्यता दिई मौकाको सत्य तथ्य बेहोरालाई बेवास्ता गर्न नमिल्ने ।

वारदातमा यी प्रतिवादी र मृतकबिच कुनै पूर्वरिसइवी रहेको वा मृतकलाई जोखिमी हतियार प्रहार गरी मार्ने मनसायपूर्वक कर्तव्य गरी मारेको अवस्था छैन । प्रस्तुत विवादमा घटनाको परिस्थिति हेर्दा, यी प्रतिवादीको भीमनारायणको ज्यान मार्ने कुनै पनि मनसाय (Meansrea) रहेको नभई तत्काल काठको विषयमा विवाद भई उठेको रिस थाम्न नसकी आवेसमा आई घरको आँगनमा राखेको काठको बटम ल्याई यी प्रतिवादीले मृतकको टाउकोमा एकपटक प्रहार गरेको र सोही चोटका कारणले भोलिपल्ट मृत्यु भएको देखिन्छ । यस सम्बन्धमा प्रचलित कानूनी प्रावधान हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक, साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोटपिरले ऐनका म्यादभित्र ज्यान मरेमा दस वर्ष कैद गर्नुपर्छ" भन्ने व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा वारदातको घटनाक्रम र प्रकृतिबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. को वारदात नभई ऐ १४ नं.बमोजिम आकर्षित हुने देखिँदा प्रतिवादीलाई १० (दस) वर्ष कैद सजाय गर्ने गरी भएको पुनरावेदन अदालत विराटनगरको फैसला मनासिब देखिन आउने ।

तसर्थ, माथि विवेचित आधार प्रमाणको आधारमा पुनरावेदक प्रतिवादी तिर्थ तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र अ.बं.१८८ नं.बमोजिम २ वर्ष कैद सजाय हुन राय पेस गरी सुनसरी जिल्ला अदालतबाट मिति २०७१।७।३ मा भएको फैसलालाई केही उल्टी गरी प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० (दस) वर्ष कैद हुने ठहर गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०७३।५।८।४ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : शिवहरि पौड्याल

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल श्रावण १५ गते रोज ३ शुभम् ।

३

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७१-CR-११८७, वैदेशिक रोजगार, नेपाल सरकार वि. श्याम कुँवरसमेत*

प्रतिवादीमध्येका श्याम कुँवर र कृष्ण गुरूङ अनुसन्धान अधिकृतका साथै वैदेशिक रोजगार न्यायाधिकरणसमेतमा हाजिर नभई निजहरूले प्रतिवाद गरेको पाइँदैन । प्रतिवादी दिपक गुरूङले अनुसन्धान अधिकृतसमक्ष र वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष प्रेम रावलसमेतका केही जाहेरवालाहरूले आई.एम.ई मार्फत मेरो नाममा जम्मा रू.८,००,०००।- (आठ लाख रूपैयाँ) पठाएकोमा उक्त रकम मैले प्रतिवादीमध्येका काका नाता पर्ने कृष्ण गुरूङले भनेबमोजिम निजका

साथी मैले नचिनेका श्याम कुँवरलाई पठाइदिएको हुँ । यसबाहेक जाहेरवालाहरूलाई विदेश लगेको भन्ने कुरा र उल्लिखित रकम वैदेशिक रोजगारको हो भन्ने कुरा मलाई केही जानकारी छैन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । प्रतिवादी दिपक गुरूङले जाहेरवालाहरूबाट आई.एम.ई.मार्फत रकम बुझेको भए पनि सो रकम वैदेशिक रोजगारको लागि नै दिएको हो भनी जाहेरवालाहरूले भन्न सकेको अवस्था छैन भने निजले लिएको रकम जाहेरवालाहरूले फिर्ता पाइसकेको भनी अभियोगपत्रमा नै सो रकमको दाबीसमेत लिएको पाइँदैन । वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भई बकपत्र गर्ने भुवनेश्वर बुढाथोकीसमेतका जाहेरवालाहरूले प्रतिवादीमध्येका दिपक गुरूङसँग वैदेशिक रोजगारसम्बन्धी कुनै कारोबार भएको थिएन भनी बकपत्र गरिदिएकोसमेत देखिँदा प्रतिवादी दिपक गुरूङले वादीले लगाएको आरोपबमोजिमको कसुर गरेको भन्ने पुष्टि हुन नआउने ।

प्रतिवादीमध्येका श्याम कुँवरले हामी जाहेरवालाहरूबाट रू.५१,००,०००।- (एकाउन्न लाख रुपैयाँ) बुझिलिएको र निज जुम इन्टरनेसनलको सञ्चालक भएको भनी जाहेरवालाहरूले आफ्नो जाहेरीमा उल्लेख गरेको भए पनि रकम बुझेको प्रमाण निज जाहेरवालाहरूले पेस गर्न सकेको अवस्था छैन भने प्रतिवादी श्याम कुँवर जुम इन्टरनेसनल प्रा.लि.का सञ्चालक नभई सो प्रा.लि. का सञ्चालक अन्य व्यक्ति नै भएको मिसिल संलग्न कागजातहरूवाट देखिन आउँछ । भुवनेश्वर बुढाथोकीसमेतका जाहेरवालाहरूले प्रतिवादी श्याम कुँवरलाई रकम बुझाएको कुनै लिखत प्रमाण छैन भनी वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भई बकपत्र गरिदिएकोसमेत देखिएकोले प्रतिवादीहरूले जाहेरवालाहरूबाट रकम लिई निजहरूले नै वैदेशिक रोजगारमा पठाएको हो भन्ने पुष्टि हुन नसक्ने ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ मा कसैले दफा १० विपरीत इजाजत नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुठ्ठा आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएमा वैदेशिक रोजगार कसुर गरेको मानिने व्यवस्था गरेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी श्याम कुँवरसमेतलाई जाहेरवालाहरूले रकम बुझाएको प्रमाण पेस गर्न सकेको नदेखिएको र निज प्रतिवादीहरूले नै जाहेरवालाहरूलाई विदेशसम्म पठाएको भन्नेसमेत मिसिलबाट देखिन नआएकाले केवल जाहेरी दिएकै आधारमा र लिखत प्रमाणबेगर शंकाकै आधारमा प्रतिवादीहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ.ऐनको दफा ४३ बमोजिम सजाय गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।८।२१ मा भएको फैसला अन्यथा नभई मनासिब देखिन आउने ।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।८।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : शिवहरि पौड्याल
कम्प्युटर : विपिनकुमार महासेठ
इति संवत् २०७५ साल श्रावण १७ गते रोज ५ शुभम् ।

४

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७४-CI-०५७३, निषेधाज्ञा, भीमसेन पुरी वि. जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुरसमेत*

भक्तपुर जिल्ला, सुडाल गा.वि.स. वडा नं.८ख

को कि.नं.४८६ तथा ४८७ को जग्गा निवेदकको भोगको तथा ऐ.कि.नं.६८० तथा ६८९ विपक्षी श्रवणकुमार पुरीको, कि.नं.६८१ विपक्षी काशीराम पुरी तथा कि.नं.६९० विपक्षी कपिल पुरीको भएको तथ्यमा विवाद छैन । सर्भेनक्साबाट निवेदकको जग्गा सडकको पूर्वतर्फ तथा विपक्षीको जग्गा सडकको पश्चिमतर्फ रहेको कुरामा समेत विवाद छैन । उक्त स्थानमा बाटो विस्तार गर्ने क्रममा आफ्नोतर्फबाट मात्र जग्गा च्यापी निर्माण गर्न लागियो भन्ने पुनरावेदकले जिकिर लिएतर्फ विचार गर्दा साबिकमा भएको १० फिटको मोटर बाटोलाई विस्तार गरी सडक स्तरोन्नति गर्ने गरी ठेक्काको सम्झौता भई कार्य भइरहेको, बाटो विस्तारको क्रममा २०२१ सालको सर्भेनक्सामा रहेको बाटोलाई विस्तार गरी हाल कायम बाटोबाट दुवैतर्फ बराबर जग्गा लिई बाटो विस्तारको कार्य भएको भन्ने विपक्षीको लिखित जवाफबाट देखिन्छ । सहजीकरण समितिको मद्दतले सबैको सहमतिले बाटो विस्तार गरिने भन्ने विपक्षी जिल्ला प्राविधिक कार्यालयसमेतको लिखित जवाफ रहेको छ । अतः दुवैतर्फबाट आधा आधा जग्गा लिई बाटो निर्माण गरिने भन्ने लिखित जवाफ रहेको र सोबमोजिम नगरी निवेदकको जग्गाबाट मात्र बाटो निर्माण भएमा निवेदकले कानूनी उपचारको लागि जाने मार्ग बाँकी नै रहेको देखिँदा पुनरावेदकको सहमतिबेगर निजको जग्गाबाट मात्र बाटो विस्तार गर्न लागेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, माथि विवेचित आधार कारणबाट निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने अवस्थाको विद्यमानता रहेको नदेखिँदा निवेदन खारेज हुने ठहर गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७४।४।११ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ असोज १० गते रोज ४ शुभम् ।

इजलास नं.३

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०६६-CI-११८३, हक कायम नामसारी जग्गा दर्तासमेत, मंगलदेवी शाक्यसमेत वि. प्रेमकृष्ण ताम्राकार*

विवादित कि.नं.२८ को जग्गा म फिरादीका बाबु बुद्धिलाल भन्ने बुद्धिराज ताम्राकारको नाउँमा दर्ता बाँकी रहेको पा.नकवहिल रै.नं.१८६ बाट भिड्ने जग्गा हो भन्ने वादी प्रेमकृष्ण ताम्राकारको फिराद दाबी र उक्त कि.नं.२८ को जग्गा साबिक जग्गाधनी अष्टमाया शाक्यका नामको रै.नं.१४५बाट भिड्ने जग्गा हो, निजको शेषपछिको हक खाने हकवाला हामीहरूका नाममा दर्ता नामसारी हुनुपर्ने हो भन्ने प्रतिवादीहरूको प्रतिउत्तर जिकिर रहेको देखियो । पुनरावेदन अदालतले फैसला गर्दा जग्गाधनी बुद्धिलाल ताम्राकार भनी स्रेस्ता कायम भएको र विवादित जग्गा दर्ताको लागि मालपोत कार्यालयमा दिएको मिति ०४१।१२।२५ को निवेदनमा कित्ता नं.७६ भनी उल्लेख भएको देखिएको, विवादित जग्गा जोताहा मोहीले फिरादीको भनी बयान गरेको, सर्जमिनसमेतबाट उक्त जग्गा वादीको भनी प्रमाणित भइसकेको र उक्त जग्गाका सँधियारहरूसमेतले विवादित जग्गामा वादीकै हक कायम हुने भनी लेखाई दिएकोसमेतका आधारमा हालको कि.नं. ७६ को जग्गामा वादीको हक कायम हुने भनी फैसला गरेको देखिने ।

उक्त फैसलामा यी वादी प्रतिवादीले विवादित साबिक कि.नं.२८ को जग्गाको आ-आफ्नो साबिक स्रोतहरू भनी देखाएको रै.नं. १८६ र रै.नं. १४५ को वस्तुगत मूल्याङ्कन गरी यो यति कारणले वादी दाबीको लगतसँग भिड्छ र यो यति कारणले

प्रतिवादीको जिकिरको लगतसँग भिड्दैन भनी बोलिएको देखिँदैन । साथै विवादको कि.नं. ७६ को जग्गा मि.नं. २९/०४०।९।३० मा भिडी गएको भन्ने मोठ शाखाको लगतले जनाएको अवस्थामा सो सम्बन्धमा समेत स्पष्ट रूपमा बुझी निर्णय गर्नुपर्नेमा सो सम्बन्धमा केही विवेचना नै गरिएको देखिएन । मालपोत ऐन, २०३४ को दफा ७(२) मा जग्गा नाप जाँच ऐन, २०१९ बमोजिम नाप नक्सा भएको कुनै जग्गा दर्ता गर्न छुट भएकोमा उक्त जग्गाको साबिकको दर्ता, तिरो र भोगसमेतको आवश्यक छानबिन गरी जग्गा दर्ता गर्न सकिने कानूनी व्यवस्था गरिएको देखिन्छ । पुनरावेदन अदालतको फैसलामा वादी प्रतिवादीको साबिकको दर्ता स्रोतसमेतका कुराहरूको कुनै विश्लेषण गरिएको देखिँदैन । तसर्थ, विवादित साबिक कि.नं. २८ को जग्गाको वादी र प्रतिवादीले आ-आफ्नो साबिक स्रोत भनी उल्लेख गरेका रै.नं.१८६ र १४५ मध्ये के कुन लगतसँग के कति आधार कारणले भिड्छ भनी तथ्यपरक ढङ्गले विवेचना नै नगरी विवादित साबिक कि.नं. २८ को जग्गा कित्ताकाट भई कायम हुन आएको हालको कि.नं. ७६ को जग्गामा वादीको हक कायम हुने ठहराएको सुरू ललितपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६४।५।२६ मा फैसला भएको देखियो । मुद्दामा ठहर गर्नुपर्ने विषय र सोसँग सम्बद्ध कुराको प्रमाण बुझी विवादित जग्गा वादीले दाबी गरेको साबिक लगतसँग भिड्ने वा प्रतिवादी जिकिरको साबिक लगतसँग भिड्ने स्पष्ट निर्क्यौल अदालतले निकाल्नु पर्छ । विवादको कि.नं.७६ को जग्गा मि.नं. २९/०४०।९।३० मा भिडी गएको भन्ने मोठ शाखाको लगतले जनाएको भन्ने सम्बन्धमा स्पष्ट कुरा नै नबुझी सोतर्फको विषय के हो ? निर्क्यौल नै ननिकाली पुनरावेदन अदालतबाट निर्णय भएको देखियो । विवादित जग्गा यो यो साबिक लगतबाट भिड्ने भनी वादी प्रतिवादीले दाबी जिकिर लिइरहेको अवस्थामा मुद्दाको मूल विवादको विषयमा प्रवेश नै नगरी पेस भएको प्रमाणको मूल्याङ्कन र विश्लेषण नगरी पुनरावेदन अदालतबाट निर्णय भएकोसमेत देखियो । यस्तो अवस्थामा पुनरावेदन अदालतको सो फैसला कानूनसम्मत् मान्न मिलेन । पुनरावेदन अदालत पाटनको सो फैसला मिलेको नदेखिँदा बदर हुने ।

अतः उपर्युक्त विवेचित आधारहरूसमेतलाई मनन गरी जे जो बुझ्नुपर्ने प्रमाणसमेत बुझी विवादित जग्गामा वादीको हक कायम दर्ता नामसारी हुने नहुने सम्बन्धमा पुनः निर्णय गर्नु भनी उपस्थित पक्षलाई तारेख तोकी मिसिल उच्च अदालत पाटनमा फिर्ता पठाइ दिनू ।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल मङ्सिर ३० गते रोज २ शुभम् ।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७०-CI-०१८३, दूषित निर्णय दर्ता बदर दर्ता हक कायम, सुदिप शाहीसमेत वि. अष्टलक्ष्मी बज्राचार्यसमेत*

प्रत्यर्थी वादीहरूको आमा नानीमैया बज्राचार्यले मचानानी भन्ने आशामाया बज्राचार्यसमेतका उपर काठमाडौं जिल्ला अदालतमा खिचोला मुद्दा दायर गरेकोमा हा.नं. ३३१ को ०-४-१-० जग्गामा वादी दाबीअनुसार खिचोला ठहरी चलन चलाई लिन पाउने गरी मिति २०३५।१०।१५ मा फैसला भएकोले आधा जग्गामा हक कायमसमेत गरेको देखिन्छ । पुनरावेदन अदालतको आदेशानुसार मिति २०६९।१०।२६ मा भई आएको नक्सा मुचुल्कामा पनि बढी जग्गा रहेको भन्ने देखिन नआएबाट यी पुनरावेदकहरूले उक्त नक्सा त्रुटिपूर्ण रहेको छ भनी लिएको पुनरावेदन जिकिर मनासिब देखिएन । साथै विवादित जग्गाको फिल्डबुक, नक्सा, मालपोतको टिप्पणी निर्णयबाट

कायम हुन आएको क्षेत्रफल ०-४-१ मा जग्गा नपुगेपछि दुवै पक्षले स्वीकार गरेको अवस्थासमेत देखिन्छ । यी पुनरावेदक प्रतिवादीहरूको आमा रत्न शाहीले आशामायाबाट मिति २०३१।१२।१ मा फार्सेपत्र पास गरिलिएदेखि विवादित जग्गामा प्रतिवादीको हक स्रोत सिर्जना भएको र प्रत्यर्थी वादीहरूको विवादित जग्गामा २०२३ सालदेखि नै हक र स्रोत सिर्जना भइरहेको अवस्था मिसिल प्रमाणको रोहबाट देखिन आउँछ । मिति २०२३।४।१ को भोगबन्धकी लिखत एवं मिति २०३१।१२।१ को फार्छे लिखतसमेतमा चारकिल्ला भिडेको तथा विवादित जग्गाको मूल स्रोत सेते गुभाजुबाट नै सुरू भएको र अर्को स्रोत केही देखिन नआएको अवस्था भएकोले यी प्रत्यर्थी वादीहरूको समेत हक लाग्ने उक्त विवादितजग्गाहरू प्रतिवादीहरूले दूषित तरिकाबाट नामसारी दा.खा. दर्ता गराएको कुरा पुष्टि हुन आउने ।

तसर्थ कि.नं.१११११, १११२, १११३ र १११४ को घरजग्गाहरूमा यी वादी प्रतिवादीहरूको आधा आधा हक रहे भएको अवस्थामा उक्त घरजग्गाहरूमा आधासम्म प्रतिवादीहरूको नाममा दा.खा. दर्ता गर्नुपर्नेमा उक्त पूरै जग्गाहरू प्रतिवादीहरूको नाममा दा.खा. दर्ता हुने गरी मालपोत कार्यालयबाट मिति २०६४।६।२१ मा भएको निर्णय सदर कायम रहने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसला मिलेको देखिँदैन । पुनरावेदन अदालतबाट मिति २०६९।१०।२६ मा भएको नक्सा मुचुल्काको न.नं. ५ को कि.नं. १११४, न.नं. ७ को कि.नं. १११११, न.नं.९ को १११३, न.नं.१० को कि.नं. १११२ को सागल एवं घरजग्गा प्रतिवादीहरूको नाममा आधासम्म दा.खा. दर्ता हुनुपर्नेमा पूरै दा.खा. दर्ता हुने गरी मालपोत कार्यालयले गरेको निर्णय सो हदसम्म बदर गरी उक्त कि.नं. १११११, १११२, १११३ र १११४ का सागल एवं घरजग्गाहरूमा नरमकरम मिलाई आधासम्म प्रतिवादीहरूको नाममा भएको दा.खा. दर्ता कायमै राखी सो सागल एवं घर जग्गाहरूको आधासम्ममा यी पुनरावेदक वादीहरूको नाममा दा.खा. दर्ता गरी हक कायमसमेत हुने ठहराएको पुनरावेदन अदालतको फैसला न्यायोचित नै देखियो । पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरिपाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: मिसिल संलग्न आधार प्रमाणको विवेचना गरी सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६८।५।१५ मा गरेको फैसला नमिलेकोले केही उल्टी गरी विवादित कि.नं. १११११, १११२, १११३ र १११४ को कित्ताका सागल एवं घर जग्गाहरूमा नरमकरम मिलाई आधासम्म प्रतिवादीहरूको नाममा भएको दा.खा. दर्ता कायमै राखी सो सागल एवं घर जग्गाहरूको आधासम्ममा यी पुनरावेदक वादीहरूको नाममा दा.खा. दर्ता गरी हक कायमसमेत हुने ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०६९।१२।१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : तारादत्त बडु
कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७६ साल पौष १ गते रोज ३ शुभम् ।

- यसमा यसै लगाउको ०७०-CI-०१८०, लिखत दर्ता बदर, सुदिप शाहीसमेत वि. अष्टलक्ष्मी बज्राचार्यसमेत भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको ।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७०-CR-०९६७, १०४१, ११६१, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, राजु डंगोल वि. नेपाल सरकार*

अभियोग दाबीबमोजिम उक्त वारदात पुनरावेदक प्रतिवादीहरूले गरेका हुन् होइनन् भन्नेतर्फ विचार गर्दा प्रतिवादीहरू राजु डंगोल र अशोक गोले दुवैजनाले अनुसन्धान अधिकारी र अदालतमा समेत

आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि उक्त वारदातका प्रत्यक्षदर्शी साक्षी (Eye–Witness) गोविन्दहरि अधिकारीले अदालतमा आई बकपत्र गर्दा मिति २०६७।१२।१० गते बेलुका ८ बजेको समयमा अपरिचित हतियारधारी व्यक्तिहरूले आफू, प्रेमकृष्ण महर्जन र सुदिप बस्याललाई घचेड्दै एउटा कोठामा लगे, नगद केही छ कि भनी मागे, केही छैनभन्दा एक्कासी गोली प्रहार गरे भनी घटनाको बारेमा सिलसिलाबद्ध रूपमा उल्लेख गर्दै उक्त वारदात प्रतिवादी राजु डंगोल र अशोक गोलेसमेतले गराएको हो भनी बकपत्र गरेको पाइन्छ । निजले प्रतिवादीहरूलाई चिनी सनाखत गरेको कागजसमेत मिसिल संलग्न रहेको पाइन्छ । कुनै वारदातको प्रत्यक्षदर्शी साक्षी मुद्दामा सर्वाधिक महत्त्वपूर्ण प्रमाण हुन्छ । निज गोविन्दहरि अधिकारी, जो वारदात भएको भनिएको एक्साइड ब्याट्री कम्पनीमा सुरक्षा गार्डका रूपमा समेत रहेका व्यक्ति हुनुका साथै वारदातका क्रममा प्रतिवादीहरूसँग प्रत्यक्ष भई उक्त वारदात देखेको व्यक्ति भएको देखिँदा निजले अदालतमा आई गरेको बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १० को उपदफा १ बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिन्छ । अतः शव परीक्षण प्रतिवेदन, घटनास्थलबाट प्राप्त भएका गोलीका खोका, प्रत्यक्षदर्शी साक्षीले गरेको सनाखत कागज एवम् निजले अदालतमा आई गरेको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणबाट पुनरावेदक प्रतिवादीद्वयले नै मृतक प्रेमकृष्ण महर्जनलाई गोली प्रहार गरी कर्तव्य गरी मारेको भन्ने पुष्टि हुन आएको देखिँदा निजहरूलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने ।

जहाँसम्म प्रत्यक्षदर्शी साक्षी गोविन्दहरि अधिकारी पहिले सहप्रतिवादीको रूपमा रहेका व्यक्ति भएकाले निजको बकपत्र प्रमाणमा लिन मिल्दैन भन्नेसमेतको प्रतिवादीहरूको पुनरावेदन जिकिर छ, त्यसतर्फ विचार गर्दा प्रस्तुत मुद्दाको वारदातका प्रत्यक्षदर्शी साक्षी गोविन्दहरि अधिकारीलाई अनुसन्धानको क्रममा सुरूमा पक्राउ गरी बयानसमेत गराइएको भए तापनि अनुसन्धानपश्चात् निजको वारदातमा संलग्नता नदेखिएपछि छाडिएको र घटनाको प्रत्यक्षदर्शी भएको हुँदा वादीले साक्षीको रूपमा निजलाई अदालतमा उपस्थित गराएको देखिन्छ । कुनै वारदात भएपछि अनुसन्धानको क्रममा अनुसन्धानकर्ताले कसैमाथी शंका गरी पक्राउ गर्नु र अनुसन्धानबाट निर्दोष देखिएपछि छाड्नु अनुसन्धानको स्वाभाविक प्रक्रिया पनि हो । यस्तोमा घटनाको प्रत्यक्षदर्शी भएको व्यक्ति अनुसन्धानको क्रममा नियन्त्रणमा रहेको कारणले मात्र निजको बकपत्रलाई प्रमाणमा ग्रहण गर्न नमिल्ने भन्ने हुँदैन । कस्तो प्रमाणलाई प्रमाणमा लिन हुन्छ भन्ने सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा, प्रमाण ऐन, २०३१ को दफा १० को उपदफा १ मा भएको कानूनी व्यवस्थाअनुसार प्रस्तुत वारदातका प्रत्यक्षदर्शी साक्षी गोविन्दहरि अधिकारीले गरेको सनाखत कागज र अदालतमा गरेको बकपत्रलाई प्रमाणमा लिन मिल्ने नै देखिने ।

पहिले परेको जाहेरीमा अपरिचित व्यक्तिले वारदात गरेको भनिएकोमा वारदातको २ महिनापछि परेको किटानी जाहेरीलाई प्रमाणमा ग्रहण गर्न नमिल्ने भन्ने जिकिरतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा जाहेरवाला प्रत्यक्षदर्शी नभएकोले सुरूमा निजले अपरिचित व्यक्तिले वारदात गराएको भनी लेखाएको र अनुसन्धानको क्रममा यी प्रतिवादीहरूको संलग्नता रहेको देखिएपछि सोही बेहोरा उल्लेख गरी पुनः जाहेरी दिएको देखिन्छ । प्रतिवादीहरू कसुरदार हुन् होइनन् भन्ने कुरा जाहेरी दरखास्तमा निजहरूलाई किटानी गरेको आधारमा मात्र निर्क्योल हुने विषय नभई अन्य प्रमाणहरूबाट पनि पुष्टि हुनुपर्ने विषय हो । प्रस्तुत मुद्दामा प्रतिवादीहरू कसुरदार देखिएको विषय जाहेरी दरखास्त मात्र नभई वारदातका प्रत्यक्षदर्शीको

भनाइ, घटनास्थत मुचुल्का र शव परीक्षण प्रतिवेदन, बरामद गोलीका खोकासमेतका प्रमाणहरूले यी प्रतिवादीहरूले प्रस्तुत वारदात गराएको भन्ने पुष्टि हुन आएको देखिएको छ । यस अवस्थामा पहिले परेको जाहेरीमा अपरिचित व्यक्तिले वारदात गराएको भन्ने उल्लेख हुनु र पछि परेको जाहेरीमा नाम किटान भएको भन्ने विषयले परिणाममा तात्त्विक फरक पर्ने नदेखिने।

घाइते भएको सुदिप बस्यालको छातीमा गोली लागेको भन्ने घाउ जाँच केस फारामबाट देखिएको अवस्थामा पनि प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगको कसुरमा सफाइ दिएको मिलेको छैन भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, मिसिल संलग्न रहेको निज सुदीप बस्यालको घाउजाँच केस फाराममा छातीको बायाँ भागमा गोली लागेको भन्ने उल्लेख हुनुका साथै ३५ दिनमा निको हुने भनी उल्लेख भएको देखिन्छ। यसबाट मौकामा भएको उक्त घाउ जाँच केस फारामबाट पीडितको अवस्था ज्यान मर्ने हदसम्मको गम्भीर रहेको भन्ने देखिएन । साथै वारदातपश्चात् पीडितको स्थिति के कस्तो छ भन्ने कुराको प्रमाण वादी पक्षले पेस गर्न सकेको पाइँदैन। निज घाइतेलाई अदालतमा उपस्थित गराएको पनि पाइँदैन। ज्यानमार्ने उद्योगको अपराध ठहर हुनको लागि ज्यानमार्ने मनसाय (Intention) तत्त्वको पनि विद्यमानता रहेको हुनुपर्दछ। हतियारसहित वारदात स्थलमा रहेका प्रतिवादीहरूले सुदीप बस्याललाई ज्यानमार्ने मनसायले नै गोली प्रहार गरेको भए निज बाँच्ने अवस्था पनि हुने थिएन। यसबाट प्रस्तुत मुद्दामा गोली प्रहारको वारदात भएकोमा विवाद नदेखिए पनि प्रतिवादीहरूले सुदीप बस्याललाई मार्नेसम्मको मनसाय रहे भएको भन्ने मिसिल संलग्न प्रमाणबाट स्थापित हुन सकेको नदेखिँदा ज्यानमार्ने उद्योगको आरोपित कसुरबाट निज प्रतिवादीहरूले सफाइ पाउने ठहऱ्याई काठमाडौं जिल्ला अदालबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा मान्न नमिल्ने।

तसर्थ, उल्लिखित आधार प्रमाणबाट पुनरावेदक प्रतिवादीहरूले सुदिप बस्याललाई ज्यान मार्ने उद्योगको आरोपित कसुरबाट सफाइ पाउने तर प्रेमकृष्ण महर्जनलाई कर्तव्य गरी मारेको कसुरमा निजहरूलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०६८।१०।११ को फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७०।२।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः- कुवेर पाण्डे

इति संवत् २०७६ साल मार्ग २३ गते रोज २ शुभम्।

- यसमा यसै मुद्दासँग अन्तर्सम्बन्धित ०७०-CR-१०८२, ०७३-CR-०५१५, १२८३, ०७५-CR-१५८९, १५९०, हातहतियार खरखजानासमेत, नेपाल सरकार वि. राजु डंगोलसमेत भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा, *०७४-CR-०३२९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. सुमित्रा मानन्धर*

प्रतिवादीउपर जाहेरवालाले वैदेशिक रोजगारी ठगीमा जाहेरी दिए तापनि यी प्रतिवादीले औपचारिक रूपमा वैदेशिक रोजगारी गर्ने अनुमति पत्र लिएको देखिँदैन । त्यसैगरी स्वयं प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष र वैदेशिक रोजगार न्यायाधिकरणमा गरेको बयानमा समेत जाहेरवालाबाट निजलाई जापानमा वैदेशिक रोजगारीमा पठाईदिने सर्तमा रकम लिएको कुरालाई इन्कारी गर्दै अर्को वैदेशिक रोजगारी ठगी मुद्दाका जाहेरवाला बालकृष्ण घर्तिमगरसँग ढुकुटी खेलेबापतको कारोबार रकमको कागज भनी झुक्याई प्रस्तुत कागज गराएको रहेछन् भनी बयान गरेको देखिन्छ। २०७१/०९/०५ मा तयार भएको वैदेशिक

रोजगारीको कागजमा प्रतिवादीले जाहेरवालालाई २०७२/०१/०५ भित्रमा वैदेशिक रोजगारीमा पठाउने भनी रकम लिई कागज गरिदिएको मिसिल संलग्न रहेको कागजबाट देखिन्छ । जाहेरवालाको जाहेरीको बेहोरालाई सत्य मान्ने हो भने वैदेशिक रोजगारीमा जाने व्यक्तिले सर्वप्रथम पासपोर्ट बनाएको हुनुपर्ने हुन्छ तर यस मुद्दाका जाहेरवालाले उल्लिखित कागज गरेको मितिबाट पठाउने अन्तिम म्याद अर्थात् मिति २०७२/०१/०५ सम्म पासपोर्ट बनाएको देखिँदैन । पासपोर्ट नै नभएको जाहेरवालाले लिखतअनुसार वैदेशिक रोजगारमा जान रकम दिएको भन्ने तथ्य शंकारहित तवरले प्रमाणित हुन सकेको देखिएन। यस अवस्थामा प्रतिवादी सुमित्रा मानन्धरको हकमा अभियोग दाबीबमोजिम वैदेशिक रोजगारको वारदात स्थापित हुन सकेको नदेखिने।

प्रस्तुत मुद्दामा वैदेशिक रोजगारीमा पठाइदिने भनी तयार भएको लिखत उक्त व्यवसाय गर्ने अनुमति नै नलिएका व्यक्ति यी प्रतिवादी रहेको देखिएबाट यी प्रतिवादीलाई लिखतको कार्यान्वयन गर्न दबाब सिर्जना गर्ने खातिर वैदेशिक रोजगार शब्दको प्रयोग गरेको देखिन्छ । जाहेरी दरखास्तमा उल्लेख कुनै कुरा व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्नुपूर्व त्यसको न्यायिक परीक्षण गरिएको हुनुपर्दछ । जाहेरी अभियोग प्रमाणित गर्ने एक महत्त्वपूर्ण प्रमाण भए पनि सोमा उल्लेख भएको बेहोरा अन्य सङ्कलित प्रमाणबाट समर्थित भएको हुनुपर्दछ । प्रस्तुत मुद्दामा जाहेरवालीले अदालतमा आई बकपत्र गर्दा प्रतिवादीले वैदेशिक रोजगारीमा पठाउने भन्दै आफूबाट रकम लिएको कुरा लेखाएको भए तापनि निजले वैदेशिक रोजगारीमा जाने तयारी गर्दा सर्वप्रथम पासपोर्ट लिएको हुनुपर्छ । पासपोर्ट लिएपछि मात्र इजाजतपत्र प्राप्त वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति पाएको संस्थामा आवेदन दिनुपर्ने देखिन्छ । प्रस्तुत मुद्दाका प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिमको अनुमति लिएकोसमेत नदेखिँदा जाहेरी बेहोरासँग सहमत हुन सकिने अवस्था रहेन। प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्था रहेकोमा प्रस्तुत मुद्दामा वादीले आफ्नो दाबी माथि उल्लिखित तथ्यका आधारमा वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिएन । यस अवस्थामा वैदेशिक रोजगारी ठगीजस्तो गम्भीर फौजदारी अपराधमा शंका र अनुमानको भरमा कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उपर्युक्त विवेचित आधार कारणबाट सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादी सुमित्रा मानन्धरलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालालाई हर्जानासहितको बिगो रकम दिलाई पाउँ भन्ने आरोपित कसुरबाट प्रतिवादीले सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३/०९/०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : नवराज जोशी

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल भाद्र १९ गते रोज ५ शुभम्।

- यसमा यसै प्रकृतिको ०७४-CR-०६०२, वैदेशिक रोजगार कसुर, सुमित्रा मानन्धर वि. नेपाल सरकार भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७१-RB-०१४२, सेयर लगत बदरसमेत, जमिरिया देवी कुर्मिनी वि. जमिरिया एन्ड सावित्री*

कन्या स्कुल प्रा.लि. समेत

जमिरिया एन्ड सावित्री कन्या स्कुल प्रा. लि.को नियमावलीको नियम ७ मा **"कम्पनी संस्थापना भएपछि सञ्चालक समितिले संस्थापकहरूसँग संस्थापनको बखत निजहरूले लिन कबुल गरेको सेयरबापतको सम्पूर्ण वा आंशिक रकम ३० दिनभित्र कम्पनीमा दाखिल गर्न सूचना गर्ने छ । त्यसरी माग भएको रकम संस्थापकहरूले तोकिएको म्यादभित्र दाखिल गर्नुपर्ने छ । कुनै संस्थापकले उपर्युक्तबमोजिमको अवधिभित्र रकम दाखिला नगरेमा सञ्चालक समितिले १५ दिनको म्याद दिई माग गरिएको रकम दाखिला गर्न पुन: सूचना गर्ने छ । उक्त म्यादभित्र पनि रकम दाखिला हुन नआएमा सञ्चालक समितिले निजले लिन कबुल गरेको सेयर जफत गरी सो सेयर अरू व्यक्तिलाई बिक्री गरी वा नगरी कम्पनी सञ्चालन गर्ने छ"** भन्ने व्यवस्था रहेको देखियो । कम्पनी दर्ता हुनासाथ कम्पनीले कानूनी व्यक्तित्व मात्र प्राप्त गर्ने हुँदा संस्थापकहरूले लिन मन्जुर गरेको सेयरबापतको रकम भुक्तानी माग गर्ने कार्य कम्पनी दर्ता भएपछि मात्र सुरू हुने ।

कम्पनीलाई सुचारू ढङ्गबाट सञ्चालन गर्ने सम्बन्धमा बोलाइएको पटकपटकको बैठकमा अन्य सञ्चालक सदस्यहरू अनुपस्थित रहेको, सेयरबापतको रकम जम्मा हुन नसकेको कारणबाट कम्पनी दर्ता भए पनि निष्क्रिय अवस्थामा रही आफ्नो उद्देश्यअनुरूप विद्यालय सञ्चालन हुन सकेको देखिएन । कम्पनी स्थापना भएको लामो समयसम्म कम्पनी ऐन एवं नियमावलीबमोजिम सेयरबापतको रकम दाखिला नगर्ने कार्य कम्पनी सुशासनको दृष्टिकोणबाट पनि स्वच्छ अभ्यास मान्न नसकिने । यसरी कम्पनीले दिएको सूचनाको म्यादभित्र सेयर रकम दाखिला नगरेको, कम्पनीमा उपस्थित पनि नभएको कारणबाट पुनरावेदिकाले आफ्नो अध्यक्षतामा साधारणसभा गरी कानूनबमोजिम सेयर रकम जफत गर्ने गरी कम्पनी रजिस्ट्रारको कार्यालयले जमिरियादेवी कुर्मिनीलाई एक सञ्चालक कायम गरी मिति २०६७।१२।३ मा गरेको निर्णय कानूनविपरीत भन्न नमिल्ने ।

प्रस्तुत विवादमा कम्पनी संस्थापनाका बखत आफूले लिन कबुल गरेको सेयरबापतको रकम कम्पनीमा दाखिल गर्ने सम्बन्धमा संस्थापक सेयरधनीलाई राष्ट्रिय स्तरको दैनिक पत्रिका हिमालय टाइम्समा मिति २०६७।९।१३ मा सार्वजनिक सूचना प्रकाशित भएको देखिन्छ । पत्रिकामा सार्वजनिक सूचना जारी गर्नुको उद्देश्य सम्बन्धित सबैले सूचना एवं जानकारी पाउन सकुन् भन्ने नै हो । सेयरधनी दर्ता किताबमा उल्लिखित ठेगानाभन्दा अन्यत्र ठेगाना राखी सूचना प्रकाशन भएको भन्ने जिकिर लिन सकेको देखिँदैन । त्यति मात्र नभई पत्रिकामा सार्वजनिक सूचना जारी भएपछिसमेत कम्पनीमा कुनै सम्पर्क राख्न नआएको भनी सेयरधनीको घरदैलोमा रीतपूर्वक म्याद सूचना टाँस भएकोमा सोपश्चात्समेत संस्थापक सेयरहोल्डरहरू सम्पर्कमा आएको देखिँदैन । यसबाट पुनरावेदिकाले सञ्चालक सेयर होल्डरलाई जानाजान बलमिच्याईंबाट बाहेक गरी कम्पनीको सञ्चालक समितिको बैठक बोलाएको भन्ने देखिएन । बरू आफैँले कबुल गरेको रकम दाखिला गर्न सेयरधनीलाई हरसम्भव मौका र अवसर दिएकोमा त्यसलाई बेवास्ता गरेको देखिने ।

माथि विवेचना भएअनुसार जमिरिया एन्ड सावित्री कन्या स्कुलका संस्थापक सेयर होल्डरहरूले कम्पनी संस्थापना हुँदाका बखत लिन कबुल गरेको सेयरबापतको रकम कम्पनीमा दाखिल गरेको नदेखिएको, सेयर रकम दाखिला गर्ने सम्बन्धमा छलफलका लागि बोलाएको पटकपटकका बैठकमा उपस्थित नभएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ५३(३) र जमिरिया एन्ड सावित्री कन्या स्कुलका प्रा. लि.को नियमावलीको नियम ७ द्वारा निर्दिष्ट कानूनी प्रक्रिया पूरा गरी सेयर जफत गरी निजहरूको नामको

सेयर जगेडामा राखेको कार्य कानूनविपरीत भन्न मिलेन । यसरी पुनरावेदिकाले एक सञ्चालक समिति कायम गरी सोही सञ्चालक समितिको निर्णयानुसार कम्पनी रजिस्ट्रारको कार्यालयले गरेको मिति २०६७।१२।३ को निर्णय कानूनसम्मत रहेको हुँदा सदर गर्नुपर्नेमा सेयर जफत गरी अभिलेख गर्ने व्यवस्था नभएको भनी तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको फैसला त्रुटिपूर्ण रहेको देखिने ।

तसर्थ, उपर्युक्त तथ्य, आधार, कारण र प्रमाणहरूबाट पुनरावेदन जिकिरबमोजिम पुनरावेदिका जमिरिया देवी कुर्मिनीले जमिरिया एन्ड सावित्री कन्या स्कुल प्राइभेट लिमिटेडको एक सञ्चालक समिति कायम गरी आफ्नो अध्यक्षतामा गरेको निर्णयबमोजिम कम्पनी रजिस्ट्रारको कार्यालयको कम्पनी अभिलेख गरेको मिति २०६७।१२।०३ को निर्णयसमेत बदर गर्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७१।०२।२९ को फैसला उल्टी भई सुरू कम्पनी रजिस्ट्रारको कार्यालयको मिति २०६७।१२।०३ को निर्णय सदर हुने ।

इजलास अधिकृत : चिन्तामणी शर्मा

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल असार १६ गते रोज २ शुभम् ।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७३-CI-०५३७, दूषित अंश भरपाई बदर, चम्पादेवी कर्माचार्यसमेत वि. सुभद्रा कर्माचार्य*

पुनरावेदक प्रतिवादी चम्पादेवी, सन्जु कर्माचार्य र प्रतिवादी निमादेवीबाहेकका अन्य प्रतिवादीहरूले वादी प्रतिवादीहरूबिच विधिवत् अंशबन्डा नभएकोले वादी दाबीबमोजिम अंशबन्डा हुनुपर्छ र र.नं.३१०१ मिति २०५०/१०।२० को प्रकाशनारायण कर्माचार्यले गरिदिएको अंश भरपाई लिखत दूषित हुँदा बदर हुनुपर्छ भनी प्रतिउत्तर पेस गरेको देखियो। वादी तथा प्रतिवादी प्रेमनारायणसमेतका साक्षीहरूले समेत वादी प्रतिवादीबिच अंशबन्डा भएको छैन भनी बकपत्र गरिदिएको देखिन्छ । विवादित र.नं. ३१०१ मिति २०५०/१०।२० को अंश भरपाई लिखत हेर्दा प्रत्यर्थी वादीका पति प्रकाश कर्माचार्यले अंशबापत रू.१ लाख अंश बुझी भरपाइ लिखत पारित गरिदिएको देखिन्छ । वादी प्रतिवादीले अंश चलन मुद्दामा पेस गरेको सम्पत्तिको तायदाती फाँटवारी हेर्दा प्रकाश कर्माचार्यले अंशबापत रू. १ लाख रूपैयाँ बुझी गरिदिएको उक्त भरपाइबाट वादी प्रतिवादीबिच अंशबन्डा लाग्ने सम्पत्तिको न्यायोचित र बराबर अंशबन्डा भएको भन्न सकिने अवस्था देखिँदैन । साथै उक्त अंश बुझेको भरपाई लिखत गर्दा यी प्रत्यर्थी वादी सुभद्रा कर्माचार्यलाई साक्षी राखी थाहा जानाकारी दिएको पनि नदेखिने ।

मुलुकी ऐन, अंशबन्डाको महलको १ नं. मा अंशबन्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबु आमा लोग्ने स्वास्नी छोरा छोरीहरूको जियजियैको अंश गर्नुपर्छ भन्ने व्यवस्था र ऐ.को २ नं मा यस महलमा अन्यथा लेखिएमा बाहेक यस महलको १ नं. बमोजिम अंशबन्डा गर्दा अंश पाउने सबैको बराबर अंश गर्नुपर्छ भन्ने व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रत्यर्थी वादीका पतिले अंशबापत रू. १ लाख बुझेको भन्ने आधारमा यी वादीले पनि सोही १ लाखबाट अंश पाइसकेको भनी मान्नलाई उक्त १ लाखबाट वादीले के कति अंश पाएको हो भन्ने कुरा मिसिल प्रमाणबाट खुल्न आएको देखिएन । यस्तो अवस्थामा वादीका पतिले मिति २०५०/१०/२० मा गरेको लिखतलाई अंशबन्डाको १ र २ नं. को कानूनी व्यवस्थाबमोजिम गरेको लिखत मान्न सकिने देखिँदैन । अंशबन्डाको महलको ३, ४ र ५ को व्यवस्थाअनुसार पत्नी र छोराछोरीहरूले पति पिताको अंश हकबाट अंश पाउने देखिन्छ । त्यसका लागि पति पिताले आफूले पाउनुपर्ने न्यायोचित अंश बुझेको अवस्थामा हुनुपर्ने ।

तसर्थ, अंश हक अंशियारको नैसर्गिक हक भएकोले वादीका पतिले आफ्नो अंशबापत रू. १ लाख रूपैयाँ बुझी गरिदिएको उक्त भरपाइबाट यी प्रत्यर्थी वादीको पनि अंश हक समाप्त भएको भनी अर्थ गर्न मिल्दैन । यसरी वादी दाबीबमोजिम र.नं. ३१०१ मिति २०५०।१०।२० को अंश भरपाइ लिखत बदर हुने अवस्था देखिएको स्थितिमा पनि वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू भक्तपुर जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबीबमोजिम उक्त अंश छोडपत्र भरपाइ बदर हुने ठहराएको पुनरावेदन अदालतको फैसला मिसिल प्रमाणको रोहबाट मिलेकै देखिन आयो । वादीका पतिले अंश पाइसकेकोले वादीले दाबी गर्न मिल्ने होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर र निजतर्फका विद्वान् वरिष्ठ अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अत: विवेचना गरिएका आधार प्रमाणको विश्लेषण गरी वादी दाबीबमोजिम र.नं.३१०१ मिति २०५०/१०/२० को अंश भरपाइ लिखत बदर हुने ठहराउनुपर्नेमा वादी दाबी पुग्न नसक्ने ठहराएको भक्तपुर जिल्ला अदालतको मिति २०७१/१/१७ को फैसला उल्टी गरी वादी दाबीबमोजिम उक्त अंश छोडपत्र भरपाइ लिखत बदर हुने ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- तारादत्त बडु

इति संवत् २०७६ साल पौष ४ गते रोज ६ शुभम् ।

- यसमा यसै मुद्दासँग अन्तर्सम्बन्धित ०७३-CI-०५३३, ०५३५, ०५३४, ०५३६, अंश चलनसमेत, चम्पादेवी कर्माचार्यसमेत वि. सुभद्रा कर्माचार्य भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको ।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७४-WO-०१५०, *उत्प्रेषण, डबलकुमारी पण्डित वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालसमेत*

जुनसुकै सरकारी निकायले कुनै निर्णय गर्दा त्यस्तो निर्णयबाट कसैको हक अधिकारमा आघात पर्दछ भने निर्णय गर्नुपूर्व सुनुवाइको मौका दिनुपर्ने कुरा अनिवार्य र स्वाभाविक हुन्छ । सुनुवाइको मौका नदिई कसैका विरूद्ध निर्णय गर्नु हुँदैन भन्ने कुरा नै प्राकृतिक न्यायको सिद्धान्त हो । कसैको विरूद्ध कुनै निर्णय गरिन्छ भने उसलाई आफ्ना कुरा भन्ने मौका प्रदान गर्न निर्णयकर्ताले सूचना जारी गरी जानकारी दिनु पर्दछ । यदि कसैलाई कुनै सूचना वा जानकारी नै नदिइकन उसको विरूद्ध निर्णय गरिन्छ भने त्यहाँ प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन हुन जान्छ र त्यस्तो निर्णय अमान्यसमेत हुन्छ । प्राकृतिक न्यायको सिद्धान्तबमोजिम जसको विरूद्ध निर्णय गरिन्छ सो व्यक्तिलाई आफ्ना कुरा भन्ने मौका दिनुपर्ने हुन्छ । सुनुवाइको लागि उचित अवसर तथा मौका नदिई गरेको निर्णयले न्यायिक प्रक्रियामा वैधानिकता प्राप्त गर्न सक्दैन । त्यस्तो निर्णय प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल तथा बदरयोग्य हुन्छ । प्रस्तुत विवादमा प्रत्यर्थी आयोगबाट विवादित साबिक कि.नं.९७६ को जग्गाको दर्ता बदर गरी नेपाल सरकाको नाउँमा कायम गर्न मिति २०७४।१।७ मा निर्णय गरी सो निर्णय कार्यान्वयन गर्न मिति २०७४।२।१७ मा पत्राचार गर्दासमेत उक्त साबिक कि.नं.९७६ को हाल कायम भएको कि.नं.३३७, ६१० र ३३९ को जग्गाको जग्गाधनी यी रिट निवेदिका डबलकुमारी पण्डितलाई प्रत्यक्ष असर पर्ने देखिएको अवस्थामा निजलाई नबुझी गरेको उक्त निर्णय र पत्रसमेत प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल हुन जाने देखिन आउने ।

नेपालको संविधानको धारा २३९ को उपधारा १ को संवैधानिक व्यवस्थाअनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको सम्बन्धमा अनुसन्धान

गर्न सक्ने संवैधानिक अधिकारक्षेत्र निर्धारण भएको देखिन्छ। जग्गा दर्ता गर्ने आधिकारिक निकाय मालपोत कार्यालय ललितपुरले कानूनबमोजिमको प्रक्रिया एवम् कार्यविधिअनुसार उक्त साबिक कि.नं.९७६ को जग्गा मिति २०६९।१०।१५ को निर्णयअनुसार शेरबहादुर घिमिरेको नाउँमा बेनिस्सा जग्गा दर्ता गरेको कार्यलाई बदर गरी उक्त बेनिस्सा जग्गा नेपाल सरकारको नाउँमा कायम गर्न मिति २०७४।१।७ मा प्रत्यर्थी आयोगबाट निर्णय गरी सो निर्णय कार्यान्वयन गर्न मिति २०७४।२।१७ मा निर्देशनसहित पत्राचार गर्न सक्ने क्षेत्राधिकारसमेत प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई उक्त संवैधानिक व्यवस्थाले प्रदान गरेको देखिन नआउने।

त्यसैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१)(ग) को कानूनी व्यवस्थाअनुसार प्रस्तुत विवादको सन्दर्भमा २०६८ सालमा नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी स्ववासी घर वा घर जग्गा र बेनिस्सा जग्गा दर्ता समिति गठन तथा कार्यविधि जारी गरी सोअनुसार मालपोत कार्यालय ललितपुरमा गठित समितिसमक्ष उक्त साबिक कि.नं.९७६ को जग्गा दर्ता गर्न यी रिट निवेदकको दाता शेरबहादुर घिमिरेले परापूर्वकालदेखि भोग चलन गरी आएको स्ववासी बेनिस्सा जग्गा नापीको समयमा दर्ता बाँकी भएकोले दर्ता गरिपाउँ भनी निवेदन दिएपछि कानूनले तोकेको प्रक्रिया र कार्यविधि पूरा गरी उक्त समितिको सिफारिस, साबिकदेखिको भोगचलन, फिल्डबुक र उक्त कि.नं.९७६ को जग्गा पहिलेदेखि शेरबहादुर घिमिरेले जोत कमोद गरी नापनक्शा हुँदा फिल्डबुकमा नाम लेखाउन छुटेकोले निजको नाममा दर्ता भएमा कुनै किसिमको फरक पर्दैन भन्ने स्थानीय सर्जमिनसमेतको आधारमा मालपोत कार्यालय ललितपुरको मिति २०६९।१०।१५ को निर्णयअनुसार शेरबहादुर घिमिरेको नाउँमा दर्ता कायम भएको देखिन्छ । यसप्रकार आधिकारिक निकायले कानूनबमोजिम जग्गा दर्ता गरेको कार्यलाई प्रक्रिया नपुगेको भनी उक्त जग्गा दर्ता बदर गरी नेपाल सरकारको नाउँमा कायम गर्न मिति २०७४।१।७ मा निर्णय गरी सो निर्णय कार्यान्वयन गर्न मिति २०७४।२।१७ मा निर्देशनसहित पत्राचार गर्न सक्ने अधिकार उक्त संवैधानिक एवम् कानूनी व्यवस्थाले प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई दिएको नदेखिने।

यसरी कानूनको रीत पुर्‍याई आधिकारिक निकायबाट गरेको जग्गाको दर्ता बदर गर्न निर्णय गरी सो निर्णय कार्यान्वयनको लागि गरेको पत्राचारसमेतको कार्य संवैधानिक तथा कानूनी व्यवस्था र प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिएको अवस्थामा मालपोत कार्यालय ललितपुरको मिति २०६९।१०।१५ को निर्णयानुसार शेरबहादुर घिमिरेको नाममा दर्ता भएको साबिक कि.नं.९७६ को हाल कायम कि.नं.३३७, ६१०, ३३९ समेतका जग्गाको दर्ता बदर गरी नेपाल सरकारको नाममा कायम गर्न प्रत्यर्थी आयोगको मिति २०७४।१।७ को निर्णय र सो निर्यण कार्यान्वयन गर्न मिति २०७४।२।१७ मा गरेको पत्राचारअनुसार यी रिट निवेदिकालाई बुझ्नको लागि उपस्थित हुन मालपोत कार्यालय, ललितपुरबाट मिति २०७४।५।६ मा लेखेको पत्रसमेतले कानूनी मान्यता पाउन सक्ने देखिन नआउने।

प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले साबिक कि.नं.९७६ को जग्गाको दर्तालाई बदर गरी नेपाल सकारको नाउँमा कायम गर्न निर्णय गरी पत्राचार गरेको कार्यले उक्त जग्गाको हालको जग्गाधनी रिट निवेदिकालाई प्रत्यक्ष असर पर्ने र निजलाई सुनुवाइको मौकासमेत नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत गरेको प्रत्यर्थी आयोगको मिति २०७४।१।७ को निर्णय र सो निर्णय कार्यान्वयन गर्न मिति २०७४।२।१७ मा लेखेको पत्र र सोअनुसार

मालपोत कार्यालय ललितपुरले यी रिट निवेदिकालाई मिति २०७४।५।६ मा लेखी पठाएको पत्रसमेतले कानूनी मान्यता पाउन नसक्ने।

उत्प्रेषण रिट कुनै पनि निकायलाई अधिकारक्षेत्र बाहिर जान नदिनु र क्षेत्राधिकार नाघी गरेको निर्णय बदर गर्न सक्षम निकायमा दिइने निवेदनमा जारी गरिने उपचारात्मक आदेश हो। यो आदेश मातहत अदालत र निकायको गैरकानूनी कार्यलाई नियन्त्रण गरी सुधार गर्ने माध्यमको रूपमा रहेको हुन्छ। प्रशासनिक, अर्धन्यायिक र न्यायिक निकायले गरेको कार्यसम्पादनको सिलसिलामा कुनै गैरकानूनी कार्यलाई बदर गर्न जारी गर्न सकिन्छ। उत्प्रेषणको आदेश जारी हुन आफूलाई नभएको अधिकारक्षेत्र ग्रहण गरेमा, आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई निर्णय गरेमा, अधिकारक्षेत्रको प्रयोग कानूनसङ्गत ढङगले नगरेमा, तोकिएको कार्यविधि पूरा नगरेमा, कानूनको प्रयोग तथा व्याख्या देखादेख त्रुटि गरेमा, प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेमा, निर्णयमा मनासिब आधार र कारण नखुलाएमा, पश्चात्दर्शी असर पर्ने गरी निर्णय गरेमा, कानूनको अख्तियारी नभएको अवस्था र कानूनको अख्तियारीमा आधारित नभई स्वेच्छाचारी, गैरकानूनी तथा विभेदकारी तरिकाले निर्णय गरेको अवस्थामा सामान्यतया उत्प्रेषणको आदेश जारी गर्न सकिन्छ। प्रस्तुत विषयमा प्रत्यर्थी आयोगले संविधान र कानूनले निर्धारण गरेको अधिकार क्षेत्र बाहिर गई प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी गरेको उक्त निर्णय र पत्रसमेत बदर गर्न उत्प्रेषणको आदेश जारी गर्नुपर्ने देखिन आउने।

अत: उल्लिखित आधार र कारणबाट जग्गा दर्ता गर्ने आधिकारिक निकाय मालपोत कार्यालय ललितपुरले सार्वजनिक जग्गा भनी स्पष्ट उल्लेख नभएको विरहको प्रकृतिमा आवादी जनिने नापीको समयमा जोताहा र जग्गा धनीको महल खाली रहेको स्ववासी जग्गाको सम्बन्धमा मिति २०६९।१०।१५ मा गरेको निर्णयअनुसार शेरबहादुर घिमिरेको नाउँमा दर्ता भएको साबिक कि.नं.९७६ को जग्गाको दर्तालाई कानूनी प्रक्रिया पूरा नगरी दर्ता गरेको हुँदा सो जग्गा दर्ता बदर गरी नेपाल सरकारको नाउँमा कायम गर्न प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०७४।१।७ मा निर्णय गरी सो निर्णय कार्यान्वयन गर्न मिति २०७४।२।१७ मा गरेको निर्देशनसहितको पत्र र सो पत्रको आधारमा यी रिट निवेदिकालाई बुझ्न मालपोत कार्यालय ललितपुरले मिति २०७४।५।६ मा लेखी पठाएको पत्रसमेतको प्रत्यर्थीहरूको उक्त काम कारबाहीले संवैधानिक, कानूनी र प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल रही मान्यता पाउन सक्ने नदेखिँदा प्रत्यर्थीहरूले गरेको उक्त निर्णय र पत्रसमेतको काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल पुस १६ गते रोज ४ शुभम्।

- यसमा यसै लगाउमा रहेको ०७४-WO-०१९७, ०२२४, उत्प्रेषण, डबलकुमारी पण्डित वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल काठमाडौंसमेत भएको मुद्दाको आदेश यसै प्रकृतिको रहेको।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७५-CR-००२४, घुस रिसवत लिई भ्रष्टाचार गरेको, नेपाल सरकार वि. शिवकुमार यादव*

निवेदकले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय, कोहलपुरमा दिएको निवेदनमा यी प्रतिवादी शिवकुमार यादव र सहायक वन अधिकृत चन्द्रेश्वर सिंहको नाम किटान गरेको र निजले अनुसन्धानमा गरेको कागजमा रू.७,०००।- मध्ये रू.६,०००।- चन्द्रेश्वर सिंहलाई दिन र रू.१०००।- शिवकुमार यादवको लागि दिएको भन्ने उल्लेख गरेको

र निजले अदालतसमक्ष बकपत्र गर्दा आफूले दिएको रकममध्ये रू.६,०००।- चन्द्रेश्वर सिंहलाई दिनु भनी प्रतिवादी शिवकुमार यादवलाई भनेको थिए भन्ने लेखाएको पाइन्छ । रू.६,०००।- चन्द्रेश्वर सिंहलाई दिनु भनी निवेदकले शिवकुमार यादवलाई भनेको भन्ने निवेदक र प्रतिवादीबिच भएको फोन रेकर्डको सि.डी.को लिपीबद्ध गरेको कागजबाट समेत देखिएको छ । निवेदक बब्लु कवडियाले दिएको रकम हाकिम चन्द्रेश्वर सिंह र निवेदक बब्लु कवडियाको बिचको लेनदेनको कुरा हो, हाकिमलाई दिनु भनेकोले सो रकम आफूले लिएको हो भनी प्रतिवादी शिवकुमार यादवले अनुसन्धानमा बयान गरेको छन् भने अदालतमा बयान गर्दा उक्त रकम निवेदकले आफूलाई दिएको नभई आफू निवासमा नभई श्रीमती मात्र भएको अवस्थामा निवेदकले लगी छाडिदिएको भन्ने लेखाएको पाइन्छ । चन्द्रेश्वर सिंह र निवेदक बब्लु कवडियाका बिच मिति २०७३।१०।२० मा मोबाइलबाट संवाद भएको भन्ने कल डिटेलबाट देखिएको छ । मुख्य व्यक्तिको रूपमा रहेको निज चन्द्रेश्वर सिंहलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्रतिवादीसम्म कायम नगरी चन्द्रेश्वर सिंह र बब्लु कवडियाको बिचमा सम्पर्क सुत्रको रूपमा रहेका फरेष्टर जस्तो सामान्य पदमा कार्यरत शिवकुमार यादवलाई प्रतिवादी कायम गरेको तथ्य विवेकसम्मत र न्यायोचित मान्न मिल्ने नदेखिने।

उक्त घुस रिसवतको रकम लिन मुख्य भूमिका निर्वाह गरेका चन्द्रेश्वर सिंहलाई आरोपित कसुरमा अभियोजन नगरी यी प्रतिवादी शिवकुमार यादवलाई मात्र अभियोजन गरेको देखिएबाट निजको आरोपित कसुरमा के कस्तो संलग्नता रहेको छ भन्नेतर्फ हेर्दा, निवेदकले दिएको उजुरी, मौकामा गरेको कागज र अदालतमा गरेको बकपत्रसमेतमा घुस रकम दिनुको कारण उजुरवाला निवेदकले खरिद गरेको रूखमा टाँचा निसाना लगाउन यी प्रतिवादी शिवकुमार यादवले घुस रिसवत माग गरेको हुँदा सो घुस रिसवतको रकम रू.७,०००।- मध्येको रू.१०००।- यी प्रतिवादीको नाममा र रू.६०००।- चन्द्रेश्वर सिंहलाई दिनु भनी दिएको भन्ने उल्लेख गरेको पाइन्छ । मिसिल सामेल रहेको निवेदक र प्रतिवादीको फोन वार्ता भएको सि.डी. को लिपिवद्ध गरेको कागजबाट समेत विवादित रकम यी प्रतिवादीलाई भन्दा पनि प्रतिवादी नै नबनाइएका चन्द्रेश्वर सिंहलाई दिनको लागि प्रदान गरेको भन्ने उल्लेख भएको देखिएको छ । उक्त बरामद रकम यी प्रतिवादी शिवकुमार यादवबाट बरामद नभई निजकै श्रीमतीको कालो ब्याग शौचालयको पूर्व खोल्सा छेउको झाडीमा फेला परी बरामद भएको भन्ने देखिन्छ । प्रतिवादीका साक्षी सलिम तेलीले शिव सरको श्रीमतीलाई निवेदकले पैसा दिएको भनी बकपत्र गरेको र अर्का साक्षी गुगली यादवले पनि शिव सरको श्रीमतीले निवेदक बब्लु कवडिया आफ्नो निवासमा आएको थियो भनेकी थिइन् भन्ने लेखाएको देखिँदा प्रतिवादीको अनुपस्थितिमा निजकी श्रीमती एक्लै भएको मौकामा निवेदक गई उक्त रकम छाडिदिएपछि अख्तियारको टोली प्रवेश गरेको देखी डराएर निवेदकले छाडेको रू.७०००।- र आफ्नो व्यक्तिगत रू.१,८४,९१०।- समेत झाडीमा फालेको देखिएबाट उक्त बरामद रू.७०००।- अनियमित वा रिसवतको कारणले प्राप्त भएको रकम भन्ने जानकारी भएर प्रतिवादीको श्रीमतीले झाडीमा फालेको भनी निष्कर्षमा पुग्न न्यायोचित नहुने।

प्रतिवादी शिवकुमार यादव सेक्टर वन कार्यालय, मैनापोखर बर्दियाबाट मिति २०७३।५।२० मा वैदी इलाका वन कार्यालयमा सरूवा भई मिति २०७३।७।२२ मा रमाना भई सो कार्यालयमा नियमित रूपमा हाजिर भएको भन्ने हाजिरी अभिलेख, सरूवा तथा रमाना पत्रसमेतबाट देखिएको छ । इलाका वन कार्यालय, वैदीमा सरूवा भएका व्यक्तिले सेक्टर वन कार्यालय मैनापोखर बर्दियाको नामबाट खरिद गरिएका रूखमा टाँचा निशान नलगाएकोले निजलाई

घुस प्रयोजनको लागि निवेदकले रकम दिएको भन्ने तथ्य विश्वास गर्नलायक देखिएन । निवेदकले खरिद गरेका रूखमा टाँचा निसान लगाउने कार्य मिति २०७३।१०।१३ मा नै सम्पन्न भइसकेको भन्ने देखिएकोले काम सम्पन्न भई सकेको कुरामा सरूवा तथा रमाना भइसकेका यी प्रतिवादी शिवकुमार यादवले मिति २०७३।१०।२१ मा घुस लिएका हुन् भनी अनुमान गर्न मिलेन । तसर्थ, सेक्टर वन कार्यालय, मैनापोखरका सहायक वन अधिकृत चन्द्रेश्वर सिंहलाई निवेदकले पठाएको रकम हो भन्ने अनुसन्धानको क्रममा नै स्पष्टदेखि रहेको अवस्थामा निजका हकमा मुद्दा नै नचलाई वारदात मिति २०७३।१०।२१ भन्दा करिब छ महिना पहिले सरूवा भई तीन महिना पहिले नै सो कार्यालयबाट रमाना लिई गएका फरेष्टर शिवकुमार यादवले घुस रिसवतबापत निवेदकबाट रकम लिएको भन्ने ठोस वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेस हुन सकेको नदेखिने ।

प्रमाण ऐन, २०३१ को दफा २५ मा कसुर प्रमाणित गर्ने भार वादीमा राखेकोले सोबमोजिमको दायित्व अभियोजन पक्षले पूरा गरेको देखिँदैन । अभियोग दाबी शंकारहित तवरले पुष्टि हुन नसकेसम्म फौजदारी मुद्दामा कुनै पनि व्यक्तिलाई कसुरदार कायम गर्न न्यायोचित हुँदैन । यसरी प्रतिवादी शिवकुमार यादवले घुस लिने खाने प्रयोजनको लागि निवेदकबाट रकम लिएको र चन्द्रेश्वर सिंहलाई घुस रिसवतबापत निवेदकले रकम दिन भनेको भन्ने जानकारीसहित रकम बुझेको भन्ने नदेखिएको, बरामद भएको भनिएको रकम निवेदकले निजलाई दिएको हो वा निजको श्रीमतीलाई दिएको हो सो कुरा पनि निर्विवाद रूपमा पुष्टि हुन सकेको देखिँदैन । यसप्रकार यी प्रतिवादी शिवकुमार यादवले घुस रिसवतबापत निवेदकसँग रकम लिए खाएको भन्ने कसुर शंकारहित तवरले पुष्टि हुन सकेको नदेखिँदा निज प्रतिवादीले आरोप दाबीबमोजिमको कसुर गरेको देखिन नआउने ।

यसै सन्दर्भमा *ने.का.प.२०७२, अङ्क ३, नि.नं.९३६० को नेपाल सरकार विरूद्ध सुधिर श्रेष्ठ भएको भ्रष्टाचार मुद्दामा प्रतिपादित सिद्धान्त* सोअनुसार प्रतिवादी शिवकुमार यादवले घुस लिने खाने प्रयोजनको लागि निवेदकबाट रकम लिएको, चन्द्रेश्वर सिंहलाई घुस रिसवतबापत निवेदकले रकम दिन भनेको भन्ने जानकारीसहित रकम बुझेको भन्ने नदेखिएको, बरामद भएको भनिएको रकम निवेदकले निजलाई दिएको हो वा निजको श्रीमतीलाई दिएको हो, सो कुरा पनि निर्विवाद रूपमा पुष्टि हुन सकेको देखिँदैन । यसप्रकार यी प्रतिवादी शिवकुमार यादवले घुस रिसवतबापत निवेदकसँग रकम लिए खाएको भन्ने कसुर शंकारहित तवरले पुष्टि हुन सकेको नदेखिँदा आरोप दाबीबाट प्रतिवादी शिवकुमार यादवलाई सफाइ दिने गरी विशेष अदालतबाट मिति २०७५।१।१३ मा भएको फैसला मनासिब देखिँदा प्रतिवादीलाई आरोप दाबीबमोजिम सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार एवम् कारणबाट बरामद भएको रू.७,०००।- यिनै प्रतिवादी शिवकुमार यादवको श्रीमतीको कालो ब्यागबाट बरामद भएको भन्ने कुरामा विवाद नभए पनि बब्लु कवडियाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा कागज गर्दा तथा अदालतमा बकपत्र गर्दासमेत उक्त रकम सहायक वन अधिकृत चन्द्रेश्वर सिंहलाई दिनको लागि भनी दिएको भन्ने लेखाएकोमा निज चन्द्रेश्वर सिंहउपर अभियोजन नै नगरिएको र वारदात मितिपूर्व नै प्रतिवादी शिवकुमार यादवको सरूवा भई रमानासमेत भइसकेको अवस्थामा निज प्रतिवादीले उजुरवालाबाट घुस रिसवत रकम लिएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट नदेखिँदा निज प्रतिवादी शिवकुमार यादवले आरोपित कसुरबाट सफाइ पाउने गरी विशेष अदालतबाट मिति

२०७५।०१।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल पुस १५ गते रोज ३ शुभम्।

इजलास नं.४

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०६९-CR-१०८५, सवारी ज्यान, नेपाल सरकार वि. गोपाल अम्गाई*

कुनै पनि वारदातमा यदि परिणामको पूर्वज्ञान हुँदाहुँदै पनि जोखिम उठाउने तत्परता देखिएको छ भने लापरवाही भएको मान्न सकिन्छ। तर परिणामको इच्छा नभएको, सावधानी अवलम्बन गर्न खोज्दाखोज्दै पनि अनिच्छित परिणाम आएको अवस्थामा लापरवाही गरेको भनी बढी सजाय गर्न मनासिब हुने देखिँदैन। प्रस्तुत वारदातमा प्रतिवादीले परिणामको पूर्वज्ञान हुँदाहुँदै लापरवाही गरेको भन्ने अवस्था मिसिल प्रमाणबाट देखिन आएको छैन। रातिको समयमा उकालो घुम्ती बाटोमा बसको पछाडिको भागले बच्चालाई ठक्कर दिएको वारदातलाई चालकको लापरवाही भन्न मिल्ने अवस्था नदेखिने।

उकालो सडक तथा सवारीलाई बायाँतर्फ मोड्न पर्ने त्यस्तो बाटोमा मृतक बालक सो समयमा विपरीत दिशाबाट दुर्घटनास्थलमा आईपुग्दा बस बायाँतर्फ मोड्दा बसको अगाडिको भाग केही कटेको र पछाडिको बायाँतर्फको भागले बालकलाई ठक्कर दिई पर्खालमा ठोकिएको देखिन्छ। यस्तो अवस्थामा सडकको प्रकृति तथा त्यस्तो उकालो घुम्ती बाटोमा अकस्मात बालक आईपुग्दा बसको बायाँतर्फको पछाडिको भागले ठक्कर दिन पुगी निज बालक सन्दिप भन्ने सन्जीव थापाको मृत्यु हुनु संयोगसम्म देखिने।

प्रतिवादीले आफूले हाँकेको गाडीले ठक्कर दिई बालकको मृत्यु भएको भन्ने तथ्यलाई स्वीकार गरेको भए पनि जाहेरवाला र मौकामा कागज गर्ने व्यक्तिले यी प्रतिवादीले मादक पदार्थ सेवन गरी सवारी चलाएको भनी गरिदिएको कागजका सम्बन्धमा घटनापश्चात् मिति २०६८।४।१४ मा जिल्ला अस्पताल गोरखामा गरिएको निजको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजले मादक पदार्थ सेवन गरेको नपाइएको भन्ने र दुर्घटनाग्रस्त बसको मेकानिकल जाँच प्रतिवेदनसमेतबाट प्रतिवादीले चलाएको बसमा कुनै यान्त्रिक खराबी रहेको भन्ने नदेखिएको अवस्थामा प्रतिवादीले लापरवाही गरी सवारी चलाएको कारणबाटै प्रस्तुत दुर्घटना भएको भनी दाबीअनुसार सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रस्तुत मुद्दामा विवेचना गरिएका तथ्य, प्रमाण घटना प्रकृतिको अवस्थासमेतबाट प्रस्तुत सवारी दुर्घना सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) अन्तर्गत घटन गएको देखिँदा सोही ऐनअनुसार प्रतिवादीलाई ५ (पाँच) महिना कैद र रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवाना हुने ठहराएको गोरखा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०६९।११।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल चैत्र ७ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७२-CI-०८२७, दोहोरो दर्ता बदर, अमिका अहिर यादवसमेत वि. रामवृक्ष अहिरसमेत*

दाबीको कि.नं.१७९ को जग्गा जिमिदार योगेन्द्रनाथ शुक्लको जि.रूपन्देही गा.पं.वडा नं.६ महदेवाको जिमिदारी सिर जग्गाबाट हरिहर केवटले पोत दिने गरी उखडा कमाउन लिई सालसालै पोत बुझाई कमाई आएको उक्त जग्गा उखडा विशेष अदालतबाट मिति २०४०।४।१९ मा हरिहर केवटको नाउँमा दर्ता हुने गरी फैसला भएको भन्ने देखिन्छ। यी पुनरावेदक प्रतिवादी हरिहर केवटसमेतको प्रतिउत्तर पत्रबाट उक्त जग्गाको चारकिल्लामा टासैँ सो पूर्व दुखी मोती सो पश्चिम मलखाने सो उत्तर पिताम्बर सो दक्षिण भनी उल्लेख भएको देखिन आएको छ। प्रस्तुत मुद्दामा वादीहरूका पिता महातम र काका सुग्रीवबिच चलेको अंश मुद्दाको मिति २०२९।७।१८ मा भएको फैसलाबमोजिम मिति २०३०।४।१९ मा बन्डा मुचुल्का भएको देखिन्छ। सो बन्डा मुचुल्काको सि.नं.१० मा पूर्व योगेन्द्रनाथ, पश्चिम पिताम्बर कुर्मी, उत्तर दक्षिण योगेन्द्रनाथ भनी उल्लेख भएको र महातम र सुग्रीवले भरेको ७ नं. फारामको सि.नं.१ मा पूर्वतर्फ पिताम्बर पश्चिम उत्तर योगेन्द्रनाथ दक्षिण पिताम्बर भनी उल्लेख भएबाट प्रत्यर्थी वादीहरूले दाबी गरेको जग्गाको चारकिल्ला परस्पर बाझिन गई नमिलेको भन्ने देखिन्छ। अर्कोतर्फ उक्त जग्गाको नापीमा खडा भएको फिल्डबुकमा पूर्व टासैँ, पश्चिम दुखी मोती, उत्तर मखसान, दक्षिण पिताम्बर भनी उल्लेख भएको देखिँदा वादीहरूले प्रमाणमा दिएको बन्डा मुचुल्कामा उल्लेख भएको किल्लासँग विवादित जग्गाको नापीमा खडा भएको फिल्डबुकको चार किल्लासमेत मिले भिडेको नदेखिने।

मिति २०३०।४।१९ मा भएको बन्डा मुचुल्काको सि.नं.१० मा कि.नं.१७९ को जग्गाको चारकिल्लामा पूर्व योगेन्द्रनाथ, पश्चिम पिताम्बर कुर्मी, उत्तर र दक्षिण योगेन्द्रनाथ भनी उल्लेख भएको देखिन्छ। नापी कार्यालय, रूपन्देहीबाट प्राप्त फिल्डबुकबाट सोही कि.नं.१७९ को जग्गाको चारकिल्लामा पूर्वमा मोती कुर्मीको कि.नं.१८० पश्चिममा जग्गाधनी स्पष्ट नखुलेको कि.नं.१७५ उत्तरमा पीताम्बर कुर्मीको कि.नं.१८१ दक्षिणमा समेत जग्गाधनी स्पष्ट नखुलेको कि.नं.१७६ को जग्गा रहेको देखिएकोले उक्त जग्गाको चारकिल्ला परस्पर मेल खाएको देखिन आएन। नापी शाखा, रूपन्देहीको क्षेत्रीय किताबको कैफियतमा मालपोत कार्यालयको दर्ता नम्बर ७७९ मिति २०४१।६।११ मा हरिहर केवटको दर्ता जानकारी प्राप्त भनी उल्लेख भएको देखिने।

दाबीको कि.नं.१७९ को जग्गा अमिका अहिरको जोतभोगमा रहेको भनी गा.वि.स. असुरैनले मिति २०६२।१०।१३ मा मालपोत कार्यालय रूपन्देहीमा स्पष्ट लेखी पठाएको र फिल्डबुक उतारसमेतबाट अमिका अहिरका नाममा दर्ता रहेको कि.नं १७९ को जग्गाको वास्तविक दाता साबिक जग्गाधनी हरिहर केवट रहे भएको देखिँदा यी पुनरावेदक हरिहर केवट नाउँको दर्ता र निजले पुनरावेदक अमिका अहिरलाई पारित गरी दिएको दर्ता लिखत बदर हुने ठहर गरेको पुनरावेदन अदालत बुटवलको फैसला मनासिब नदेखिने।

तसर्थ, विवेचित आधार र कारणबाट अमिका अहिरका नाउँमा रहेको कि.नं.१७९ ज.वि.०-७-० को जग्गा निजको नाममा भएको दोहोरो दर्ता लिखत र दर्तासमेत बदर हुने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६७।१२।१ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत:- सरिता रिजाल

इति संवत् २०७५ साल मङ्सिर ११ गते रोज ३ शुभम्।

- यसमा यसै लगाउको ०७२-CR-०७६५, किर्ते जालसाजी, हरिहर केवट वि. पल्टु अहिर भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७२-CR-०९५२, हातहतियार खरखजाना, नेपाल सरकार वि. हर्के भन्ने रोहन थापासमेत*

प्रतिवादीहरू बाबु थापा भन्ने मेघबहादुर थापाको साथबाट नलकटुवा बन्दुक १ र गोली राउन्ड २, बमबहादुर लामिछानेको साथबाट नलकटुवा बन्दुक १ र गोली राउन्ड १, राजु लामाको साथबाट गोली राउन्ड २, सोमबहादुर भण्डारीको साथबाट गोली राउन्ड १ र धनुष भन्ने डलकबहादुर थापाको साथबाट गोली राउन्ड २, रोहन थापाको साथबाट गोली राउन्ड १ र सोमबहादुर लामाको साथबाट गोली राउन्ड १ बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिए तापनि प्रतिवादी बमबहादुर लामिछानेले जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा बयान गर्दा आफ्नो सुरक्षाको लागि घरमा भएको नलकटुवा बन्दुक २ र गोली राउन्ड १० थान ल्याई गाडीमा अरूले थाहा नपाउने गरी लुकाई राखेको भनी बन्दुक तथा सोका गोलीहरू आफूले राखेको तथ्यमा साबिती भई बयान गरेको देखिए तापनि अर्का प्रतिवादी मेघबहादुरको साथबाट नलकटुवा बन्दुक १ र गोली राउन्ड २ गोली बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिँदा अन्य प्रतिवादीहरूको साथबाट बरामद भएको भनिएको बन्दुक बिनाको गोलीको कुनै प्रयोग नहुने बरामदी गोली हातहतियार खरखजाना ऐन, २०१९ को दफा २ (ग) को परिभाषाभित्र नपर्ने, गोली मात्र बरामद भए पनि सोको जिम्मेवारी प्रतिवादी बमबहादुर लामिछानेले लिएको अवस्थामा अन्य प्रतिवादीहरू रोहन थापा, सोमबहादुर भण्डारी, सोमबहादुर लामा, राजु लामा भन्ने दिव्यमान लोप्चन र धनुष भन्ने डलकबहादुर थापालाई कसुरदार कायम गर्न मिल्ने नदेखिने।

आरोपित कसुरमा प्रतिवादी बाबु थापा भन्ने मेघबहादुर थापा र राजकुमार भन्ने बमबहादुर लामिछानेको मात्र संलग्नता रहेको पुष्टि हुन आएकाले प्रतिवादीहरू बाबु थापा भन्ने मेघबहादुर थापा र बमबहादुर लामिछानेलाई हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम जनही रू. ६५,०००।- (पैंसठ्ठी हजार रूपैयाँ) जरिवाना हुने तथा प्रतिवादीहरू हर्के भन्ने रोहन थापा, धनुष भन्ने डलकबहादुर थापा, सोमबहादुर भण्डारी, सोमबहादुर लामा र राजु लामाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६९।०६।०३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी, *०७२-CI-०६९७, मोही दर्ता नामसारी, छुतहर पासमान वि. अशोक यादव*

जिल्ला सप्तरी, नार्हो गाउँ विकास समिति, वडा नं. ५(क) कि.नं.९८ को २-७-१४ को जग्गा कित्ताकाट भई हालको कि.नं. २९५ को ०-१५-० जग्गा विपक्षी अशोककुमार यादवका नाउँमा कायम हुन आएको जग्गा वादीका बाबु बैरसु पासमानले मोहीको हैसियतले कमाई अनुसूची १ फाराम भरी २ नं. अनुसूची प्रकाशित भई ४ नं. जोताहा अस्थाई निस्सा लिएको भन्ने वादीको भनाइ देखिन्छ । उक्त अनुसूचीहरू विवादित कि.नं. २९५ को जग्गाको हो भन्ने प्रमाण वादीले दाखिल गर्न सकेको देखिँदैन । उक्त जग्गाको वादीले उल्लेख गरेको चार किल्ला मिले भिडेको पनि देखिँदैन । उक्त कि.नं. को जग्गाको चार किल्ला हेर्दा फिल्डबुकमा पूर्व भटाई मलाह, पश्चिम सडक, उत्तर धनराज, कृष्ण कुमार र दक्षिण सडक भन्ने देखिन्छ भने निजका बाबु बैरसु पासमानले भरेको मोही लगत अनुसूची १ बमोजिम प्रकाशित भएको २

नं. अनुसूचीमा पूर्व देवलाल, पश्चिम नदी, उत्तर भागु र दक्षिण नदी भन्ने देखिएबाट निजले मोहीमा कमाइ आएको भनिएको जग्गा प्रस्तुत मुद्दाको कि.नं.२९५ को चार किल्लासँग मिले भिडेको नदेखिने।

मोही हक जग्गा कमाउने व्यक्तिले कानूनले तोकेको सर्तहरू पालन गरी पूरा गरेको अवस्थामा मात्र प्राप्त हुने हक हो । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ अनुसार मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, बाबु, धर्मपुत्र आदिमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने कानूनी व्यवस्था भएकोले वादीको पिताको नै मोही हक कायम नभएको जग्गामा निज वादीको नाममा नामसारी हुने भन्न नमिल्ने।

तसर्थ, वादीका बाबुले नै मोही हक कायम गराउन नसकेको स्थितिमा वादीका बाबु बैरसु पासमानको नाममा दाबीको जग्गा मोही दर्ता गरी यी वादीका नाममा नामसारी गर्न कानूनसङ्गत नदेखिँदा दाबीको कि.नं.९८ को २-७-१४ जग्गा कित्ताकाट भई हालको कि.नं. २९५ को ०-१५-० जग्गा विपक्षी अशोककुमार यादवका नाउँमा कायम हुन आएको जग्गामा मोही कायम गरी आफ्नो नाममा मोही नामसारी गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहराएको सुरू भूमिसुधार कार्यालय, सप्तरीको फैसला सदर हुने ठहराई पुनरावेदन अदातल राजविराजबाट मिति २०७१।३।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल माघ १० गते रोज ५ शुभम्।

५

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री तेजबहादुर के.सी., *०७५-WH-००७६, बन्दीप्रत्यक्षीकरण, यादव थापाको हकमा कृष्ण तिमिल्सिना वि. काठमाडौं जिल्ला अदालतसमेत*

निवेदकले कैद हद गरिपाउँ भन्ने निवेदन जिकिर सम्बन्धमा हेर्दा यी निवेदकले निवेदन जिकिरमा नै ०६९ सालको स.वा.फौ.नं. १२८२ को मुद्दामा मिति २०६७।५।१० मा १ वर्ष कैद भएकोमा २ महिना १६ दिन बसेको र धरौटीमा छुटी गएको त्यसैगरी ०७२-CR-३५४१ को मुद्दामा १ महिना १६ दिन हिरासतमा बसी छुटी गएको र ०७३-CR-०३०६ को मुद्दामा २ वर्ष कैदी पुर्जी र रू. १,००,०००।– जरिवानाबापत कैदी पुर्जी दिएको भनी निवेदन दिएको देखिन्छ। निज स.वा. फौ.नं. १२८२ को लागु औषध मुद्दामा छुटी गएपछि अर्को कसुर गरेकोले निजलाई पक्राउ गरी १ महिना १६ दिन हिरासतमा बसी छुटी गएको र पुनः तेस्रो कसुर गरी पुनः पक्राउ परी मिति २०७४।९।३० मा फैसला हुँदा २ वर्ष कैद र रू. १,००,०००।– जरिवाना भएको र सोहीबापत मात्र कैदी पुर्जी दिएको भन्ने निवेदन जिकिरतर्फ हेर्दा मुलुकी ऐन, दण्ड सजायको ४१ नं. बमोजिम यी निवेदकले मुद्दा परी छुटी गई अन्य कसुर गरेको देखिँदा निजलाई कैद हद गरी थुनामुक्त गर्नुपर्ने देखिएन। उक्त नम्बरको व्यवस्थाबमोजिम कैद वा थुनाबाट छुटी पुनः कसुर गरेमा निजलाई छुट्टाछुट्टै कैदी पुर्जी जारी गरी सोहीबमोजिम थुनामा राखी कैद भुक्तान गर्नुपर्ने देखिने।

तसर्थ, कसुर गरी हिरासतमा बसी हिरासतबाट छुटी पुनः कसुर गरेको देखिँदा कैद हद गरी थुनामुक्त गर्न मिल्ने देखिएन । कैदी पुर्जी नदिई गैरकानूनी थुनामा राखेकोले बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी गर्न मिल्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । निवेदकलाई ०७३-CR-०३०६ को मुद्दामा मिति २०७३।७।१० मा भएको फैसलाअनुसारको कैदी पुर्जी दिएको र ०६९ सालको स.वा.फौ.नं. १२८२ को मुद्दामा मिति २०६९।५।१० मा भएको फैसला र ०७२-CR-३५४१ नं. को मुद्दामा मिति २०७४।९।३० मा भएको फैसलाबमोजिमको

लागेको कैद जरिवानाअनुसार कैद जरिवाना असुल गर्न कानूनबमोजिम कैदी पुर्जी दिई कैद जरिवाना असुल गर्नु भनी काठमाडौं जिल्ला अदालतको नाउँमा आदेश जारी हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७५ साल माघ १० गते रोज ५ शुभम्।

६

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७३-CR-१७००, लागु औषध (ब्राउन सुगर), रमेश चौधरी वि. नेपाल सरकार*

प्रतिवादी रमेश चौधरीले आरोपित कसुरमा अदालतमा बयान गर्दा सेवन गर्न भनी खरिद गरी ल्याएको हुँ भनी बयान गरे तापनि अनुसन्धान अधिकारीसमक्ष बिक्री गर्न खरिद गरी ल्याएको भनी साबित भई बयान गरेका र सो साबिती बयान बरामदी मुचुल्का र प्रतिवादीका साथबाट बरामद भएको वस्तु लागु औषध हेरोइन नै भएको भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट देखिनुको साथै यी प्रतिवादीले अदालतमा बयान गर्दा सेवन गर्न ल्याएको भनी बयान गरे तापनि बरामद भएको लागु औषधको मात्रा र बरामद लागु औषध तीन ठाउँमा लुकाई राखेको देखिएको छ। निजको साथबाट लागु औषध तौल गर्ने तराजुसमेत बरामद भएकोले निजले लागु औषध खरिद बिक्री एवं सञ्चयसमेतको कसुर गर्ने गरेको तथ्य पुष्टि हुन आएकोले बरामदी लागु औषध सेवन गर्ने प्रयोजनको लागि खरिद गरेको भन्ने प्रतिवादीको जिकिर मनासिब देखिन नआई निजले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) बमोजिमको कसुर गरेको देखिने।

तसर्थ, विवेचित आधार र कारणबाट प्रतिवादी रमेश चौधरीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) बमोजिमको कसुर गरेको देखिन आएकोले बरामद भएको लागु औषधको मात्रासमेतलाई दृष्टिगत गरी सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम १० (दस) वर्ष कैद र रू. ८०,०००।- (असी हजार रूपैयाँ) जरिवाना हुने ठहरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७२/०९/०८ मा भएको फैसला सदर हुने ठहराई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७३/०७/०९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल पुस ८ गते रोज १ शुभम्।

७

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७३-CR-०५१३, जालसाजी, धनवीर सिंगार वि. जीतबहादुर सिंगार*

प्रतिवादी धनवीर सिंगारले निजका हजुरबुबा इन्द्रबहादुर सिंगारबाट हालैको बकसपत्र लिई आफ्ना नाउँमा दर्ता गराएको सो कि.नं. १३ को ८-०-०-० जग्गा वादी समेतको हक लाग्नेमा अंशियारको मन्जुरी नलिई निजलाई अंश हकबाट वञ्चित गर्ने नियतले बिक्री गरेको तथ्य जग्गा किनबेचको व्यवहारबाट स्पष्ट देखिन आएको छ। आफूले अंश पाउनुपर्ने जग्गा आफूलाई जानकारी नै नदिई मन्जुरी लिएर मात्र बिक्री गर्नुपर्नेमा यी वादीले राजीनामाको लिखतको नक्कल लिएपछि मात्र थाहा पाएको अवस्थामा आफ्नो हक मेट्ने, नोक्सान पार्ने भएतर्फ किर्ते कागजको १८ नं. बमोजिम अदालत प्रवेश गर्न लेनदेन व्यवहारको १० नं. अन्तर्गत नै दाबी लिनुपर्ने भनी तर्क गर्न नमिल्ने।

तसर्थ, प्रस्तुत मुद्दामा अंशियार देखिएका वादीको हकको जग्गा भोलानाथ चौलागाइँ लिने धनवीर सिंगार दिने भई बिक्री गरेको व्यवहार वादीको हक मेट्ने र नोक्सान हुने कार्य गरेको भई जालसाज देखिएको र त्यस्तो व्यवहारमा प्रत्यक्ष संलग्न रही जग्गा लिने प्रतिवादीसमेत उक्त जालसाजको कार्यमा संलग्न नभएको भन्न मिल्ने देखिएन। वादीको हकसम्मको

लिखत जालसाज ठहरिएपछि सो हदसम्मको लिखतले कानूनी मान्यता प्राप्त गर्न नसक्ने भई प्रभावहीन हुने नै देखिँदा फिराद दाबी खारेज हुने ठहराएको ललितपुर जिल्ला अदालतको फैसला उल्टी गरी विवादित लिखतको २ भागको १ भाग जालसाजी ठहराई भएको पुनरावेदन अदालत पाटनको २०७२।१०।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । सजायको हकमा लिखतको २ भागको १ भागसम्म जालसाज ठहरेको हुँदा बिगो रू.१,५५,०००।– को २ भागको १ भाग रू.७७,५००।– हुँदा किर्ते कागजको १० नं. बमोजिम बिगोको सयकडा २५% ले प्रतिवादीहरू दामासाहीले रू.१९,३७५।– जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१०।२४ मा भएको फैसला सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल मङ्सिर ७ गते रोज ६ शुभम्।

- यसमा यसै लगाउको ०७३-CI-०६७५, दूषित लिखत बदर, धनविर सिंगार वि. जीतबहादुर सिंगार भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

८

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७३-CI-०४७१, उत्प्रेषण / परमादेश, अर्जुन श्रेष्ठ वि. काठमाडौं महानगरपालिका कार्यालय, बागदरबार*

कुनै पनि सार्वजनिक निकायले कुनै निर्माण कार्य वा कुनै सामान खरिद गर्दा सोही सार्वजनिक खरिद ऐन, २०६३ को कार्यविधि अनिवार्य पालना गर्नुपर्ने हुन्छ । कुनै कम्पनीसँग सेवा खरिद गर्दासमेत ऐनको कार्यविधि पूरा गर्नुपर्ने दायित्व सार्वजनिक निकाय र सेवा प्रदायक निकाय दुवैको हुन्छ । प्रस्तुत विवादमा दुप्चेश्वर निर्माण सेवाले काठमाडौं नगरपालिकाको भोग स्वामित्वमा रहेको बालाजु बाइसधारा उद्यानको विकास र सञ्चालनको लागि सो उद्यानभित्र मर्मत तथा सम्भार गरेको भनी आफूले लिनुपर्ने बक्यौता नदिएकोले परमादेशको जारी गरिपाउँ भन्ने सन्दर्भमा हेर्दा उक्त कार्य गर्न गराउनको लागि काठमाडौं महानगरपालिकासँग निवेदक कम्पनीले यो यस्तो सम्झौता गरेको र सो सम्झौताबमोजिम कार्यादेश दिएको भन्ने निवेदकले खुलाउन सकेको देखिँदैन । ठेक्का लिने र दिने कार्य भएको भए यो यति मितिमा यस्तो प्रकारको कार्यको लागि यति मूल्यको ठेक्का सम्झौता भएको हो भनी ठेक्का सम्झौताको प्रतिलिपि साथै राखी निवेदन गर्नुपर्नेमा यी निवेदकले सम्झौताको प्रति निवेदनसाथ पेस गर्न सकेको पनि नदेखिने।

कार्यकारी अधिकृतसँग मौखिक सम्झौता भएको भन्नेतर्फ हेर्दा काठमाडौं महानगरपालिकाको कुन कार्यकारी अधिकृतले मौखिक आदेश दिएको हो सोसमेत खुलाउन सकेको देखिँदैन । उक्त उद्यानको विकास र सञ्चालनको लागि विस्तृत सम्भाव्यता अध्ययन गर्ने निर्णय गरी आ.व. २०७२/०७३ मा विनियोजन गरेको बजेटलाई निवेदकको भुक्तानी गर्न बाँकी बक्यौता भएको भनी तर्क गर्न मिल्ने देखिँदैन । त्यसैगरी यी निवेदकले काठमाडौं महानगरपालिकाको मिति २०७२।३।१५ को बैठकले विपक्षीलाई भुक्तानी नदिने भनी गरेको निर्णय बदरको माग गरेको सम्बन्धमा हेर्दा निज निवेदकले के कुन कानूनको आधारमा उक्त आदेश बदर गर्नुपर्ने हो सो खुलाउन नसकी राज्यको प्रचलित ऐन कानूनको प्रक्रियाको सम्बन्धमा विपक्षी संस्था नै बढी जिम्मेवार रहनुपर्ने भन्ने भनाइतर्फ हेर्दा कुनै निर्माण कम्पनी र खरिद गर्ने निकाय दुवैले प्रचलित कानूनको प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । अर्को निकायलाई प्रक्रिया पूरा गर्ने दायित्व थोपरी आफू उम्कन मिल्ने हुँदैन । कानूनले निर्धारण गरेको प्रक्रिया पूरा नगरेको अवस्थामा विपक्षी संस्थाले पूरा गर्नुपर्ने भन्ने निवेदकको तर्क कानूनसङ्गत देखिँदैन । कानून सबैले जानेको अनुमान गरिन्छ त्यसैले कानूनको

प्रक्रिया विपक्षी संस्थाले पूरा गर्नुपर्ने तथा आफ्नो कुनै दायित्व नहुने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थः विवेचित आधार प्रमाणहरूबाट निवेदक दुप्चेश्वर निर्माण सेवाले बालाजु बाइसधारा उद्यानमा निर्माण कार्य गरे गराएको भन्ने सम्झौतासमेत पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा मागबमोजिम आदेश जारी नभई निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७३।२।५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७५ साल पुस ९ गते रोज २ शुभम्।

९

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री बमकुमार श्रेष्ठ, *०७२-CI-१८५०, उत्प्रेषण, प्रतापबहादुर श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत*

निवेदकले कोटेश्वर आयल स्टोर, निवेदक प्रतापबहादुर श्रेष्ठसमेतका नाममा दर्ता रहेको र पेट्रोल पम्प रहेको भनिएको कि.नं. १६३ समेतका जग्गाहरू आफ्नो नाममा दर्ता नभएको कुरा निवेदक स्वयंले स्वीकार गरेको देखिन्छ। दाबी लिएको कि.नं. १६३ को जग्गा निजको स्वामित्वभित्र नरहेको सो जग्गामा निवेदकले पेट्रोल पम्प राख्न गरिएको करार सम्झौताको समयावधि समाप्त भइसकेकोमा पुनः जग्गाधनी र यी निवेदनबिच पेट्रोल पम्प राख्ने सम्बन्धमा कुनै सम्झौता भए गरेको नदेखिएको र जग्गाधनी महेश्वर श्रेष्ठले आफ्नो जग्गामा रहेको पेट्रोल पम्पसमेत सार्न माग गर्दा हुनसक्ने व्यवधानमा शान्ति सुरक्षा गरिपाउँ भनी दिएको निवेदनमा शान्ति सुरक्षाका दृष्टिकोणले भए गरिएका कार्यबाट निवेदकको कुनै कानून प्रदत्त हक अधिकारमा आघात पुगेको नदेखिने।

परमादेश जारी हुनका लागि जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने भनिएको हो सो सम्पत्तिमा निवेदकको पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) हुनुपर्ने हुन्छ। सम्पत्तिको आफ्नो हक निहित रहेको तथ्यपूर्ण एवं सारभूत प्रमाण देखाउन सकेको अवस्थामा निषेधाज्ञा जारी हुन्छ। ऐनद्वारा प्रत्याभूत हकमा आघात पर्ने आशंका व्यक्त गर्नेले सर्वप्रथम आफ्नो हकलाई आधारभूत र सारभूत रूपमा (Substantially) स्थापित गर्न सक्नु पर्छ। निवेदकले दाबीको कि.नं. १६३ को जग्गा आफ्नो हो भनी कुनै स्रोत देखाउन सकेको देखिँदैन। उत्प्रेषणयुक्त परमादेशको रोहमा कुनै सम्पत्तिमा हक स्वामित्व कायम गर्न वा गराउन सकिने हुँदैन। निवेदकको कानूनी हकमा असर परेको नदेखिएकोले मागदाबीबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने नदेखिने।

तसर्थ, विवादित कि.नं १६३ को जग्गामा प्रत्यर्थी विपक्षीहरूले सामान निकाली खाली गराई घरबाट निकाल्ने भनी जिल्ला प्रशासन कार्यालयबाट मिति २०७१।७।१९ मा भएको निर्णयले शान्ति सुरक्षा गर्ने क्रममा भए गरिएका कार्यबाट यी निवेदकको कुनै कानूनी हक अधिकारको हनन भए गरिएको अवस्था रहे भएको नदेखिँदा निवेदन मागअनुरूपको आदेश जारी हुन सक्ने नदेखिएकोले निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।५।१६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०७५ साल पुस ९ गते रोज २ शुभम्।

१०

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७२-CR-०२८७, ठगी, चन्द्रिका मण्डल भनिने चन्द्रिका महतो वि. नेपाल सरकार*

प्रतिवादीले आफू थावेदेवीको मन्दिरको

पुजारी भएको र पूजा गराउँदा मनोकांक्षा पूरा हुने भएकोले आफूले पूजापाठ गराइदिएबापतको रू.५००।-,१०००।- दक्षिणा लिएको हो। जाहेरवालाहरूले मन्दिर निर्माणार्थ सहयोग गरेका हुन् भनी जाहेरवालाहरूले भनेबमोजिम ठगी गरेको छैन भनी अधिकारप्राप्त अधिकारी र अदालतमा समेत कसुर इन्कार गरी बयान गरेको देखिने।

पुनरावेदक प्रतिवादी चन्द्रिका मण्डल भन्ने चन्द्रिका महतोले यिनै जाहेरवालाहरूसमेतको जाहेरी दरखास्तमा उल्लिखित रकमसमेत ठगी गरेको भनी २०७०।६।२१ मा जिल्ला प्रशासन कार्यालय बारामा जाहेरवालामध्येका वैद्यनाथ साहसमेतले उजुरी दिई दुवै पक्षबिच २०७०।६।२३ मा आपसी सहमति भई विवाद टुङ्गिएको देखिएकोमा पुनः सोही रकम ठगी गरेको भनी २०७०।९।४ मा जाहेरी दरखास्त दिई प्रस्तुत मुद्दामा कारबाही भएको देखिन्छ । यसरी प्रतिवादीले साँच्चै नै ठगी गरेको भए वादी प्रतिवादीबिच मेलमिलाप भई मिलापत्र गर्नुपर्ने अवस्था नहुने।

प्रतिवादी मन्दिरको पुजारी भएको र धार्मिक आस्थाका कारण प्रतिवादीबाट जाहेरवालाहरूले पारिवारिक शान्ति एवम् आरोग्यको लागि केही रकम दिई यी पुजारी प्रतिवादीबाट मन्दिरमा पूजा गराएकोमा इच्छित उद्देश्य पूरा नभएकै कारण त्यस्तो कार्यलाई ठगीको कसुर कायम गर्न न्यायसङ्गत नहुने।

भरपर्दो र विश्वसनीय प्रमाणबेगर कसैलाई कसुरदार ठहर गर्न फौजदारी न्याय सिद्धान्तले मिल्ने हुँदैन। वादी नेपाल सरकारले ठोस आधार प्रमाणद्वारा प्रतिवादीले ठगीको कसुर गरेको भनी प्रमाणित गर्न नसकेकोले अभियोग दाबीबमोजिम सजाय गर्न मिल्ने अवस्था नदेखिने।

तसर्थ, पुनरावेदक प्रतिवादी चन्द्रिका मण्डल भन्ने चन्द्रिका महतोलाई आरोपित कसुरमा कसुरदार ठहर गरी मुलुकी ऐन, ठगीको महलको ४ नं. र बिगोबमोजिम रू.३०,०००।- जरिवाना एक वर्ष कैद सजाय गरी जाहेरवालाहरूलाई उक्त बिगो भराइदिने ठहऱ्याई पर्सा जिल्ला अदालतबाट मिति २०७१।१०।१९ मा भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२/२/२९ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी चन्द्रिका मण्डल भन्ने चन्द्रिका महतोले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल पुस २ गते रोज २ शुभम्।

इजलास नं.५

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री हरिकृष्ण कार्की, *०६८-WO-०९४३, उत्प्रेषण / परमादेश, सुवर्ण शाही (सेन) वि. जिल्ला शिक्षा कार्यालय रोल्पासमेत*

यसमा निवेदिकालाई मिति २०६८।९।१ देखि विद्यालयमा हाजिर गरी अध्यापन गर्न दिन नदिएको भन्ने विषय नै मूलरूपमा विवेचना गर्नुपर्ने देखियो। सोतर्फ हेर्दा गंगा प्राथमिक विद्यालयको हाजिरी रजिस्टरबाट निज निवेदिका २०६८ मङ्सिरदेखि २०६९ वैशाखसम्म हाजिर रहेको देखिन्छ । यस्तो अवस्थामा निज निवेदिकालाई मुद्दा परी कारबाही चल्दाचल्दैको अवस्थामा मिति २०६८।८।२८ मा थाहा जानकारी नदिई विद्यालयमा हाजिर गर्न नदिने, कक्षा कोठामा पस्नै नदिएको भन्ने तथ्य नै स्थापित हुन आएन । यसप्रकार विद्यालयमा नियमित रूपमा हाजिर रही अध्यापन गरिरहेको भन्ने हाजिरी रेकर्डबाट नै देखिएको स्थितिमा निवेदिकाले उठाएका अन्य विषयतर्फ प्रवेश गर्नुपर्ने औचित्य नै नदेखिने।

अतः विवेचित आधार र कारणबाट रिट निवेदिका सुवर्ण शाही (सेन) ले आफूलाई हाजिर

गर्न नदिएको भनी रिट दायर गरेकोमा निज कार्यरत रहेको गंगा प्राथमिक विद्यालय व्यवस्थापन समितिको लिखित जवाफ र जिल्ला शिक्षा कार्यालयको लिखित जवाफबाट रिट निवेदिका निरन्तर रूपमा सो विद्यालयमा कार्यरत रहेको भनी लिखित जवाफसाथ पेस गरेको हाजिर रेकर्डबाट समेत देखिएको हुँदा रिट निवेदिकाको हकमा आघात परेको नदेखिँदा विद्यालय व्यवस्थापन समितिले मिति २०६८।८।२८ मा गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने रिट निवेदिकाको निवेदन जिकिरसँग सहमत हुन सकिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल चैत्र ३० गते रोज ६ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री हरिकृष्ण कार्की, *०७३-CI-०५२८, निषेधाज्ञा / परमादेश, खेलावन तेली वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

मिति २०७२।५।२७ को चलन पुर्जीको प्रतिलिपिबाट उक्त घर बनवारीलाल वैश्यले चलन पाएको भन्ने र निज वनवारीलालबाट विपक्षी ईश्वर सुनारले मिति २०७२।८।२ मा राजीनामा पारित गराई लिएको भन्ने मालपोत कार्यालय, बाँकेले नेपालगन्ज उपमहानगरपालिकालाई लेखेको पत्रबाट देखिएको यी निवेदक खेलावन तेलीसमेतले उक्त दाबीको घरमा गई तालासमेत तोडी कब्जा गर्न गई जिउ ज्यान नै सिध्याइदिने धम्की दिएकोले जिउधन तथा सम्पत्तिको सुरक्षा गरी घर खाली गराई पाउँ भनी विपक्षीमध्येका ईश्वर सुनारले विपक्षी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिई निजको निवेदनअनुसार शान्ति सुरक्षा गर्ने काम विपक्षी कार्यालयहरूले गरेको भन्ने लिखित जवाफबाट देखिएबाट निवेदन दाबीको घरमा निवेदकको हक स्वामित्व नै नदेखिएको र विपक्षी ईश्वर सुनारको निवेदनअनुसार विपक्षी कार्यालयहरूले शान्ति सुरक्षा गरिदिएकोसम्मको अवस्थामा निवेदकको हक अधिकार हनन हुने आशंका भएको भन्न मिल्ने नदेखिने।

मूलतः अदालतले निषेधाज्ञाको आदेश जारी गर्दा हुन गइरहेको वा भइरहेको काम कारोबारबाट कुनै पनि व्यक्तिको कानूनी हकमा आघात पर्न जाने स्थितिको आशंकाको विद्यमानतालाई नै हेर्ने गर्दछ र त्यस्तो आशंका तथ्यपरक एवं प्रमाणपरक ढङ्गले पुष्टि भएको पनि हुनुपर्छ। निषेधाज्ञाको रिटबाट उपचार खोज्ने पक्षले आफूलाई मर्का परेको कुराको आशंकाको विद्यमानता रहेको कुरामा अदालतलाई विश्वस्त पार्न सक्नु पर्दछ, सो अवस्था नभएमा निषेधाज्ञको आदेश जारी हुन सक्ने नदेखिने।

निवेदकले दाबी लिएको जग्गामा लिलाम बदर भएको अवस्थामा पनि यी निवेदकको हक हुने नभई कैलाशा तेलिनको हकमा मात्र लिलाम बदर हुन सक्ने, उक्त मुखा नं. १२३ को घर जग्गाको मिति २०५३।१।१७ मा भएको लिलामी कार्यसमेत बदर गरिपाउँ भनी कैलाशा तेलीनले बनवारीलाल वैश्यउपर दिएको लिलामी दा.खा. दर्ता मुद्दा सर्वोच्च अदालतबाट वादी दाबी नपुग्ने ठहरी फैसला भएको, मिति २०५३।१।१७ मा भएको लिलामीसमेत बदर गरिपाउँ भनी यिनै निवेदक खेलावन तेलीले वनवारीलाल वैश्यसमेतलाई विपक्षी बनाई दिएको उत्प्रेषण मुद्दा मिति २०५५।४।१२ मा सर्वोच्च अदालतबाट खारेज भएकोसमेतबाट निवेदकको दाबीको घरजग्गामा हक स्वामित्व रहे भएको देखिँदैन । निजलाई प्रहरीले सुरक्षा सम्बन्धमा छलफलका लागि बोलाएकोसम्मको अवस्था विद्यमान देखिएकाले पुनरावेदन अदालत नेपालगन्जको मिति २०७३।१।१५ को आदेशलाई अन्यथा मान्नुपर्ने नदेखिने।

तसर्थ, विवेचित आधार, कारण र प्रतिपादित सिद्धान्तसमेतको आधारमा दाबीको घरजग्गामा

निवेदकको निर्विवाद हक स्वामित्व रहेको भन्ने नदेखिएको र निवेदकको जिउ ज्यानमा समेत हस्तक्षेप भएको, हुन लागेको भन्ने नदेखिएकाले निवेदन मागबमोजिम निषेधाज्ञा मिश्रित परमादेशको आदेश जारी नगरी निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७३।१।१५ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : विनोदकुमार बनिया

इति संवत् २०७४ साल कार्तिक २३ गते रोज ५ शुभम्।

- यसमा यसै लगाउको ०७३-CI-०५२९, निषेधाज्ञा / परमादेश, खेलावन तेली वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,*०७०-CI-०२३५, फैसला बदर, गोविन्दप्रसाद प्रधान वि. मिनीप्रसाद प्रधान*

सुरू काठमाडौं जिल्ला अदालतको अंश चलन मुद्दाको फैसलाले संयुक्त दर्तावाला ईन्द्रप्रसाद प्रधानको हक हिस्साबाहेक गरी बाँकी सम्पत्ति मात्र बन्डा लाग्ने ठहर गरेको देखिन्छ। मुलुकी ऐन अ.बं. ८६ नं. को कानूनी व्यवस्थाअनुसार उक्त फैसलाले यी वादीको हकाधिकारमा कुनै प्रतिकूल असर पुऱ्याएको देखिन आएन। एकतर्फी रूपमा गोला हाली जग्गा छुट्याई बन्डा मुचुल्का खडा गरिएको भन्ने सन्दर्भमा हेर्दा बन्डा मुचुल्का छुट्याउँदा पुनरावेदक वादीले भनेबमोजिम बन्डा मुचुल्का खडा गरिएको भए सो बन्डा मुचुल्का बदर मुद्दा दिई उपचार माग्नुपर्नेमा सो नगरी फैसला बदर मुद्दाबाट उपचार माग गरेको देखिँदा उक्त विषयमा बोल्न मिल्ने देखिन नआउने।

अतः विवेचित आधार कारणबाट सुरू काठमाडौं जिल्ला अदालतले अ.बं. ८६ नं. बमोजिम काठमाडौं जिल्ला अदालतबाट मिति २०६२/३/२ को फैसला बदर हुने ठहऱ्याएको मिति २०६७।४।२० को फैसला उल्टी गरी सुरू फिराद दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।११।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल फागुन ३० गते रोज ४ शुभम्।

४

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७०-CI-०७१७, नामसारी निर्णय बदर लिखत दर्ता बदर, अपुताली हक कायम, लक्ष्मी महत्तरा (ताम्राकार) वि. सीतादेवी पौडेल*

व्यवहारत: कान्छो छोराले बढी समयसम्म आमाको लालनपालन गरेको भए तापनि प्रतिवादी जेठा छोराले पनि २ वर्ष २ महिना पालनपोषण गरेको तथ्यलाई अनदेखा गर्न मिल्ने अवस्था छैन। त्यसैगरी मिति २०६०।५।९ मा भएको सर्तनामाको कागजमा पनि आमालाई पालनपोषण गर्न दुवै पक्षले ५/५ कट्ठा जमिन दिने र बेचबिखन गर्न नपाउने तथा आमाको शेषपछि आ-आफ्नो हकभोग हुने कुरा उल्लेख भएको विषयले पनि कुनै एक मात्र छोरासँग आमा बसेको र निजले मात्र पालनपोषण गरेको रहेछ भन्ने निष्कर्षमा पुग्न सक्ने देखिँदैन। अपुताली हक मर्ने व्यक्तिको बाँचुञ्जेल सेवा सुश्रुवा हेरचाह गरी सम्पत्तिको प्रयोग कर्ताको मृत्युपश्चात् सुश्रुवा हेरविचार गरेको परिणाम स्वरूप हकदारले प्राप्त गर्ने सम्पत्ति हो भन्ने कुरामा विवाद हुन सक्तैन। अपुताली हक अंश हक जस्तो गरी सबै जीवित अंशियारहरूमा समान रूपमा जानुपर्छ भनी मान्यता राख्ने विषय पनि होइन। तथापि पहिला एकाघरको छोराले ६ वर्ष ८ महिनासम्म पालनपोषण गर्नेले अपुताली हक नपाउने तर एकाघरकै अर्को छोराले पछिल्ला २ वर्ष २ महिना पालनपोषण गर्दैमा सो पछिल्लो पालनपोषण गर्नेले अपुतालीको सम्पूर्ण

सम्पत्ति एकलौटी हक भोग गर्न पाउने भन्ने विधायिकी मनसायले मुलुकी ऐन, अपुतालीको महलको तत्कालीन ११ नं. को कानूनी व्यवस्था भएको हो भनी अर्थ गर्न नमिल्ने।

प्रचलित कानूनले प्रस्ट रूपमा उल्लेख गरेको विषयमा व्याख्याको जरूरत पर्दैन भने अर्कोतर्फ अन्यथा अर्थ लाग्ने गरी कानूनको व्याख्या गर्नु पनि न्यायिक मान्यताविपरीत हुन जान्छ । अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा मिसिलसँग संलग्न तथ्यमा आधारित हुनुपर्दछ । तथ्यले नै सम्बद्ध प्रमाणको मूल्याङ्कन गर्ने सिलसिलेवार कडीको काम गर्दछ । प्रस्तुत मुद्दामा पनि तथ्य स्पष्ट छ । दुवै छोराहरूले लालनपालन, पालनपोषण गरेको तथ्य स्पष्ट छ । दुवै छोराहरूले बराबर काजकिरिया खर्च बेहोरेको तथ्यमा पक्षहरूबिच विवाद छैन । आमाको पालनपोषण गर्न नपुग्ने अवस्था भएकोमा दुवै पक्षले ५/५ कट्ठा जग्गाबाट भरणपोषण गर्ने सर्तनामाको कागजमा उल्लेख भएको अवस्था छ । यसरी उल्लिखित तथ्यहरू प्रस्तुत मुद्दाको निष्कर्षमा पुग्ने दरिलो निर्णयाधारहरू हुन् भन्ने कुरा स्पष्ट हुन्छ । यसरी दुवै छोराहरूले आमालाई पालनपोषण गरेको अवस्थामा स्वर्गीय आमाको सम्पत्तिमा दुवै छोराहरूको बराबर रूपमा हक भोग हुने कुरा स्पष्ट हुन्छ । प्रत्यर्थी प्रतिवादी तिलकबहादुर महत्तराले मात्र आफ्ना नाममा नामसारी गरी एकलौटी हक भोग गर्ने तथा हक हस्तान्तरण गर्ने कार्य मुलुकी ऐन, अपुतालीको महलको तत्कालीन ११ नं. समेतको विपरीत हुनुका साथै प्रमाण ऐन, २०३१ को दफा ३ तथा ५४ समेतको प्रत्यक्ष त्रुटि देखिएको हुँदा वादी दाबी पुग्न नसक्ने ठहरी भएको सुरू फैसला र उक्त फैसलालाई सदर ठहर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६७।११।८ को फैसलासमेत मिलेको नदेखिँदा केही उल्टी भई उक्त ०-३-० जग्गामध्येबाट १/२ (आधा) भाग जग्गाको वादीका नाममा अपुताली हक कायम हुने हुँदा प्रतिवादीले मिति २०६२।११।८ मा मालपोत कार्यालयबाट एकलौटी रूपमा निर्णय गराई आफ्ना नाममा आमाको नामको सम्पत्ति नामसारी गराएको निर्णय र प्रतिवादी सीतादेवी पौडेलका नाममा मिति २०६३।१०।१५ मा र.नं.५४२९ बाट हक हस्तान्तरण गरेको लिखतसमेत आधा बदर भई सो हदसम्म वादीको नाममा अपुताली हक कायम हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम्।

- यसमा यसै लगाउको ०७०-CR-०९९७, जालसाज, लक्ष्मी महत्तरा (ताम्राकार) वि. सीतादेवी पौडेल भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

५

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०६८-CI-१२६७, अंश दर्ता र सम्बन्ध विच्छेद, विदेशीप्रसाद यादव वि. गिरिजादेवी राउत*

प्रतिवादीले वादीलाई श्रीमती होइन भनी प्रतिवाद गर्ने प्रतिवादीले यस अदालतसमक्ष गरेको दोहोऱ्याई पाउँ भनी दिएको निवेदनमा अंशियार स्वीकार गरेको र सम्बन्ध विच्छेद हुने ठहरका सम्बन्धमा कुनै जिकिर लिएको नदेखिएकोले सो सम्बन्धमा थप विश्लेषण गरिरहनु परेन । जहाँसम्म ९ अंशियार भएकोमा ७ अंशियार कायम गरेको मिलेन भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा पुनरावेदक प्रतिवादीले सुरू प्रतिउत्तर पत्रमा नै प्रतिमादेवीसँग २०५० सालमा विवाह गरी निजबाट मिति २०५३।८।४ मा रोशनीकुमारी, मिति २०५६।७।३ मा निमाकुमारी, मिति २०५७।१२।५ मा मुनरमाकुमारी र मिति २०५८।७।२५ मा लक्ष्मीकुमारीसमेतका ४ छोरी तथा मिति २०६०।१०।८ मा इन्द्रजीतप्रसाद र मिति २०६२।१२।१७ मा विश्वजीतप्रसाद यादवसमेत २

छोराको जायजन्म भएको भएको भन्ने जिकिर लिई निजहरूको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिसमेत प्रमाणस्वरूप पेस गरेको देखिन्छ । साथै नातामा बयान गर्दा प्रतिमादेवीसँग विवाह भएको विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपिसमेत पेस गरेको देखियो । प्रतिवादीले लिएको उक्त जिकिर र पेस गरेका विवाह दर्ता र जन्मदर्ताका प्रमाणहरू अन्यथा हुन् भनी वादीले नातातर्फको बयानमा अन्यथा जिकिर लिन सकेको नपाइएकोले पुनरावेदक प्रतिवादीका वादीसमेत जम्मा ९ अंशियार रहेको भन्ने तथ्य पुष्टि भएको पाइने।

मुलुकी ऐन, अंशबन्डाको १ नं. मा अंशबन्डा गर्दा बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरू सगोलका अंशियारबिच जियजियैको अंश गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थाअनुरूप प्रस्तुत मुद्दाबाट अंशबन्डा गर्नुपर्ने अंशियारहरू पुनरावेदक प्रतिवादीका २ श्रीमती, ६ जना सन्तान (छोराछोरी) गरी ९ जना देखिएपछि तायदातीमा पेस भएको सम्पत्तिलाई ९ भाग लगाई सोमध्येबाट वादीले १ भाग अंश पाउने ठहर गर्नुपर्ने मिसिल प्रमाणबाट स्पष्ट देखिन आएको तथ्यविपरीत ७ भागको १ भाग अंश पाउने ठहऱ्याएको सुरू बारा जिल्ला अदालतको फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिन आई मिलेको नदेखिने।

तसर्थ वादीले प्रतिवादीबाट ७ भागको १ भाग अंश पाउने ठहऱ्याएको हदसम्म सुरू बारा जिल्ला अदालतको मिति २०६६।८।३ को फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।१२।२० को फैसला माथि विवेचित तथ्य एवं कानूनी व्यवस्थासमेत विपरीत भई सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई वादीले ९ भागको १ भाग अंश पाउने।

इजलास अधिकृत : महेन्द्रप्रसाद भट्टराई

इति संवत् २०७४ साल कार्तिक २१ गते रोज ३ शुभम्।

- यसमा यसै लगाउको ०६८-CI-०३२०, अंश दर्ता र सम्बन्ध विच्छेद, विदेशीप्रसाद यादव वि. गिरिराजदेवी राउत भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

६

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०६९-CR-०४४९, ०७१-CR-१२४९, ०७२-RC-०१६६, कर्तव्य ज्यान, राजु नगरकोटी भन्ने राजु तामाङ वि. नेपाल सरकार, कपिल तामाङ उल्लेख गरेको सोमबहादुर तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. गुण्डे भन्ने उर्गेन लामासमेत*

यसमा मिति २०६०।१२।२० मा भएको मिसिल संलग्न लास प्रकृति मुचुल्का हेर्दा निधारको दाहिनेपट्टिको भागमा अन्दाजी ६ इन्च लम्बाइको घाउ भएको, छातीको बायाँ भागमा धारिलो हतियारले छेडी पछाडिपट्टिको बायाँ कुममुनि निस्केको, पछाडिपट्टि तिखो हतियारले घोचेको, बायाँ हातको नाडीमुनि छाला खुइलिएको भन्ने उल्लेख हुनुको साथै बायाँपट्टिको छातीमा धारिलो हतियारले घोचेको चोटको कारण मृतकको मृत्यु भएको भन्ने मृतकको पोष्टमार्टम रिपोर्टमा समेत उल्लेख भएको देखिँदा सबिन सुब्बाको मृत्यु धारिलो हतियार प्रयोग गरी कर्तव्यबाट भएको कुरामा विवाद नदेखिने।

प्रतिवादी राजु तामाङले मौकाको बयान मेरो होइन भनी, प्रतिवादी उर्गेन लामाले वारदातको अवस्थामा आफू गलैंचा कारखानामा रहेको भनी र गमबहादुर लामाले वारदात मिति समयमा आफू दोलखा घरमा थिएँ र प्रतिवादी वीरबहादुर बम्जनले वारदातको मितिमा आफू दामनमा आफ्नो घरमा थिएँ भनी दाबी लिए तापनि प्रतिवादी राजु तामाङले आफ्नो मौकाको बयान जिकिर साक्षी प्रमाणद्वारा तथ्यतः पुष्टि गर्न नसकेको र प्रतिवादीहरू गमबहादुर लामा र वीरबहादुर बम्जनले अन्यत्रै रहे भएको कुरा (Alibi)

लाई साक्षी प्रमाणबाट समर्थन गराउन सकेको देखिन नआउने ।

निधारको दाहिनेपट्टिको भागमा अन्दाजी ६ इन्च लम्बाइको घाउ भएको, छातीको बायाँ भागमा धारिलो हतियारले छेडी पडाडिपट्टिको बायाँ कुममुनि निस्केको, पछाडिपट्टि तिखो हतियारले घोचेको, बायाँ हातको नाडीमुनि छाला खुइलिएको भन्ने लासजाँच मुचुल्कालाई मृतकको मृत्यु देब्रेपट्टिको छातीमा घोचेको घाउसहित थेरैवटा अन्य धारिलो हतियारले काटिएको चोटबाट भएको भनी Autopsy Report तयार गर्ने विशेषज्ञ डा. तुलसी कँडेलले अदालतमा गरेको बकपत्रबाट समर्थित भइरहेको देखिँदा प्रतिवादीहरू अदालतमा आरोपित कसुरमा इन्कारी रहे पनि अनुसन्धान अधिकारीसमक्ष भएको साबिती बयानलाई अन्यथा भन्न मिल्ने देखिएन । यसबाट मृतक सबिन सुब्बाको मृत्यु प्रतिवादी वीरू भन्ने वीरबहादुर बम्जन, राजु नगरकोटी भन्ने राजु तामाङ, गुण्डे भन्ने उर्गेन लामा, डिलबहादुर भन्ने गमबहादुर लामासमेतका प्रतिवादीहरूको छुरी तथा चोट पटकसमेतको प्रहारबाट भएको भन्ने पुष्टि हुने ।

अतः उल्लेख भएअनुसार मिसिल संलग्न प्रमाणहरूको विवेचना, विश्लेषण एवं मूल्याङ्कनबाट प्रतिवादीमध्येका वीरू भन्ने वीरबहादुर बम्जन, राजु नगरकोटी भन्ने राजु तामाङ, गुण्डे भन्ने उर्गेन लामा, डिलबहादुर भन्ने गमबहादुर लामासमेतको कर्तव्यबाट मृतकको मृत्यु भएको देखिन आएकोले अभियोग मागदाबीबमोजिम निज प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम कसुर गरेको देखिन आएकोले निज प्रतिवादीहरूलाई ऐ. १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने देखिँदा सुरू काठमाडौं जिल्ला अदालतले प्रतिवादी राजु नगरकोटी भन्ने राजु तामाङ र वीरू भन्ने वीरबहादुर बम्जनलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने र प्रतिवादीहरू गुण्डे भन्ने उर्गेन लामा, डिलबहादुर भन्ने गमबहादुर लामालाई सफाइ दिने गरी भएको फैसला केही उल्टी गरी प्रतिवादीहरू राजु नगरकोटी भन्ने राजु तामाङ, वीरू भन्ने वीरबहादुर बम्जन, गुण्डे भन्ने उर्गेन लामा, डिलबहादुर भन्ने गमबहादुर लामासमेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।२।३० को फैसला सो हदसम्म मिलेको देखिँदा अन्यथा गर्नुपर्ने देखिएन । तसर्थ, पुनरावेदन अदालत पाटनको फैसलाउपर कानूनको म्यादभित्र पुनरावेदन नगर्ने प्रतिवादीहरू वीरू भन्ने वीरबहादुर बम्जन, गुण्डे भन्ने उर्गेन लामा, डिलबहादुर भन्ने गमबहादुर लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय गर्ने गरी जाहेर गरेको साधक मनासिब देखिन आयो । प्रतिवादी राजु नगरकोटी भन्ने राजु तामाङको पुनरावेदन जिकिर मनासिब नदेखिने ।

सहप्रतिवादीहरूले मौकामा बयान गर्दा यी प्रतिवादी सोमबहादुर तामाङको नाम कहीँकतै उल्लेख गर्न सकेको देखिँदैन । अदालतमा बयान गर्दासमेत सहप्रतिवादीहरूले प्रतिवादीको नाम उल्लेखसमेत गर्न सकेको देखिँदैन । जाहेरवालाले समेत प्रतिवादी सोमबहादुरको संलग्नता प्रस्तुत वारदातमा रहे भएको भनी उल्लेख गरी कागज गरेकोसमेत मिसिल कागजबाट देखिन आएको छैन । मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी केही पनि रहेको देखिँदैन । मिसिल कागज प्रमाणबाट कपिल तामाङ र सोमबहादुर तामाङ एउटै व्यक्ति हो भन्ने पुष्टि हुने सबुद प्रमाणसमेत वादी नेपाल सरकारले गुजार्न सकेको नदेखिने ।

यस अदालतको मिति २०७३।३।६ को आदेशानुसार जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकको च.नं. ४०३२ मिति २०७३।३।२४ को पत्रानुसार प्राप्त निज प्रतिवादी सोमबहादुर तामाङको फोटो टाँस भएको अभिलेखको प्रतिलिपि

हेर्दा निज प्रतिवादी सोमबहादुरको ना.प्र.नं. २७६३६/१११७०५ भई नाम सोमबहादुर तामाङ, बाबुको नाम याङ्गदोर्जे तामाङ र वतनमा ठुलोपाखर वडा नं. ९ रहे भएको देखिन आएको र निजले पुनरावेदन पत्रसाथ पेस गरेको नागरिकता प्रमाण पत्रको छायाँ कपी, जग्गाधनी प्रमाण पुर्जाको छायाँप्रति तथा २०६८ सालको निर्वाचन आयोगको फोटोसहितको मतदाता नामावलीको छायाँप्रतिसँग निजले अदालतमा गरेको बयान र पुनरावेदन जिकिरमा उल्लेख गरेको बेहोरा मिल्न आएको देखिने।

पुनरावेदक प्रतिवादी कपिल भनिएका सोमबहादुर तामाङले आफू कपिल तामाङ नभई सोमबहादुर तामाङ हुँ भनी आरोपित कसुरमा पूर्ण इन्कार रही बयान गरेको, मौकामा पक्राउ परेका पुनरावेदक प्रतिवादीको अनुसन्धानका क्रममा भएका कुनै पनि कागज प्रमाणबाट कपिल तामाङको नाम सोमबहादुर भन्ने उल्लेख भएको नदेखिएको, पुनरावेदकले जाहेरवालालगायत वारदातमा संलग्न भएका भनी पोल गर्ने राजु तामाङसमेतको मौकाको बयानलगायत अन्य कुनै कागज प्रमाणबाट कपिल भन्ने सोमबहादुर तामाङ भन्ने उल्लेख नभएको, पुनरावेदकलाई पक्राउ गरी सार्वजनिक अपराध मुद्दामा धरौटीमा छुटेकाले निजलाई नियन्त्रणमा लिई दाखिला गरेको हो भन्ने प्र.ना.नि. दीपक थापाले जिल्ला प्रहरी कार्यालय, काठमाडौंमा चढाएको मिसिल संलग्न मिति २०६२।६।१६ को प्रतिवेदनमा समेत वीरबहादुर लामा भन्ने कपिल लामा भन्ने उल्लेख गरेको र प्रस्तुत मुद्दामा पनि २०६१।६।१२ मा मुद्दा दायर भइसकेपछि सार्वजनिक अपराध मुद्दामा पक्राउ परेका पुनरावेदकलाई सोझै अदालतमा पेस गर्नुपर्नेमा प्रहरीले निजलाई अदालतबाट म्याद थपसमेत गराई बयानसमेत गरी गराई अदालतमा पेस गरेको देखिएकोले यी पुनरावेदकलाई अदालतमा पेस गर्नुपूर्व गराएको बयानलगायतका कारबाही कानूनसम्मत नरहेकोसमेत हुँदा यी पुनरावेदक प्रतिवादीलाई वारदातमा संलग्न देखिएको कपिल तामाङ भनी अभियोग दाबीअनुसार कसुरदार ठहऱ्याई दाबीअनुसार सजाय गर्ने गरेको हदसम्म पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेको नदेखिने।

तसर्थ, उपर्युक्त आधार, कारण एवं प्रमाणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।३।२२ मा भएको फैसला केही उल्टी गरी प्रतिवादी गुण्डे भन्ने उर्गेन लामा, डिलबहादुर भन्ने गमबहादुर लामा, वीरू भन्ने वीरबहादुर बम्जन र राजु नगरकोटी भन्ने राजु तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।२।३० को फैसला मिलेकै देखिँदा सदर भई निज राजु नगरकोटी भन्ने राजु तामाङको पुनरावेदन जिकिर पुग्न सक्दैन। पुनरावेदन अदालत पाटनको फैसलाउपर पुनरावेदन नगर्ने प्रतिवादी गुण्डे भन्ने उर्गेन लामा, डिलबहादुर भन्ने गमबहादुर लामा र वीरू भन्ने वीरबहादुर बम्जनको हकमा जाहेर भएको साधकसमेत सदर हुने ठहर्छ। सुरू काठमाडौं जिल्ला अदालतले प्रतिवादी कपिल भनिएका सोमबहादुर लामालाई आरोपित कसुरबाट सफाइ दिने ठहराई गरेको मिति २०६६।३।२२ को फैसला निजको हकमा उल्टी गरी यी पुनरावेदक प्रतिवादी कपिल भनिएका सोमबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याएको मिति २०६९।२।३० को पुनरावेदन अदालत पाटनको फैसला निजको हकमा उल्टी भई अभियोग दाबीमा कपिल भनिएका सोमबहादुर तामाङले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल मङ्सिर १८ गते रोज २ शुभम्।

इजलास नं.६

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *०७३-CR-१५३७, मानव बेचबिखन तथा ओसारपसार, रामबहादुर खडका वि. नेपाल सरकार*

प्रतिवादी रामबहादुर खड्काले मलाई प्रलोभन देखाई नेपालगन्जको नाका हुँदै भारतको ऋषिकेश भन्ने स्थानमा पुऱ्याई मेरो मन्जुरीबेगर लगातार जबरजस्ती करणी गर्ने, कुटपिट गर्ने गरेकोमा किन यसो गरेको भनी प्रतिकार गर्दा बम्बईमा लगेर बेच्छु भनेबाट मलाई राखेको घरबाट भागी माइती नेपाल कञ्चनपुरको सहयोगमा उद्धार भई नेपाल आएको हुँ भनी पीडित जाहेरवाली परिवर्तित नाम "कञ्चनपुर ७५ 'ञ' कुमारी" ले प्रतिवादीउपर किटानी जाहेरी दिएको देखिन्छ । निजले दिएको किटानी जाहेरीअनुसार नै अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गरेको र सो आफ्नो बयान कागजलाई समर्थन गर्दै सुरू जिल्ला अदालतसमक्ष बयान सनाखत गरी प्रमाणित भएको तथा अदालतमा बकपत्र गर्दासमेत जाहेरी, अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई समर्थन गर्दै बकपत्र गरेको अवस्था मिसिलबाट देखियो । प्रतिवादी रामबहादुर खड्काले अधिकारप्राप्त अधिकारीसमक्ष पीडितलाई भारतको ऋषिकेश लगेको, करणी गरेको, तँलाई बिक्री वितरण गरिसकेको छु भनी भनेको भन्ने कुरा उल्लेख गरी बयान गरेको पाइयो । प्रतिवादीले अदालतसमक्ष बयान गर्दासमेत पीडितलाई आफूले भारत लगेको, सम्भोग गरेको कुरा स्वीकार गरी बयान गरेको देखियो । यसरी प्रतिवादीको बयान, पीडितको मौकाको जाहेरी, पीडितको अदालतसमक्षको सनाखत बयानबाट प्रतिवादीले पीडितलाई भारतको ऋषिकेश पुऱ्याएको, करणी गरेको, बिक्री गर्ने कुरा गरेको जस्ता तथ्यगत कुराहरू स्वतन्त्र प्रमाणबाट समेत पुष्टि हुन आएको देखिने ।

प्रस्तुत मुद्दामा पीडित जाहेरवालीले जाहेरी दिँदा नै प्रतिवादीले बम्बई लगेर बेच्छु भनी भनेको, भारतको ऋषिकेश पुऱ्याएको, करणी गरेको कुरा उल्लेख गरेको देखिन्छ । पीडित माइती नेपाल कञ्चनपुरको सहयोगार्थ नेपाल फिर्ता आएको अवस्था मिसिलबाट देखिँदा निज प्रतिवादीको कब्जामा पीडित रहे भएको मान्नुपर्ने देखिने ।

पीडितका पिता खिमबहादुर नगरकोटीले अनुसन्धानका क्रममा र अदालतमा समेत पीडितलाई २ दिनसम्म खोज तलास गर्दा फेला नपरेपछि श्याम बानिया भन्ने व्यक्तिबाट भारतको ऋषिकेश रामझोला भन्ने ठाउँमा छ भन्ने कुरा थाहा पाएपछि माइती नेपालको साथमा ऋषिकेश गई फिर्ता ल्याएको हो भनी व्यक्त गरेका कथनबाट पीडितलाई प्रतिवादीले बेच्ने उद्देश्यले भारतको ऋषिकेश भन्ने ठाउँमा पुऱ्याएको कुरा प्रमाणित हुन आयो । यस अवस्थामा अभियोग दाबीबमोजिम सजाय हुनुपर्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: प्रतिवादी रामबहादुर खड्कालाई सुरू कञ्चनपुर जिल्ला अदालतबाट मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४(२)(क) को कसुरमा सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम १५ (पन्ध्र) वर्ष कैद र रू.१,००,०००।– (एक लाख) जरिवाना हुने र पीडितलाई प्रतिवादीबाट सोही ऐनको दफा १७ बमोजिम रू.५०,०००।– (पचास हजार) क्षतिपूर्ति भराइदिने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत दिपायल महेन्द्रनगर इजलासको मिति २०७३।०९।०५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

इति संवत् २०७५ साल जेठ १३ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७१-CI-१०३१, उत्प्रेषण / परमादेश, विश्राम रैदास वि. वडा प्रहरी कार्यालय, नेपालगन्जसमेत*

पुनरावेदकले विपक्षीले मिति २०७०।१०।७ गते राति मलाई थुनामा राखी कुटपिट गरी शारीरिक यातनासमेत दिई मेरो इच्छाविपरीत अनधिकृत रूपले मिति २०७०।१०।२५ गतेभित्र बुझाउन भनी मिति २०७०।१०।८ रू. १९,०००।– को कागज गराई उक्त रकम असुलउपर गर्न गराउन पटकपटक धरपकड गरी गराई नागरिक अधिकार कुण्ठित हुने, गर्ने गराउने कामकारबाही गरेकाले उक्त मिति २०७०।१०।८ मा गराएको कागज उत्प्रेषणको आदेशद्वारा बदर गरी गैरकानूनी धरपकड नगर्नु, नगराउनु भनी निषेधाज्ञासमेत जारी गरिपाउँ भन्ने मुख्य दाबी लिएकोमा, विपक्षीमध्ये श्यामकुमार सोनारले निवेदकको मागदाबीबमोजिमको मैले प्रहरी लगाएर कुनै प्रकारको कागज गर्न लगाएको छैन । त्यसप्रकारको कार्य मैले गर्न लगाएको पनि होइन र छैन भनी लिखित जवाफ पेस गरेको देखिन्छ । विपक्षी वडा प्रहरी कार्यालय नेपालगन्जले विश्राम रैदास र श्यामकुमार सोनारबिच के कसो भएको हो यस कार्यालयलाई केही थाहा नभएको र रिट निवेदकलाई यस कार्यालयमा ल्याई उपस्थित गराई कुनै धाक, धम्की तथा कुटपिट गरी कागज गरेको छैन र होइन भनी लिखित जवाफ पेस गरेको देखिन्छ । यसरी विपक्षी श्यामकुमार सोनार स्वयम्ले पनि निवेदकको जिकिरबमोजिम कुनै कागज नगराएको र अर्का विपक्षी वडा प्रहरी कार्यालय नेपालगन्ज जुन नेपाल सरकारको आधिकारिक निकायले हो सोसमेतले रिट निवेदकले उल्लेख गरेबमोजिम यस कार्यालयलाई कुनै जानकारी नभएको, कुनै किसिमको कागज नगराएको, कुनै धाकधम्की तथा कुटपिट नगरेको भनी पेस गरेको लिखित जवाफको बेहोरालाई अन्यथा मान्न मिल्ने नदेखिने ।

रिट निवेदकले विपक्षीहरूले करकापबाट कागज गराएका हुन् भनी जुन जिकिर लिएको अवस्था छ सोतर्फ विचार गर्दा, मुलुकी ऐन, अ.बं. को २४ नं. ***मा "कागज गराउँदा कसैलाई पनि जोरजुलुम करकाप गरी कागज गराउनु हुँदैन, गरे बदर हुन्छ"*** भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । त्यस्तै अ.बं. ३८ नं. बमोजिम ***"जोरजुलुम करकाप गरी कागज गरे गराएमा आफूलाई फुर्सद भएका मितिले पैंतीस दिनभित्र नालिस नदिए लाग्न सक्दैन"*** भन्ने व्यवस्था उल्लेख भएको देखिन्छ । यदि यी रिट निवेदकलाई विपक्षीहरूले करकाप गरी लेनदेनको कागज गराएकै भए पनि अधिकार क्षेत्रविहीन निकायले गराएको उक्त कागजले कानूनी मान्यता प्राप्त गर्न नसक्ने र त्यस्तो कार्यउपर सम्बन्धित निकायमा उजुर गर्ने कानूनी हक यी निवेदकमा निहित भएको नै देखिन्छ । यसरी यी रिट निवेदकले जिकिर लिएबमोजिमको कार्य विपक्षीहरूबाट भए गरेको नदेखिँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु परेन भन्ने पुनरावेदन अदालतको आदेशलाई अन्यथा मान्न मिल्ने नदेखिने ।

अतः उल्लिखित आधार र कारणबाट यी रिट निवेदकले माग गरेबमोजिम विपक्षीहरूबाट उक्त कार्य भए गरेको नदेखिँदा पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७०।१२।५ मा रिट निवेदन खारेज हुने ठहऱ्याई भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७४ साल मङ्सिर २८ गते रोज ५ शुभम् ।

३

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७३-CR-१६४०, कर्तव्य ज्यान, तिलकबहादुर खड्का वि. नेपाल सरकार*

मृतकको मृत्युको कारण due to asphyxia as a result of strangulation भनी लास जाँच

प्रतिवेदन उल्लेख गरेको देखिन्छ । प्रतिवादीले अदालतमा बयान गर्दा आफूले श्रीमतीलाई कर्तव्य गरी मारेको होइन भनी कसुरमा गरेमा इन्कार रही बयान गरेको भए तापनि मृतकसँग घरायसी कुरामा विवाद भई आफूले टर्चले टाउकोमा हिर्काएको तथ्यलाई स्वीकार गरी बयान गरेको देखिन्छ। तर निज प्रतिवादीले कर्तव्य गरी मारेको होइन भनी लिएको जिकिरलाई पुष्टि गर्ने कुनै वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको नदेखिने।

मृतकको लास जाँच प्रतिवेदन हेर्दा, Cause of death is due to asphyxia as a result of strangulation भन्ने उल्लेख भएको, घाँटीमा Ligature mark रहेको, घाँटीमा खोस्रिएको तथा Laceration रहेको भन्ने उल्लेख भएबाट प्रतिवादीले भैंसी किनेको विषयमा विवाद भई तत्काल उठेको रिस थाम्न नसकी टर्चलाइटले श्रीमतीलाई प्रहार गरी लात, मुक्कासमेतले हिर्काई शिथिल बनाई घाँटीमा टर्चको फित्ताले बाँधी हत्या गरेपश्चात् आफूले गरेको अपराधबाट बच्न मृतक श्रीमतीलाई झुण्ड्याई आत्महत्या गरेको जस्तो बनाउन खोजेको अवस्था देखिन्छ । प्रतिवादीको मौकाको साबिती बयानलाई मौकामा कागज गर्ने मानिसहरूले अदालतमा उपस्थित भई गरेको बकपत्र, मृतकको लासजाँच प्रतिवेदन, लासजाँच मुचुल्का, मृतकको पोष्टमार्टम रिपोर्टसमेतका प्रमाणहरूद्वारा पुष्टि भएको देखिँदा प्रतिवादीको मौकाको बयानलाई प्रमाणमा लिन मिल्ने नै देखिने।

यसप्रकार प्रतिवादी र मृतक दुईजना मात्र घरमा रहेको र सामान्य विवाद चर्कंदै गएपछि रिस थाम्न नसकी प्रतिवादीले टर्चलाइटले मृतकको टाउकोमा प्रहार गरेपश्चात् सोही टर्चलाइटको डोरीले घाँटीमा कसेर मारेको देखिँदा यी प्रतिवादीलाई सुरू जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई गरेको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगरबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने।

अब उच्च अदालत विराटनगरबाट यी प्रतिवादीलाई भएको सजाय चर्को पर्न सक्ने कुरालाई विचार गरी निज प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दस) वर्ष कैद गर्न उपयुक्त हुने गरी पेस गरेको रायको सम्बन्धमा विचार गर्दा, यी प्रतिवादी तिलकबहादुर खड्का र मृतक पति पत्नी भएका, मिसिल संलग्न प्रमाण कागजातहरूबाट समेत मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको नदेखिएको, प्रतिवादी र मृतकबिच भैंसी किनेको विषयमा एकआपसमा झगडा हुँदा एक्कासी उठेको रिस थाम्न नसकी प्रतिवादीले मृतकलाई टर्चलाइटले टाउकोमा प्रहार गरी टर्चलाइटको डोरीले मृतकको घाँटी थिचेको कारणबाट मृतकको मृत्यु भएको देखिएको र प्रतिवादीको उमेर अवस्थासमेतलाई विचार गर्दा प्रस्तुत मुद्दामा भएको सजाय चर्को पर्ने स्थिति देखिएकोले मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम यी प्रतिवादीलाई १० (दस) वर्ष कैद गर्दा पनि फौजदारी कानूनको उद्देश्य पूरा हुने अवस्था विद्यमान रहेको देखिएकोले उच्च अदालत विराटनगरबाट यी प्रतिवादीलाई १० (दस) वर्ष कैद गर्ने गरी पेस भएको राय मनासिब नै देखिने।

अतः विवेचित आधार, प्रमाण र कारणसमेतबाट प्रतिवादी तिलकबहादुर खड्कालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०७२।२।२० मा भएको फैसलालाई सदर हुने ठहऱ्याई निज प्रतिवादी तिलकबहादुर खड्कालाई मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम १०(दस) वर्ष मात्र कैद गर्नु उपयुक्त हुने राय व्यक्त गरी भएको उच्च अदालत विराटनगरको मिति २०७३।१०।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७४ साल फागुन ३ गते रोज ५ शुभम्।

४

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७०-CI-११४९, जग्गा खिचोला मेटाई घर भत्काई चलन चलाई पाऊँ, घोलर तेली वि. हारून मुसलमान*

प्रत्यर्थी वादी हारून मुसलमानले मिति २०६९।३।५ गते सुरू जिल्ला अदालतमा फिरादपत्र दायर गरेको देखिन्छ । सुरू अदालतले वादी दाबी पुग्न नसक्ने ठहर गरी मिति २०६९।९।५ मा फैसला गरेकोमा सोउपर वादीले पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गरेकोमा सुरू जिल्ला अदालतबाट भएको फैसला मिलेको नहुँदा केही उल्टी भई प्रतिवादीले सार्वजनिक जग्गामा बनाएको न.नं. ६,७,८ र ९ मा भएको घर र पुस्ती भत्काई वादीले चलनसमेत पाउने ठहर गरी मिति २०७०।८।३० मा पुनरावेदन अदालत बुटवलबाट फैसला भएको देखिन्छ । यसरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसलाउपर प्रतिवादीको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको देखिन्छ । प्रस्तुत मुद्दामा प्रत्यर्थी वादीले सुरू कपिलवस्तु जिल्ला अदालतमा दायर गरेको फिरादपत्रको प्रकरण नं. ५ को (ख) मा विवादित कित्ता नं. ८०२ को सम्पत्तिको बिगो रू.२०००।– भएको भनी उल्लेख गरी कोर्ट फी ऐन, २०१७ बमोजिमको लाग्ने दस्तुर बुझाएको देखिन्छ । यसरी विवादित सम्पत्तिको बिगो जम्मा रू. २,०००।– भएको अवस्थामा पुनरावेदन अदालतबाट भएको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्छ वा सक्दैन भन्ने विषयमा विद्यमान कानूनी व्यवस्थालाई हेर्नुपर्ने देखियो । वि.सं. २०६७।१२।१५ मा न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ ले तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को खण्ड (ग) मा संशोधन गरेको देखिन्छ। उक्त संशोधित व्यवस्थाबमोजिम ***"तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय, पच्चिस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना, पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा"*** मा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको देखिने।

उक्त संशोधित कानूनी व्यवस्थाबमोजिम तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय, पच्चिस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना, पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदन रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने देखिन्छ । तर तीन वर्षभन्दा कम कैदको सजाय भएको, पच्चिस हजार रूपैयाँभन्दा कम जरिवाना भएको र पचास हजार रूपैयाँभन्दा कम बिगो भएको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदन रोहमा गरेको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने नदेखिने।

प्रस्तुत मुद्दामा वादीले सुरू कपिलवस्तु जिल्ला अदालतमा दायर गरेको फिरादपत्रको प्रकरण नं. ५ को (ख) मा विवादित कित्ता नं. ८०२ को सम्पत्तिको जम्मा बिगो रू.२०००।– उल्लेख गरेको देखिएको र मिति २०६७।१२।१५ मा संशोधन भई तत्काल विद्यमान रहेको ऐ. ऐनको दफा ९ (ग) मा भएको कानूनी व्यवस्थाबमोजिम पचास हजार रूपैयाँभन्दा कम बिगो भएको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दामा यस अदालतमा पुनरावेदन लाग्न सक्ने नदेखिँदा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत बुटवलबाट भएको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने नदेखिने।

अतः माथि उल्लिखित आधार, कारण तथा प्रमाणबाट प्रस्तुत मुद्दामा विवादित सम्पत्तिको बिगो जम्मा रू. २,०००।– भएको कारण पुनरावेदन अदालत बुटवलबाट भएको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने नदेखिँदा पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेको छ, छैन भनी मुद्दाको औचित्यभित्र प्रवेश गरिरहनु परेन। प्रस्तुत मुद्दाको पुनरावेदनपत्र खारेज हुने।
इजलास अधिकृतः उदवीर नेपाली
इति संवत् २०७४ साल पुस २४ गते रोज १ शुभम्।

- यसै लगाउको ०७०-CI-११५०, जग्गा खिचोला मेटाई घर भत्काई चलन चलाई पाऊँ, खदेरू तेली वि. हारून मुसलमान भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

इजलास नं.७

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., *०७५-WO-०५७२, उत्प्रेषण, हाल ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १४ रजिस्ट्रार कार्यालय रहेको साउन्ड रिक्रुटमेन्ट प्रा.लि. वि. वैदेशिक रोजगार विभाग, बुद्धनगरसमेत*

यसमा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्बाट प्रस्ताव पारित भई नेपाली प्रविधिक अभ्यासार्थी जापान पठाउने निर्देशिका, २०६६ पारित भएकोमा सो निर्देशिकाबमोजिम प्रशिक्षार्थी अभ्यासार्थी जापान पठाउनको लागि इजाजत पत्र प्रदान गर्न मिति २०७३।५।७ गते गोरखापत्रमा सूचना प्रकाशित भएको थियो। सो सूचनाबमोजिम निवेदकसमेत योग्य रहेकोले सम्पूर्ण प्रक्रिया पूरा गरी आवश्यक कागजातहरू साथै राखी विपक्षी वैदेशिक रोजगार विभागमा इजाजतपत्र प्राप्त गर्न दरखास्त पेस गरिएकोमा थियो । सो प्रयोजनको लागि निवेदकले वैदेशिक रोजगार विभागमा रजिस्ट्रेसनबापत दाखेल गरेको रकमसमेत बुझिलिएकोमा कानूनबमोजिम इजाजतपत्र प्राप्त गर्नुपर्नेमा हालसम्म इजाजत पत्र उपलब्ध गराएको छैन। यसबाट निवेदकलाई नेपालको संविधान, २०७२ को धारा १६, १७, १८ र २५ समेतले प्रत्याभूत गरेको मौलिक हकमा अनुचित बन्देज लाग्न गएकोले रिट निवेदकको मागबमोजिम नेपाली प्राविधिक अभ्यासार्थी जापान पठाउने निर्देशिका, २०६६ बमोजिम सो कार्यमा निवेदकलाई इजाजतपत्र प्रदान गर्न गराउन उपयुक्त आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन दाबी देखिने।

यस सम्बन्धमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० ले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत पत्र लिनुपर्ने र सोही ऐनको दफा ११ मा इजाजतपत्र प्रदान गर्नेसम्बन्धी व्यवस्था गरेको देखिन्छ। सो व्यवस्थालाई हेर्दा (१) वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न चाहने संस्थाले इजाजतपत्रको लागि तोकिएबमोजिमको विवरण खुलाई विभागसमक्ष निवेदन दिनुपर्ने र पेस भएको निवेदनउपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र दिनुपर्ने र जाँचबुझ गर्दा इजाजतपत्र दिन नमिल्ने भएमा विभागले कारणसहितको जानकारी इजाजतपत्र दिन नमिल्ने निर्णय भएको सात दिनभित्र निवेदकलाई दिनुपर्ने कानूनी व्यवस्था रहे भएको देखिने।

त्यसरी इजाजत पत्र प्राप्त वैदेशिक रोजगार व्यवसायी कम्पनीहरूमध्ये नेपाली प्रविधिक अभ्यासार्थी जापान पठाउने निर्देशिका, २०६६ को निर्देशन "घ" मा के कस्तो कम्पनी वा एजेन्सीले त्यस्ता नेपाली प्राविधिक अभ्यासार्थी जापान पठाउन पाउने व्यवस्था गरेको रहेछ भनी हेर्दा सो निर्देशिकाले "एजेन्सी" शब्दको परिभाषा गर्दै वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिम स्वीकृति प्राप्त भई यस कार्यक्रमअन्तर्गत सूचीकृत भएको एजेन्सीलाई सम्झनु

पर्दछ भनी परिभाषा गरिएको देखिन्छ । यसरी हेर्दा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिम इजाजत प्राप्त एजेन्सीले विभागमा सूचीकृत भएपश्चात् नेपाली प्राविधिक अभ्यासार्थी जापान पठाउन पाउने व्यवस्था उक्त निर्देशिकाले गरेको देखिन्छ । सोही कानूनी व्यवस्थालाई दृष्टिगत गरी यस अदालतबाट मिति २०७५।९।११ मा निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकसमेतको संलग्नतामा नेपाली प्राविधिक अभ्यासार्थी जापान पठाउने कार्यमा कुनै अवरोध नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत जारी भएको देखिने ।

उपर्युक्तबमोजिमको आदेश जारी भएपछि नेपाल सरकारले नेपाली प्राविधिक अभ्यासार्थीलाई जापान पठाउनको लागि रिट निवेदकलाई समेत इजाजत प्रदान गरिसकेको हुँदा माग सम्बोधन भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः तीर्थराज भट्टराई

इति संवत् २०७६ साल माघ २३ गते रोज शुभम् ।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७०-CI-०४५३, अंश, लक्ष्मणप्रसाद यादव वि. दिपनारायण यादव*

जग्गाधनी कान्तिदेवी यादव श्री निम्न माध्यमिक विद्यालय भेडियाहीमा मिति २०४४।११।१ मा अस्थायी नियुक्ति पाई मिति २०४८।३।३१ गतेदेखि प्राथमिक विद्यालयको दरबन्दीमा स्थायी नियुक्ति पाई कार्यरत रहेको भनी मिसिल संलग्न सम्बन्धित विद्यालयको पत्रको प्रतिलिपिसमेतबाट देखिएको छ । यसरी कार्यरत रहेको मिति २०४८।३।३१ देखि २०५६ सालसम्ममा निजले प्रत्येक आर्थिक वर्षमा लिएको तलबबापत के कति रकम प्राप्त गरेको छ खुलाई पठाउनु भनी आदेश भएकोमा उक्त अवधिमा निजले प्राप्त गरेको तलबबापतको रकम उल्लेख गरिएको विवरण निज तत्काल कार्यरत रहेको श्री माध्यमिक विद्यालयको च.नं. ४७ मिति २०६८।१२।२७ को पत्रबाट अदालतमा प्राप्त भई सुरू मिसिल संलग्न रहेको देखिन्छ । सो विवरणबाट उक्त अवधिमा निजले रू.१,८६,५६८।- तलब बुझिलिएको भन्ने देखिन्छ । निजले मिति २०५६।३।१६ मा खरिद गरेको जग्गाको जम्मा मूल्य रू.८,२००।– रहेको देखिँदा कित्ता नं. ९५२ र ९५४ का जग्गाहरू निजले प्राप्त गरेको तलब भत्ताको रूपैयाँको अनुपातमा अत्यन्त कम रहेको देखिन्छ । यसबाट उक्त जग्गा निज कान्तिदेवीको पारिश्रमिकबाट प्राप्त रकमबाट खरिद भएको पुष्टि भएको छ । यसरी तलब भत्ताको रूपैयाँबाट खरिद गरेको जग्गा बन्डा लाग्ने नलाग्ने भनी साबिक मुलुकी ऐन, अशबन्डाको महलको १८ नं. मा कुनै अंशियारले आफ्नो ज्ञान वा सिप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली पाएको वा स्त्री अंशधनको ५ नं. बमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति बन्डा गर्न कर लाग्दैन भन्ने व्यवस्था रहेको र स्त्रीअंशधनको १ नं. मा कन्या, सधवा वा विधवा स्वास्नी मानिसले आफ्नु आर्जनको चल अचल आफ्नोखुश गर्न पाउँछन् भन्ने कानूनी व्यवस्था रहेको स्थितिमा दिपनारायण यादवकी श्रीमती यी कान्तिदेवी यादवले शिक्षिका पदमा रहेबापत प्राप्त पारिश्रमिकको रकमबाट खरिद गरेको सम्पत्ति निजी आर्जनको रहेको देखिँदा उक्त जग्गालाई सगोलको रहेको भनी मान्न नमिल्ने ।

उपर्युक्त विवेचित आधार कारणहरूबाट कान्तिदेवी यादव शिक्षिका हुँदा प्राप्त पारिश्रमिकको रकमबाट विवादित कित्ता नं. ९५२ र ९५४ का जग्गाहरू खरिद गरेको जिकिर लिएकोमा निजले अध्यापन गराएको विद्यालयबाट सो अवधिमा निजले प्राप्त तलब भत्ताको रकमबाट खरिद गरेको देखिएको अवस्थामा विवादित कित्ता नं. ९५२ र ९५४ का जग्गाहरू कान्तिदेवीको निजी आर्जनको देखिँदा बन्डा

नलाग्ने ठहर भएको पुनरावेदन अदालत जनकपुरको मिति २०६९।२।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: तीर्थराज भट्टराई

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७०-WO-०९०३, उत्प्रेषण, प्राध्यापक डा.ऋषिप्रसाद शर्मा वि. त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को कार्यालय, कीर्तिपुरसमेत*

त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम १६ (१) मा प्रत्येक केन्द्रीय विभागमा एक प्रमुखको नियुक्ति गरिने छ भन्ने व्यवस्था रहेको छ भने ऐ. नियम १६(२) मा उपनियम १ को प्रयोजनको लागि पदगत वरिष्ठ शिक्षकहरूमध्येबाट सम्बन्धित डिनको राय लिई शिक्षाध्यक्षले ३(तीन) जना शिक्षकहरूको नाम पेस गर्ने छ र कार्यकारी परिषद्ले कुनै एक शिक्षकलाई केन्द्रीय विभागको प्रमुखमा नियुक्त गर्ने छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाबमोजिम नै शिक्षाध्यक्षले ३ जनाको नाम सिफारिस गरिएकामध्ये सहप्राध्यापक नारायणप्रसाद गौतमलाई सो विभागीय प्रमुखमा नियुक्ति गरिएको भन्ने त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को लिखित जवाफबाट समेत देखिन्छ । रिट निवेदक त्रिभुवन विश्वविद्यालय त्रि-चन्द्र कलेजमा कार्यरत रहेको र संस्कृत केन्द्रीय विभागको विभागीय प्रमुखमा सोही विभागमा कार्यरतमध्येका सहप्राध्यापकहरूको नाम सिफारिस भएमध्येका सहप्राध्यापक नारायणप्रसाद गौतमलाई मिति २०७०।१०।५ गतेदेखि लागु हुने गरी मिति २०७०।९।२५ को निर्णयानुसार ४ वर्षको लागि नियुक्त गरेको देखिएको छ। सो तथ्यलाई विपक्षीहरूले लिखित जवाफको क्रममा समेत उल्लेख गरेको देखिएको छ।

विपक्षीमध्येका नारायणप्रसाद गौतम आफूभन्दा कनिष्ठ व्यक्ति भएको भन्ने निवेदन दाबीतर्फ विचार गर्दा सहप्राध्यापक पदमा नियुक्ति हुँदा रिट निवेदक ऋषिप्रसाद शर्मा नारायणप्रसाद गौतमसँगै नियुक्ति हुँदा योग्यता क्रममा १ नं. मा नारायणप्रसाद गौतम र दोस्रो नम्बरमा यी रिट निवेदक रहेको भनी लिखित जवाफको क्रममा नारायणप्रसाद गौतमले उल्लेख गरेको पाइन्छ। सो अन्यथा हो भन्ने मिसिल संलग्न कागजबाट पुष्टि हुन सकेको देखिँदैन। त्रिभुवन विश्वविद्यालय, सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियमावली, २०५० को नियम १६ तथा अन्य कानूनी व्यवस्थासमेतको अध्ययनबाट विभागीय प्रमुखको पदमा वरिष्ठताको आधारमा नियुक्ति गर्नुपर्ने भन्ने बाध्यात्मक व्यवस्था रहेको कहीँकतै देखिँदैन । उक्त नियम १६(२) मा पदगत वरिष्ठ शिक्षकहरूमध्ये ३ जनाको नाम सिफारिस गरेको र ती नाममध्ये कार्यकारी परिषद्ले नारायणप्रसाद गौतमलाई सिफारिस गरेकोले विभागीय प्रमुखको पदमा नियुक्ति भएको देखिन्छ । यसरी हेर्दा निज नारायणप्रसाद गौतमलाई विभागीय प्रमुखको पदमा नियुक्ति गर्दा कुनै कानूनको उल्लङ्घन भएको अवस्था नदेखिने।

यसका अतिरिक्त रिट निवेदकले त्रिभुवन विश्वविद्यालय संस्कृत केन्द्रीय विभागको प्रमुखमा सहप्राध्यापक श्री नारायणप्रसाद गौतमलाई नियुक्त गर्दा नेपालको अन्तरिम संविधान, २०६३ द्वारा आफूलाई प्रदत्त मौलिक हकमा आघात पर्न गएको भन्ने दाबीतर्फ विचार गर्दा कुनै खास पदमा यी निवेदकलाई नै नियुक्ति गर्नुपर्ने गरी योग्यता निर्धारण गरेको देखिँदैन। उक्त पदमा नियुक्ति नभएको कारणले मात्र निवेदकको संविधान एवं प्रचलित ऐन कानूनद्वारा प्रदत्त हक अधिकारमा आघात परेको मान्न मिल्ने हुँदैन । उक्त नियुक्तिको निर्णयले निवेदकका संविधान प्रदत्त हकमा के कसरी आघात पर्न गएको हो स्पष्ट उल्लेख गर्न सकेको पनि

देखिँदैन । साथै त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियमावली, २०५० ले विभागीय प्रमुखको पदावधि ४ वर्षको रहने गरी तोकिएको पाइन्छ। रिट निवेदकले दाबी गरेको विभागीय प्रमुखमा नारायणप्रसाद गौतम मिति २०७०।९।२५ को निर्णयानुसार मिति २०७०।१०।५ गतेदेखि लागु हुने गरी ४ वर्षको लागि नियुक्त भएको देखिएको छ। सो मितिबाट ४ वर्षको पदावधि फैसला मितिअगावै समाप्त भइसकेको देखिएको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको देखिने।

अतः विवेचित आधार कारणहरूबाट विपक्षीमध्येका नारायणप्रसाद गौतमलाई त्रिभुवन विश्वविद्यालय संस्कृत केन्द्रीय विभागको विभागीय प्रमुखको पदमा नियुक्ति गर्दा प्रचलित कानूनले तोकेको योग्यता पद्धति र प्रक्रियाको प्रतिकूल हुने कुनै कार्य गरे भएको नदेखिनुका साथै विभागीय प्रमुखको पदावधि ४ वर्षको रहेको अवस्थामा फैसला मितिसम्म सो अवधि व्यतीत भई प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भएको देखिँदा रिट निवेदन जारी हुन सक्ने नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: तीर्थराज भट्टराई

इति संवत् २०७६ साल माघ १९ गते रोज १ शुभम्।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७१-WO-०३७९, उत्प्रेषण, डा.राधेश्याम शिल्पकार वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को नियम ३२ ले अध्ययन, तालिम वा अध्ययन भ्रमणको निमित्त मनोनयनका आधारहरू तोकिएको देखिन्छ । सोही आधारमा अध्ययन भ्रमणको लागि रिट निवेदकको मनोनयन भएको र निजलाई विदेशी विश्वविद्यालयबाट छनौट भई भर्ना भइसकेपश्चात् नियमानुसार अध्ययन बिदाको कारबाही अगाडि बढाइने गरी विदेशी विश्वविद्यालयमा अध्ययन गर्न जानको लागि विभागीय स्वीकृतिसमेत प्रदान भएको देखिएकोमा निजले त्यस्तो विभागीय स्वीकृति लिँदा कुनै योग्यता ढाँटेको वा सर्त पूरा नगरेको भनी जिकिर लिन सकेको अवस्था पनि देखिँदैन । यसबाट रिट निवेदकलाई विदेशी विश्वविद्यालयमा अध्ययन गर्न जान अध्ययन बिदा स्वीकृत गर्ने विषयमा पछि कारबाही हुने गरी विभागीय स्वीकृति प्रदान भएकोमा त्यस्तो बिदालाई परिवर्तन गर्नुपर्ने कुनै तथ्ययुक्त आधार र कारणहरू रहेको जिकिर लिन सकेको अवस्था पनि नदेखिने।

रिट निवेदकले आफूले जस्तै सरकारी छात्रवृत्तिमा अध्ययन गर्न जान मनोनयन भएका आफू सरहका जया सत्याल र झुलाराम अधिकारीले पनि अध्ययन बिदा माग गरेकोमा निजहरूलाई अध्ययन बिदा स्वीकृत गरिएको तर आफूलाई समान आधारमा दिएको निवेदनमा असाधारण बिदा स्वीकृत गरेको हुँदा समानताको हकविपरीत भएको भनी लिइएको दाबीमा विपक्षीहरूले खण्डन गरेको वा कुनै प्रतिवाद गरेको अवस्था पनि देखिँदैन । यसका अतिरिक्त स्वास्थ्य मन्त्रालयले पेस गरेको लिखित जवाफमा रिट निवेदकले माग गरेबमोजिम नै असाधारण बिदा स्वीकृत गरिएको भनी भ्रमपूर्ण लिखित जवाफ दिएको देखिएको छ । त्यसैगरी आयुर्वेद विभागले आफ्नो लिखित जवाफमा शिक्षा मन्त्रालयको विज्ञापनबमोजिम दरखास्त दिन अनुमति दिएको भनिए तापनि निजलाई दिएको विभागीय स्वीकृतिमा निजलाई अध्ययन बिदा दिने सम्बन्धमा पछि कारबाही हुने गरी हाललाई विभागीय स्वीकृति दिने भन्ने बेहोरा उल्लेख भएको उक्त पत्रको मिसिल संलग्न प्रतिलिपिबाट देखिने।

यसरी रिट निवेदकले आफू वैदेशिक अध्ययनमा जान विभागीय स्वीकृति पाएको जनाई अध्ययन बिदाको लागि निवेदन दिएको देखिएको, निवेदकलाई वैदेशिक अध्ययनको लागि विभागीय स्वीकृति दिँदा अध्ययन बिदाको सम्बन्धमा पछि कारबाही हुने भनी उल्लेख गरेको, अध्ययन बिदा

स्वीकृत हुन नसक्ने कुनै आधार र कारण उल्लेख गर्न नसकेको, समान आधारमा अन्य कर्मचारीहरूलाई अध्ययन बिदा प्रदान गरिएकोमा आफूलाई भेदभावजन्य व्यवहार भएको भन्ने दाबीमा कुनै जवाफ नदिई केवल एक पटक स्वीकृत भइसकेको बिदा परिवर्तन गर्ने कानूनी व्यवस्था नभएको र आफूअनुकूलको बिदा माग गरेको भन्ने जिकिर तथ्यमा आधारित भई लिएको नदेखिँदा अध्ययन बिदाको मागसहित परेको निवेदनमा रिट निवेदकलाई असाधारण बिदा स्वीकृत गर्ने गरी भएको मिति २०६९।८।२५ को निर्णय सोसँग सम्बन्धित सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर हुने।

अब निवेदकलाई वैदेशिक अध्ययनको लागि Tianjin University of Traditional Chinese Medicine China मा आयुर्वेदिक विषयमा स्नातकोत्तर अध्ययन गर्न मनोनयन भएको सो प्रयोजनको लागि पूर्वविभागीय स्वीकृति प्रदान गरिएको अवस्थामा मिति २०६७।४।२५ मा स्वास्थ्य सेवा विभागमा अध्ययन बिदा स्वीकृतको लागि दिएको निवेदन मागबमोजिम नै अध्ययन बिदा स्वीकृत गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः तीर्थराज भट्टराई

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल माघ १९ गते रोज १ शुभम्।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७१-WO-०४८३, उत्प्रेषण / परमादेश, सूर्यबहादुर अधिकारीसमेत १०२ जना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

यसमा रिट निवेदकहरू प्राथमिक विद्यालय शिक्षकको तृतीय श्रेणीबाट बढुवा भई द्वितीय श्रेणीमा हाल कार्यरत रहेको तथ्यमा विवाद देखिएन । निजहरूले रिट निवेदनसाथ पेस गरेका कागजातहरू र मिसिल संलग्न विपक्षीहरूको लिखित जवाफबाट प्राथमिक विद्यालयका तृतीय श्रेणीका शिक्षकहरूले खाइपाई आएको तलबमानको अन्तिम अङ्कभन्दा प्राथमिक शिक्षक द्वितीय श्रेणीमा बढुवा भई आएका रिट निवेदकहरूको तलबमान कम हुन गएको स्पष्ट देखिएको छ । शिक्षा नियमावली, २०५९ को नियम १०२ मा माथिल्लो पदमा बढुवा भएका शिक्षकहरूको तलबमान निर्धारण गर्ने सम्बन्धमा व्यवस्था गरेको देखिन्छ। सो कानूनी व्यवस्थालाई हेर्दाः

माथिल्लो तलबमानको कुनै श्रेणीमा बढुवा पाउने शिक्षकले सो तलबमानको सुरु तलब पाउने छ। तर निजले हाल खाइपाई आएको तलबभन्दा माथिल्लो श्रेणीको तलबमान न्यूनतम तलब बराबर वा सोभन्दा बढी भएमा माथिल्लो तलबमानमा निजको तलब तोक्दा देहायबमोजिम गरी तोकिने छः

१. निजले हाल पाइरहेको तलब माथिल्लो तलबमानको सुरु तलब बराबर भएमा सो तलबमा एक तलब वृद्धि थप गरिने छ।

२. साबिक श्रेणीमा पाइरहेको तलब बढुवा भएको श्रेणीको सुरु तलबभन्दा बढी भएको अवस्थामा माथिल्लो श्रेणीको तलब तोक्दा हाल पाइरहेको तलबमा नपुगसम्मको तलब वृद्धि गरी माथिल्लो श्रेणीको एक तलब वृद्धिसमेत दिइने छ।

यसरी हेर्दा बढुवा भएको कुनै शिक्षकले साबिकको पदमा खाइपाई आएको तलबमानभन्दा हाल बढुवा भएको श्रेणीको पदमा बढुवा नियुक्ति पाएपछि साबिक श्रेणीमा प्राप्त गरेकोभन्दा बढी रकम प्राप्त गर्ने गरी कानूनी व्यवस्था रहेभएको देखिन्छ । यस्तो कानूनी व्यवस्थाबमोजिमको सेवा सुविधा रिट निवेदकहरूले प्राप्त गर्न नसक्ने गरी रोक लगाइएको वा निजहरूले त्यस्तो रकम प्राप्त गर्नु नपर्ने कुनै कारण र अवस्था देखिँदैन। कानूनले व्यवस्था गरेको तलबमान प्रदान गर्नु सम्बन्धित निकायको कानूनी कर्तव्य पनि

हो । तल्लो श्रेणी वा पदबाट माथिल्लो श्रेणी वा पदमा बढुवा भएपछि बढुवा भएको पदको जिम्मेवारी र सेवा सुविधामा समेत थप हुनुपर्नेमा साबिकको पदमा रहेका शिक्षकहरूको भन्दा कम हुने गरी तलब भत्ता निर्धारण गर्न नमिल्ने ।

बढुवाको उद्देश्य नै कुनै एक तहमा निश्चित अवधि काम गरिसकेका कर्मचारीहरूको सेवा सुविधा वृद्धि गरी मनोबल बढाउन र निजलाई उत्प्रेरित गराई सेवा प्रवाहको स्तर वृद्धि गराउनु रहेकोमा दुईमत हुन सक्दैन । तसर्थ साबिकको पदमा भन्दा बढुवा भएको हालको पदमा प्राप्त हुने तलबमान र सेवा सुविधा कम हुने हो भने हाल कायम भएको श्रेणीबद्ध पदीय व्यवस्था तथा बढुवासम्बन्धी अवधारणाको औचित्यमाथि नै प्रश्नचिह्न लाग्ने हुन्छ। तसर्थ शिक्षा नियमावली, २०५९ को नियम १०२ समेतले बढुवा भएका शिक्षकहरूको तलबमान निर्धारण गर्दा साबिक श्रेणी वा पदमा रहँदा खाइपाई आएको तलबमानभन्दा बढुवा भएको पदको सुरू तलबमान केही बढी हुने गरी निर्धारण गर्नुपर्नेमा निवेदनसाथ पेस भएका कागजातहरूबाट त्यस्तो नभई साबिकको पदमा खाइपाई आएको तलबमानभन्दा बढुवा भई आएको पदको तलबमान कम रहेको देखिँदा सो तलबमानलाई शिक्षा नियमावली, २०५९ को नियम १०२ अनुरूप भएको देखिन नआउने ।

निवेदकहरूको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा निवेदकहरूको तलबमान सम्बन्धमा निर्णय गर्ने आधिकारिक निकाय नेपाल सरकार मन्त्रिपरिषद् नै भएकोमा समेत विवाद छैन । विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।४।४ को निर्णयबाट नै रिट निवेदकहरूको तलबमानमा साबिकको पदको उपल्लो तलब स्केलभन्दा बढुवा भएको पदमा तोकिएको तलबमान कम रहेको निजहरूले पेस गरेको कागजातहरूबाट देखिएको छ । यसरी तलबमान निर्धारण गर्दा शिक्षकहरूको हकमा शिक्षा नियमावली, २०५९ को नियम १०२ को कानूनी व्यवस्थाको प्रतिकूल हुने गरी निर्धारण गर्न नसक्ने ।

यसै विषयसँग सम्बन्धित रिट निवेदक रामप्रसाद घिमिरेसमेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको उत्प्रेषण / परमादेश मुद्दामा (ने.का.प. २०६९ अङ्क ३ नि.नं. ८७७८) "**तल्लो श्रेणी वा पदबाट माथिल्लो श्रेणी वा पदमा बढुवा भएपछि साबिकको श्रेणी वा पदभन्दा बढुवा भएको श्रेणी वा पदअनुरूपको थप जिम्मेवारीका साथै थप सेवा सुविधा नहुने अवस्था रहिरहने हो भने बढुवा वा पदोन्नतिसम्बन्धी अवधारणाको कुनै महत्त्व रहन नसक्ने । राष्ट्रसेवक कर्मचारीहरूलगायत शिक्षकहरूको तलबमान निर्धारण गर्ने अन्तिम जिम्मेवारी मन्त्रिपरिषद्कै हुनेमा कुनै द्विविधा हुन सक्तैन । सोअनुरूप तलबमान निर्धारण गर्दा शिक्षकहरूको हकमा पनि शिक्षा नियमावली, २०५९ को नियम १०२ ले गरेको व्यवस्थासँग प्रतिकूल हुने खालको तलबमान निर्धारण गर्न नसक्ने"** भनी सिद्धान्तसमेत कायम भएको देखिने ।

अतः विवेचित आधार कारणहरू र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।४।४ को निर्णयबाट निर्धारित भएको निवेदकहरूको तलबमानमा शिक्षा नियमावली, २०५९ को नियम १०२ को व्यवस्थाअनुरूप मिलान गरी निवेदकहरूकले बढुवा पाएको प्रा.वि. द्वितीय श्रेणीको पदअनुकूल बनाउन उपयुक्त र आवश्यक देखिएको हुँदा निवेदकहरूको प्रा. वि. द्वितीय श्रेणीको तलबमान शिक्षा नियमवली, २०५९ को नियम १०२ अनुकूल हुने गरी रिट निवेदकहरूको प्राथमिक शिक्षक द्वितीय श्रेणीको तलबमान साबिकमा निजहरूले खाइपाई आएको प्राथमिक शिक्षक तृतीय श्रेणीको पदको भन्दा कम नहुने गरी शिक्षा नियमावली, २०५९ को नियम १०२ अनुकूल हुनेगरी मिलाई

निवेदकहरूलाई तलब भत्ता भुक्तानी गर्नु, गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः तीर्थराज भट्टराई

इति संवत् २०७६ साल माघ १९ गते रोज १ शुभम् ।

६

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७२-CI-०५६१, सम्बन्ध विच्छेद अंश, निर्मला दमाई वि. छविबहादुर दमाई*

प्रस्तुत मुद्दाको प्रमाण मिसिलको रूपमा पेस भएको वादी छबिबहादुर दमाईको जाहेरीले नेपाल सरकार प्रतिवादी प्रस्तुत मुद्दाका पुनरावेदक निर्मला दमाईसमेत भएको बहुविवाह मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहरी मिति २०७१।१।२४ मा धनकुटा जिल्ला अदालतबाट फैसला भई अन्तिम भएको देखिन्छ । वादी छबिबहादुर दमाईले दायर गरी साथै पेस भएका हाडनाता करणी, धनमालसमेतका मुद्दामा पुनरावेदन अदालत धनकुटाबाट भएको फैसला उल्टी भई दाबी नपुग्ने ठहर भएको अवस्था छ । यसरी यी वादी प्रतिवादीबिचमा वैवाहिक सम्बन्ध कायम रहिरहेकै अवस्थामा गाली बेइज्जती, हाडनाता करणी तथा धनमाल जस्ता विभिन्न मुद्दाहरू सिलसिलेवार रूपमा परिरहेको देखिन्छ । यस्तो अवस्थामा पुनरावेदक वादी निर्मला दमाईले खान लाउन नदिएको र घरबाट निकाला गरेको भन्ने तथ्यलाई अन्यथा भएको मान्न मिल्ने अवस्था पनि देखिँदैन । प्रतिवादीले यस मुद्दाका वादीउपर बहुविवाहमा जाहेरी दिने, हाडनाता करणी र जारी जस्ता विषयमा मुद्दा दायर गरेपश्चात् वादी प्रतिवादीको बिचमा हदैसम्मको अविश्वासको अवस्था सिर्जना भएको देखिँदा यी दुवैबिचमा अब पति पत्नीको नाता कायम रहिरहन सक्ने अवस्था र स्थितिसमेत नदेखिँदा फिराद दाबीबमोजिम पेस भएको तायदाती फाँटवारीबाट चन्द्रकुमारी दमाईका नाउँमा रहेको कित्ता नं. ३३३ को जग्गालाई ३ भाग लगाई सोको प्रतिवादी छबिबहादुर दमाईका भागमा आउने १ भाग अंशबाट ७ भागको १ भाग अंश यी पुनरावेदक वादी निर्मला दमाईलाई दिलाई वादी प्रतिवादीबिचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने ठहर्छ । वादी दाबी पुग्न नसक्ने ठहराई भएको पुनरावेदन अदालत धनकुटाको मिति २०७१।१२।११ मा भएको फैसला उल्टी हुने ।

इजलास अधिकृत: तीर्थराज भट्टराई

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७२-CI-०५६३, ०५६२, धनमाल, निर्मला दमाई वि. छविबहादुर दमाई, मानबहादुर दर्जी वि. छविबहादुर दमाई
- ०७२-CR-१०६५, गाली बेइज्जती, निर्मला दमाई वि. छविबहादुर दमाई
- ०७२-CR-१०६४, गाली बेइज्जती, मानबहादुर दर्जी वि. छविबहादुर दमाई
- ०७२-CR-१०६२,१०६३ हाडनाता करणी जारी, निर्मला दमाई वि. छविबहादुर दमाई, मानबहादुर दर्जी वि. छविबहादुर दमाई

इजलास नं.८

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७१-CI-०८७१, जग्गा खिचोला चलन, रामप्यारी कोइरीसमेत वि. असर्फि महतो कोइरीसमेत*

स्रेस्ताअनुसारको क्षेत्रफल भएको जग्गा नरबढी वा नरघटी पनि हुन सक्दछ । प्रस्तुत मुद्दामा वादी र प्रतिवादीका जग्गाहरू नापीकै समयमा नाप जाँच भई जग्गाको सिमाना रेखा एकै मिलानसँग वारपार रूपमा रहेको छ । सो सिमा रेखाभन्दा उत्तरतर्फ विवादित न.नं. ९ र १० को जग्गा देखाइएको छ ।

प्रतिवादी असर्फि महतोको कि.नं. २८० (न.नं. २३) को उत्तर सिमानामा रहेको सिमा रेखाभन्दा माथि अब निज असर्फिको जग्गा रहन जाने अवस्था हुँदैन।

विवादित न.नं. ९ र १० को जग्गा प्रतिवादी असर्फिको कि.नं. २८० अन्तर्गत पर्न गएमा नापीकै समयमा छुट्ट्याइएको रेखा नाघी जानुपर्ने हुन्छ। जून हाम्रो भूमिको नाप जाँचसम्बन्धी व्यवस्था तथा परम्परा परिपाटीले पनि मिल्ने हुँदैन। जग्गाको आकृति प्रकृति हेर्दा विवादित न.नं. ९ र १० जग्गाको अवस्थिति वादीहरूकै कि.नं. २९५ र २७५ को जग्गाअन्तर्गत पर्न जाने देखिन्छ। अन्यथा नापीकै समयमा निर्धारण भई छुट्ट्याइएका सिमारेखा मिल्ने हुँदैन। विवादित न.नं. ९ र १० को उत्तरतर्फ छुट्ट्याइएको विवादित रेखा नापीको प्रिन्ट जस्तो सिधा छैन। अतः सो विवादित जग्गा प्रतिवादीको कि.नं. २८० को जग्गाअन्तर्गत रहन जाने देखिन नआउने।

वस्तुतः विवादित जग्गाको अवस्थिति वादी र प्रतिवादीको सिमारेखा छुट्ट्याइएको नापीको प्रिन्टसमेतको आधारमा विवादित न.नं. ९ र १० को जग्गा वादीहरूकै कि.नं. २९५ र २७५ अन्तर्गत रहेको र सो जग्गामा वादीहरूले नै रूख विरूवा लगाई भोग गरिरहेको भन्ने देखिन आएकोले विवादित न.नं. ९ र १० को जग्गामा प्रतिवादी असर्फि महतो कोइरीले खिचोला गरेको पुष्टि हुन आयो। यस्तो अवस्थामा उक्त विवादित न.नं. ९ र १० को जग्गा प्रतिवादी असर्फि महतो कोइरीसमेतले खिचोला गरेको ठहर गरी भएको सर्लाही जिल्ला अदालतको फैसला न्यायको रोहमा अन्यथा देखिएन। उक्त फैसला उल्टी गरी जग्गा खिचोला नहुने ठहराएको पुनरावेदन अदालत जनकपुरको फैसला मिलेको देखिन नआउने।

अतः विवेचित तथ्य एवं प्रमाणको आधारमा मिति २०६६।१०।५ को नक्सा मुचुल्कामा उल्लिखित न.नं. ९ र १० को जग्गा प्रतिवादी असर्फि महतो कोइरीसमेतले खिचोला गरेको ठहर गरेको सर्लाही जिल्ला अदालतको फैसला उल्टी गरी खिचोला नठहर्ने भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।१।१८ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी हुने ठहर्छ। विवादित न.नं. ९ र १० को वादी रामप्यारी कोइरी र रामजतन महतो कोइरीको दर्ताभित्रको जग्गा प्रतिवादीहरूले आफ्नो कि.नं. २८० को जग्गामा मिलाई खिचोला गरेको ठहराई वादीले सो खिचोला मेटाई चलन चलाई पाउने ठहराएको सुरू सर्लाही जिल्ला अदालतको मिति २०६७।२।१८ को फैसला मिलेको देखिँदा सदर कायम हुने।

इजलास अधिकृत : कल्याण खड्का

कम्प्युटर: देवीमाया खतिवडा (देविना)

इति संवत् २०७५ साल फागुण २९ गते रोज ४ शुभम्।

- यसमा यसै लगाउको ०७१-CI-०८७०, ०८६९, ०८७० र १२३३, जग्गा खिचोला चलन तथा ०७१-CR- ०८५१ र ०८५२ लुटपिट, रामप्यारी कोइरी वि. हरि नारायण महतोसमेत भएको मुद्दामा पनि यसै प्रकृतिको फैसला भएको छ।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७२-CR-०१४२, सवारी ज्यान, नेपाल सरकार वि. मिलन बमरेल भन्ने सोमबहादुर बमरेल*

सिमेन्ट फ्याक्ट्रीको कम्पाउन्डभित्र दुर्घटना भएको देखिन्छ। ट्रक सिमेन्ट फ्याक्ट्रीको कम्पाउन्डभित्र राखिएको हुँदा जुनसुकै समयमा पनि सिमेन्ट लोड गर्नुपर्ने अवस्था आइपर्ने भएर नै हेल्परलाई चाबी सुम्पेर चालक अन्यत्र गएको भन्ने तथ्य अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूको कागजबाट देखिएको छ। साथै, निज प्रतिवादीले नै ट्रक चलाई दुर्घटना गरी मृतक शिवकुमार चौधरीको मृत्यु भएको ठहर गरी १ वर्ष कैदसमेत हुने ठहर भएउपर निज प्रतिवादी सोमबहादुरको पुनरावेदन

परेको छैन । अत: प्रतिवादी मिलन भन्ने सोमबहादुर बमरेलले ट्रक चलाई मृतकलाई ठक्कर दिएको भन्ने तथ्य स्पष्ट हुन आएको छ । यसबाट सवारी चलाउने अनुमतिपत्र नभएका प्रतिवादी मिलन भन्ने सोमबहादुर बमरेलले ट्रकजस्तो Heavy गाडी हाँकी ब्याक गर्दा मृतक शिवकुमार चौधरीलाई ठक्कर दिई मृत्यु भएको भन्ने देखिने।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (४) मा चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफाबमोजिम हुने सजायमा थप दुई हजार रूपैयाँ जरिवानासमेत हुने कानूनी व्यवस्था रहेको देखियो । साथै, सोही ऐनको दफा १६१ को उपदफा (२) मा ज्यान मर्न सक्ने ठुलो सम्भावना छ भन्ने जानी जानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट मानिस मर्न गएमा हुने सजायको व्यवस्था गरिएको पाइन्छ। यस उपदफामा लापरवाही शब्द प्रयुक्त भएको छ। फौजदारी कानूनमा कसैले कसुर गर्दाका अवस्थामा वारदात घटाउने व्यक्तिको मानसिक अवस्थाको स्तरलाई जनाउन लापरवाही (Recklessness) शब्दको प्रयोग गरिएको हुन्छ । जसमा त्यस्तो कसुर मानिने कार्य गर्ने व्यक्तिलाई आफूले गरेको व्यवहारबाट आउने सम्भावित परिणामको पूर्वज्ञान रहेको हुन्छ र जोखिम लिई त्यस्तो कार्य गरेको हुन्छ। तर त्यस्तो परिणामको चाहना भने राखेको हुँदैन। यसरी सम्भावित परिणामको इच्छा राखेको थियो वा थिएन भन्ने आधारमा मनसाय र लापरवाहीमा भिन्नता गर्न सकिन्छ । यस मुद्दाका प्रतिवादी मिलन भन्ने सोमबहादुर बमरेलले आफूसँग सवारी चालक अनुमतिपत्र नभएकाले त्यस्तो सवारी साधन चलाउन अयोग्य छु भन्ने जान्दाजान्दै जोखिम (Risk) मोली ट्रकजस्तो Heavy सवारी साधन चलाई वारदात हुन गएको अवस्था छ। यसरी निज प्रतिवादीले जोखिमपूर्वक गरेको कार्यबाट मृतकलाई ठक्कर लाग्न पुगेको र मृत्युसमेत भएको अवस्था हुँदा प्रतिवादीको उक्त कार्य लापरवाहीपूर्वक गरिएको कसुरअन्तर्गत पर्ने देखिने।

वस्तुत: सवारी चलाउने दक्षता हासिल नै नगरी सवारी चालक अनुमतिपत्रविना सवारी चलाउँदा सो सवारी दुर्घटना भई कसैको ज्यान मर्न सक्ने ठुलो सम्भावना रहने हुँदा सवारी चालक अनुमतिपत्र नै नभएका व्यक्तिले ट्रकजस्तो Heavy सवारी चलाउनु आफैँमा लापरवाहीयुक्त कार्य रहेको सिद्ध हुन्छ । प्रतिवादी मिलन भन्ने सोमबहादुर बमरेलले सवारी चालक अनुमतिपत्र नलिई लापरवाहीपूर्वक सवारी साधन ट्रक चलाई ठक्कर दिएको कारणले मानिस मर्न पुगेको स्थिति रहेको हुँदा निजको उक्त कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) र (४) अन्तर्गतको कसुरभित्र पर्ने देखिने।

यसरी प्रतिवादी मिलन भन्ने सोमबहादुर बमरेलले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) र (४) अन्तर्गतको कसुर गरेको देखिएकोमा निज प्रतिवादीलाई सोही ऐनको दफा १६१(३) बमोजिम १ वर्ष कैद सजाय गरेको हदसम्म पुनरावेदन अदालत बुटवलबाट भएको फैसला नमिलेको हुँदा सो हदसम्म उक्त फैसला बदर भई निज प्रतिवादी मिलन भन्ने सोमबहादुर बमरेललाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय हुने देखियो । निज प्रतिवादीलाई सोही ऐनको दफा १६१(४) अनुसार थप दुई हजार रूपैयाँ जरिवानासमेत गरेको हदसम्म भने उक्त फैसला अन्यथा नदेखिने।

अत: विवेचित आधार, कारण तथा न्यायिक सिद्धान्तसमेतबाट प्रतिवादी मिलन भन्ने सोमबहादुर बमरेलले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) र (४) विपरीतको कसुर गरेको पुष्टि हुन आएकाले सुरू रूपन्देही जिल्ला अदालतको

फैसला सदर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।३।१६ मा भएको फैसलामा प्रतिवादी मिलन भन्ने सोमबहादुर बमरेललाई सोही ऐनको दफा १६१(३) बमोजिम १ वर्ष कैद सजाय गरेको हदसम्म सो फैसला नमिलेको हुँदा केही उल्टी भई प्रतिवादी मिलन भन्ने सोमबहादुर बमरेललाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) बमोजिम कैद वर्ष २ (दुई) सजाय हुने र निज प्रतिवादी मिलन भन्ने सोमबहादुर बमरेललाई सोही ऐनको दफा १६१(४) अनुसार थप दुई हजार रूपैयाँ जरिवानासमेत गरेको हकमा उक्त फैसला सदर हुने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७६ साल असोज २ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७३-WO-०७२०, उत्प्रेषण / परमादेश, चन्द्रप्रसाद भट्टसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

माननीय कृषि विकास मन्त्रीस्तरको मिति २०७३।९।१३ को निर्णयानुसार राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड कर्मचारी प्रशासन विनियमावली (पाँचौं संशोधन), २०७३ स्वीकृत भएको भन्ने कृषि विकास मन्त्रालयको च.नं. १६ मिति २०७३।९।१४ को पत्रबाट देखिन्छ । सो विनियमावलीको पाँचौं संशोधन हेर्दा, राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६२ को विनियम १७ को उपविनियम (१)(घ) खारेज गरिएको भन्ने देखिन्छ । निवेदकले उक्त विनियमावलीको पाँचौं संशोधन राज्यमन्त्री स्तरको निर्णयबाट भएको भन्ने दाबी लिए पनि कृषि विकास मन्त्रालयको उल्लिखित च.नं. १६ मिति २०७३।९।१४ को पत्रबाट सो निर्णय कृषि विकास मन्त्रीस्तरको निर्णय रहेको भन्ने देखिन्छ । उक्त विनियमावलीमा पाँचौ संशोधनका लागि लोक सेवा आयोगको मिति २०७३।८।६ को निर्णयअनुसार परामर्श दिइएको भन्ने लोक सेवा आयोगको च.नं. ६३ मिति २०७३।८।१० को पत्रबाट स्पष्ट देखिन आएको छ । यसरी निवेदकहरू कार्यरत कम्पनीका सम्बन्धमा लोक सेवा आयोगबाट परामर्श लिई संशोधन भएको राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६२ (पाँचौं संशोधन, २०७३) लागु रहेको अवस्था देखिन्छ । तसर्थ, निवेदकहरूले शिक्षा ऐन, २०२८ को दफा ११(च) तथा समाज कल्याण परिषद्को मिति २०७३।१।१६ को विज्ञापनमा अस्थाई कार्यरत रहेकोलाई उमेरको हद नलाग्ने व्यवस्था गरेको भन्ने निवेदन दाबी लिए तापनि अर्कै निकायको प्रयोजनका लागि बनेको उक्त कानूनी व्यवस्था तथा अर्कै कार्यालयमा पदपूर्तिका लागि गरिएको सो विज्ञापनको सर्त प्रस्तुत निवेदकहरूको लागिसमेत आकर्षित भई लागु हुन सक्ने नदेखिने।

मूलत: मिति २०७१।३।२३ मा भएको राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६२ मा तेस्रो संशोधन, २०७० द्वारा थप गरिएको उक्त विनियमावलीको विनियम १७ को उपविनियम (१)(घ) को कम्पनीमा विगत ५ वर्षदेखि अविच्छिन्नरूपमा कार्यरत कर्मचारीको हकमा स्थायी पदपूर्तिका लागि प्रथम पटक प्रकाशित हुने विज्ञापनमा उमेरको हद नलाग्ने भन्नेसमेत व्यवस्थालाई मिति २०७३।९।१३ मा भएको उक्त विनियमावलीको पाँचौ संशोधनले खारेज गरेको देखियो । लोक सेवा आयोगबाट परामर्श लिई सो संशोधन गरिएको भन्ने देखिएकाले संशोधनको प्रक्रियालाई अन्यथा भन्न मिल्ने देखिँदैन। सो संशोधनपश्चात् उक्त राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६२ को विनियम १७ को उपविनियम (१)(ग) मा उक्त कम्पनीको सेवामा पुरूष उम्मेदवारको हकमा

३५ र महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर पूरा भइसकेको व्यक्ति नियुक्त हुन नसक्ने कानूनी प्रावधान रहेको देखिन्छ । तसर्थ, उक्त विनियमावलीले तोकेको उमेरको हद नाघेको व्यक्ति कम्पनीको सेवाका लागि उम्मेदवार हुन नसक्ने हुँदा उमेर हदका कारणबाट निवेदकहरूको दरखास्त कानूनबमोजिम नै अस्वीकृत भएको भन्ने देखिन आउने ।

उक्त राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६२ तेस्रो संशोधनले पाँच वर्ष अविच्छिन्नरूपमा कार्यरत कर्मचारीहरूको हकमा प्रथमपटक प्रकाशित हुने स्थायी पदमा उमेरको हद नलाग्ने भनी विनियमावलीले गरेको व्यवस्था ५ वर्ष निरन्तर रूपमा कार्य गरेको कर्मचारीहरूको लागि स्थायी प्रक्रियामा समावेश हुने सहुलियतसम्म दिएको र सोपश्चात् उक्त व्यवस्था निस्क्रिय हुने भन्ने देखियो । सो विनियमावलीमा भएको उक्त व्यवस्थाबाट नै प्रथम पटकमा मात्र उमेरको हद नलाग्ने स्पष्ट रहको छ । साथै, सो विनियमावलीको व्यवस्था खारेज भइसकेको पनि छ । अत: लामो अवधिसम्म सेवा गरेको कर्मचारीहरूलाई स्थायी पदपूर्ति गर्दा पहिलो पटकलाई उमेरको हद नलाग्ने भन्ने कानूनी व्यवस्था खारेज गर्नुपर्ने कुनै कानूनी आधार देखिँदैन भन्ने निवेदकको भनाइ रहे पनि लोक सेवा आयोगको परामर्शअनुसार उमेरको हदको निर्धारण भएको हुँदा एकपटकका लागि भनी गरिएको व्यवस्था सदाको लागि कायम हुनुपर्दछ भन्ने निवेदकको दाबी मनासिब नदेखिने ।

साथै, पदपूर्ति समितिबाट मिति २०७३।९।१६ मा प्रकाशित विज्ञापनमा निवेदकहरूको दरखास्त लिई प्रतिस्पर्धामा सामेल गराउनु भनी विपक्षीको नाउँमा अन्तरिम आदेश जारी गर्न माग गरेकोमा निवेदन मागबमोजिम अन्तरिम आदेश जारी नभएको र उक्त विज्ञापनमा योग्यता पूरा गरेका उम्मेदवारहरूको फाराम लिई परीक्षाफल प्रकाशित भई प्रकाशित नतिजाअनुसार नियुक्तिसमेत भइसकेको भन्ने देखिन आएको हुँदा निवेदकहरूको उक्त निवेदन मागको प्रयोजन समाप्त भइसकेकाले सो विज्ञापनबमोजिम भए गरेको कार्यलाई गैरकानूनी मानी बदर गर्न आदेश जारी गर्न मिल्ने नदेखिने ।

अत: उल्लिखित आधार कारणसमेतबाट राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६२ मा भएको पाँचौ संशोधन, २०७३ तथा सो विनियम संशोधन स्वीकृतसम्बन्धी विषयको मिति २०७३।९।१४ को पत्र र उक्त विनियमावलीको विनियम १७ को उपविनियम (१)(ग) बमोजिम निवेदकहरूको दरखास्त फाराम अस्वीकृत गरेको राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड, पदपूर्ति समितिको कार्यसमेत कानूनबमोजिमकै रहेको देखिन आएकाले निवेदन मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नहुँदा रिट जारी हुने अवस्था भएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः- दिपेन्द्र थापा मगर

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७६ साल भदौ ३१ गते रोज ३ शुभम् ।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७५-CI-०६४३, उत्प्रेषण / प्रतिषेध, भिमबहादुर कार्की वि. काठमाडौं महानगरपालिका कार्यालयसमेत*

निवेदकको भाउजू युएन महर्जन कार्की लिने र दिने चतुरानन्द वैद्य समेतबिच भएको करारनामाबमोजिम आफ्नो हक हुन आएको कि. नं. ३३५ को जग्गा र आफ्नो हकभोगको कि. नं. १९९ को जग्गासमेत मिलाई त्यसमा टहरा निर्माण गरी भोगचलन गरी आएकोमा विपक्षी काठमाडौं महानगरपालिकाले सरकारी सार्वजनिक जग्गामा बनाएको टहरा भत्काउने र भाडा सरकारी रकम बाँकीसरह असुलउपर गरी

लिने भनी पठाएको पत्र तथा सो पत्रमा उल्लिखित निर्णयसमेत उत्प्रेषणको आदेशले बदर गरी कुनै पनि कानून प्रतिकूल कार्य नगर्नु नगराउनु भनी प्रतिषेधको आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन मागदाबी रहेको देखियो। निवेदन दाबीको कि. नं. ३३५ को जग्गा साबिक धोवीखोला डिलको सार्वजनिक प्रकृतिको रहेकोले त्यसमा बनाएको घरटहराको साबिकको भाडा असुल गरी भत्काउने भन्ने राष्ट्रिय सतर्कता केन्द्रको निर्णय तथा पत्रको आधारमा नगरपालिकाबाट भएको निर्णय र पत्रबाट निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात पुग्ने कुनै कार्य नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रत्यर्थीहरूको लिखित जवाफबाट देखियो। यसमा राष्ट्रिय सतर्कता केन्द्रको उल्लिखित निर्णयसमेत बदर गरिपाउँ भनी श्री सर्वोच्च अदालत ०७१-WO-०२४६ को उत्प्रेषणसमेतको निवेदन श्री सर्वोच्च अदालतमा विचाराधीन रहेको हुँदा यस निवेदनपत्रबाट निवेदकको मागबमोजिम उत्प्रेषण प्रतिषेधको आदेश जारी गर्न नमिल्ने भई निवेदन खारेज हुने ठहर्छ भनी भएको तत्कालीन पुनरावेदन अदालत पाटनको आदेशउपर निवेदकले चित्त नबुझाई यस अदालतमा पुनरावेदन गरेको देखियो। पुनरावेदनको रोहमा निर्णयार्थ पेस हुन आएको प्रस्तुत निवेदन यसै विषयवस्तुउपर उही पक्ष विपक्ष भई दायर भएको ०७१-WO-०२४६ को उत्प्रेषणसमेतको निवेदनसँग साथै निर्णय हुनुपर्ने देखिने।

प्रस्तुत पुनरावेदनपत्रको लगाउको रिट नं. ०७१-WO-०२४६ को उत्प्रेषणसमेतको निवेदन खारेज हुने गरी आजै यसै इजलासबाट आदेश भएको छ। प्रस्तुत पुनरावेदनपत्रको विवादित विषयमा पनि समान तथ्य र कानूनी प्रश्नसमेत रहेको हुँदा लगाउको उक्त रिट निवेदनको आधार कारणबाट समेत पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। रिट निवेदन खारेज गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७२।०३।३० को आदेश सदर हुने।

इजलास अधिकृतः हेमा पाण्डे

इति संवत् २०७६ साल पुस २४ गते रोज ५ शुभम्।

इजलास नं.९

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०६८-CR-१३९८,* ***वैदेशिक रोजगार ठगी, बसन्तकुमार राई वि. नेपाल सरकार***

प्रतिवादीले जाहेरवालीलाई लेखेका चिठी पत्र आफूले लेखी पठाएको होइन भनी न्यायाधिकरणसमक्ष बयान गरेकोमा सो चिठी पत्र लेखापढी कागजातलगायतका कागजातहरूको नमुना परीक्षण गर्न राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाइएकोमा सो चिठीपत्र, लेखापढी, कागजात विशेषज्ञबाट परीक्षण गर्दा प्रतिवादी बसन्तकुमार राईले लेखेको हो" भन्ने विशेषज्ञको राय प्राप्त हुन आएकोसमेतबाट प्रतिवादीले नै सही गरेर दिएको भन्ने तथ्य स्थापित हुन आएको देखिएबाट प्रतिवादीको कसुरमा संलग्नता रहेको भन्ने तथ्य निर्विवाद रूपमा समर्थित हुन आएको देखिने।

प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले वैदेशिक रोजगार ऐन, २०४२ मा बहिर्क्षेत्रीय प्रयोगको व्यवस्था थिएन। त्यसैले यो विदेशमा भएको कसुरलाई नेपालभित्र कसुर भएसरह सजाय र कारबाही गर्न मिल्दैन भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा, वैदेशिक रोजगार ऐन, २०४२ मा बहिर्क्षेत्रीय प्रयोगको प्रावधान रहेको देखिएन। वैदेशिक रोजगार ऐन, २०६४ ले ऐनको बहिर्क्षेत्रीय प्रयोगको व्यवस्था गरेको देखियो। प्रस्तुत कसुरमा वैदेशिक रोजगार ऐन, २०४२ बमोजिम अभियोजन भएको देखियो। प्रतिवादी बसन्तकुमार राईले आफू नेपाल हुँदा र नेपाल आएको समय २०६० सालदेखि नै वैदेशिक रोजगारीसम्बन्धी कुरामा जाहेरवालासँग

सम्बन्ध र सम्पर्क राखेको, जाहेरवालाको अफिसमा आई साउदी अरबमा काम गर्छु, भिसाको समेत काम पनि गर्दछु। म साउदी फर्केपछि भिसा पठाइदिन्छु भनी ३ वटा सक्कली भिसा पठाई जाहेरवालीको विश्वास जितेको, त्यसरी ३ वटा सक्कली भिसा पठाएपछि काम गर्ने मानिस रहेछ भनी आफूप्रति विश्वस्त पारिसकेपछि रकम मेरो श्रीमती रूपा राई भनिने दिलकुमारी राईलाई दिनु निजले नै पठाइदिन्छ भनी निजको श्रीमती आई जाहेरीमा उल्लिखित रकम बुझिलिई साउदीमा आफ्नो श्रीमान् बसन्तकुमार राईलाई पठाउने कार्य गरेकोबाट नेपालभित्र नै रकम लिने दिने कार्य भएकोमा कुनै विवाद देखिएन। प्रस्तुत मुद्दामा कसुरजन्य कार्यको जरिया सुरूवात नेपालबाट नै सुरू भएको र रकम लिने दिने कार्य पनि नेपालमा नै भएको देखियो। प्रस्तुत तथ्य एवं कसुरजन्य कार्यको श्रृङ्खला र निरन्तरतातर्फ हेर्दा, प्रतिवादी नेपालमा आई जाहेरवालासँग चिनजान गरी सम्बन्ध र सम्पर्क बढाई, विश्वासमा पारी श्रीमतीमार्फत रकम बुझिलिई साउदी अरबमा पठाउने कार्य गरेको देखिँदा ऐनको बहिर्क्षेत्रीय प्रयोगसम्बन्धी विषय प्रस्तुत मुद्दामा आकर्षित हुने नदेखिने।

वैदेशिक रोजगार ऐन, २०४२ अनुसार वैदेशिक रोजगार व्यवसाय भन्नाले नेपाली नागरिकलाई वैदेशिक रोजगार उपलब्ध गराउने कार्य सम्झनुपर्छ। सो शब्दले रोजगार दिने वा दिलाउने संस्थाको प्रतिनिधिको रूपमा कामदार छनौट गर्ने कार्यसमेतलाई जनाउँछ भनी वैदेशिक रोजगार ऐन, २०४२ को दफा २(ग) ले परिभाषित गरेको पाइन्छ। वैदेशिक रोजगार व्यवसाय उक्त ऐनको दफा ३ बमोजिम इजाजत प्राप्त गरी सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको देखियो। ऐनको दफा २४(२) मा कसैले इजाजत पत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई झुट्ठा आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारका लागि पठाउने भनी विदेश पठाएमा वा त्यस्तो बहानाले कुनै रकम लिएमा सजाय हुने र हर्जानासहित बिगो भराउनुपर्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त ऐनको दफा २४ को उपदफा (२) ले विदेश रोजगारमा मानिस पठाउने कम्पनीलाई झुट्ठा आश्वासन दिएको वा प्रलोभन देखाएको कार्यलाई बाहेक गरेको वा सङ्कुचित गरेको भनी व्याख्या गर्नु मनासिब हुने अवस्था देखिएन। सो दफाले विदेश रोजगारमा मानिस पठाउने कम्पनीलाई भिसा पठाइदिन्छु भनी रकम लिई नक्कली भिसा पठाएको कार्यसमेत वैदेशिक रोजगार ऐनअन्तर्गतकै कसुर रहेकोमा विवाद नरहने।

अब, प्रतिवादीले जाहेरवालाबाट के कति रकम लिई वैदेशिक रोजगारसम्बन्धी कसुर गरेको हो भन्नेतर्फ विचार गर्दा, मिति २०६७।३।१८ मा जाहेरी दिँदा रू.४५,००,०००।- रूपैयाँ लिई मेरो कम्पनीलाई ११० वटा नक्कली भिसा पठाएको हुँदा प्रतिवादीलाई पक्राउ गरी कारबाही गरिपाउँ भन्ने उल्लेख छ। जाहेरवालाले मिति २०६७।३।२७ मा जग्गा रोक्काको लागि निवेदन दिँदा जाहेरीमा उल्लिखित रू.४५,००,०००।- ठगी गरेको उल्लेख छ। निजले मिति २०६७।४।७ मा अनुसन्धान अधिकृतसमक्ष कागज गर्दासमेत प्रतिवादीले रू.४५,००,०००।- चाहिने भनेकोले उक्त रकम पठाएको भनी उल्लेख छ भने सोही कागजमा मिति ८-११-२००४ मा प्रतिवादीले मलाई पठाएको पत्रमा २,०३,००० दुई लाख तीन हजार साउदी रियाल बुझिलिएको उल्लेख गरी प्रतिवादीले जाहेरवालालाई पत्र लेखेको भनी जाहेरवालाले अनुसन्धान अधिकृतसमक्ष कागज गर्दा उल्लेख गरेको पाइयो। प्रतिवादी बसन्तकुमार राईले अनुसन्धान अधिकृतसमक्ष मौकामा बयान गर्दा १,८२,५०० साउदी रियाल लिई नक्कली भिसा पठाई वैदेशिक रोजगार ठगीको कसुर गरेको भनी कसुरमा साबित रही अनुसन्धान अधिकृतसमक्ष बयान गरेकोसमेतबाट प्रतिवादी बसन्तकुमार राईले वैदेशिक रोजगार ठगीको कसुर गरेको तथ्य विवादरहित तवरले पुष्टि भएको देखिने।

तसर्थ प्रतिवादी बसन्तकुमार राईले मिति २०६७।३।२० मा कागज गर्दा साउदी रियल १,८२,५०० लिएको तथ्य स्वीकार गरेको सोको सन् २००३/२००४ मा प्रचलित नेपाल राष्ट्र बैंकले २००४ May ०२ मा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको साउदी अरेबियन रियालको सटही दर प्रतिरियाल रू.१७।२६ ले हुन आउने रू.३१,४९,९५०।- बिगो कायम भई सोको ५०% ले हुने हर्जाना रू.१५,७४,९७५ समेत जम्मा रू.४७,२४,९२५।- (सत्चालिस लाख चौबिस हजार नौ सय पच्चिस) प्रतिवादी बसन्तकुमार राईबाट जाहेरवाला लक्ष्मी गुरूङले भरी पाउने देखिन आयो। तर वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला हुँदा अभियोग दाबीअनुसार रू.४५,००,०००।-बिगो कायम गरी सोको ५०% ले रू.२२,५०,०००।- समेत जम्मा रू.६७,५०,०००।- भरी पाउने ठहऱ्याएको सो हदसम्मको फैसला मिलेको नदेखिँदा केही उल्टी भई बिगो रू३१,४९,९५०।- बिगो कायम भई सोको ५०% ले हुने हर्जाना रू.१५,७४,९७५ समेत जम्मा रू.४७,२४,९२५।- (सत्चालिस लाख चौबिस हजार नौ सय पच्चिस) प्रतिवादी बसन्तकुमार राईबाट जाहेरवाला (पीडित) लक्ष्मी गुरूङले भराई पाउने र वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) बमोजिम प्रतिवादी बसन्तकुमार देवान राईलाई रू.५०,०००।- जरिवाना र (१) एक वर्ष, छ (६) महिना कैद हुने ठहर गरेको हदसम्मको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मनासिबै देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद बस्याल

कम्प्युटरः विजय खड्का

इति संवत् २०७६ साल पौष १७ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री पुरूषोत्तम भण्डारी, *०७६-WH-०१८४, बन्दीप्रत्यक्षीकरण, इश्वरप्रसाद साह तेली वि. कारागार कार्यालय, डिल्लीबजारसमेत*

निवेदक जरिवानाबापत मिति २०७५/१२/२४ देखि हालसम्म ८ महिना १९ दिन कैदमा रहेको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) समेतका प्रचलित कानूनबमोजिम जरिवानाबापत कैद ठेक्नु पर्दा एक दिनको रू.३००/– का दरले गणना गरी कैद ठेक्नुपर्ने हुन्छ। यस प्रकार निवेदक कूल २५९ दिन जरिवानाबापत थुनामा बसिसकेको देखिँदा प्रतिदिनको रू. ३००/– का दरले जम्मा रू. ७७,७००/– रकम बराबर थुनामा बसिसकेको कुरामा विवाद नरहने।

मुलुकी अपराध संहिता, २०७४ को दफा २५५ मा कसैले खोटो मुद्रा हो भन्ने जानीजानी सद्देसरह चलन गर्ने नियतले त्यस्तो मुद्रा खरिद वा बिक्री गर्न, निकासी वा पैठारी गर्न, लेनदेन गर्न, सद्देसरह चलनमा ल्याउन वा त्यसको उद्योग गर्न वा आफूसँग राख्ने कसुर गर्ने वा गराउने व्यक्तिलाई सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको देखिन्छ। हाल प्रचलित उल्लिखित कानूनअनुसार खोटा-चलन मुद्दामा रू. ७०,०००/– भन्दा बढी जरिवाना हुन सक्ने अवस्था देखिँदैन। फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ तथा नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन तथा खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने" व्यवस्था रहेको देखिन्छ। पहिले कसुर गर्दाको अवस्थामा हुनसक्ने जरिवानाको हदमा परिवर्तन गरी पछि आएको उल्लिखित ऐनबमोजिमको सुविधावाट निवेदकलाई वञ्चित गर्नुपर्ने कुनै कारण देखिँदैन। अहिले निवेदकलाई अदालतको फैसलाअनुसार लागेको कैद तथा जरिवाना रकम कानूनबमोजिम असुलउपर भइसकेको देखियो। निवेदकलाई बढीमा रू. ७०,०००/– जरिवाना

हुन सक्नेमा निज रू. ७७,७००/– बराबर कैदमा बसिसकेको देखिन आउने।

अतः निवेदक इश्वरप्रसाद साह तेलीउपर चलेको खोटाचलन तथा सङ्गठित अपराध मुद्दामा भएको कूल ३ (तीन) वर्ष कैद र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) संपठित कानून मुलुकी अपराध संहिता, २०७४ को दफा २५५ बमोजिम हुनसक्ने जरिवाना रू. ७०,०००/– बराबर निज ईश्वरप्रसाद साह तेली अहिलेसम्म कैदमा रहेको अवधिबाट भुक्तान भइसकेको देखिँदा अब निजलाई सोही कसुरमा उच्च अदालत पाटनबाट मिति २०७५/५/२६ मा भएको फैसलाअनुसार भनी कैदमा राख्नु कानून प्रतिकूल हुने देखियो। तसर्थ निज इश्वरप्रसाद साह तेलीलाई थुनामा राखी राख्ने कार्य गैरकानूनी हुने देखिएकाले निजलाई उल्लिखित अपहरण तथा खोटा-चलन मुद्दामा भएको फैसलाअनुसार भनी राखिएको कैदबाट तत्काल मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। निवेदक ईश्वरप्रसाद साह यस अदालतको मिति २०७६।२।१४ को संक्षिप्त आदेशद्वारा छुटिसकेको देखिँदा केही गर्नु नपर्ने।

रिट निवेदनमा उल्लेख गरिएको खोटा-चलन तथा सङ्गठित अपराध मुद्दामा उच्च अदालत, पाटनबाट मिति ०७५/५/२६ मा भएको फैसलाअनुसार भनी मिति २०७६/४/१२ मा मुलुकी ऐन, दण्ड सजायको महलको ३८ र ४० नं. उल्लेख गरी संशोधित कैदी-पुर्जी दिइएको पाइयो । मुलुकी ऐनलाई प्रतिस्थापन गरी जारी भएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मिति २०७५ भाद्र १ गतेदेखि लागु भएको देखिन्छ। करिब एक वर्षअगाडि नै निष्क्रिय (खारेज) भइसकेको साबिक मुलुकी ऐनको प्रावधान उल्लेख गरेर अहिले गरिएको कैदी-पुर्जी दिने कार्य पनि कानूनअनुकूल देखिँदैन। कानूनको प्रयोग गर्दा उपयुक्त र सम्बन्धित कानूनको प्रयोग गर्न र खारेज भइसकेको कानूनका प्रावधान उल्लेख गरी कैदी-पुर्जी जारी नगर्न विपक्षीमध्ये काठमाडौं जिल्ला अदालतका सम्बन्धित पदाधिकारीहरूको ध्यानाकर्षण गराउनु।

इजलास अधिकृतः दुर्गाप्रसाद बस्याल

कम्प्युटर : विजय खड्का

इति संवत् २०७६ साल पौष १४ गते रोज २ शुभम्।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७१-CR-११८४, ०७१-CR-१४२६, आवश्यक वस्तु संरक्षण, नेपाल सरकार वि. प्रेमबहादुर भण्डारीसमेत, प्रेमबहादुर भण्डारीसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरू प्रेमबहादुर भण्डारी, कृष्णबहादुर पुन, यामबहादुर भण्डारी, कृष्णबहादुर काउचा, ओमबहादुर श्रीस, गंगाबहादुर श्रीस, रूद्रबहादुर श्रीस, मिना पुन, पूर्णबहादुर श्रीस, मेघबहादुर श्रीस, रूद्रसिंह श्रीस र तेजबहादुर पुनले खानेपानीको मुहानको ट्याङ्की, पाइप लाइनसमेत तोडफोड गरी नोक्सानी पुऱ्याएको भनी मौकामा र मुद्दा हेर्ने अधिकारीसमक्ष समेत कसुरमा साबित रही बयान गरेको र निजहरूको बयान बेहोरालाई किटानी जाहेरी, घटनास्थल मुचुल्का, प्राविधिकको प्रतिवेदन तथा सो कागज गर्ने हीराबहादुर घर्ती मगरसमेतले मौकामा गरिदिएको कागजसमेतका मिसिल संलग्न प्रत्यक्ष प्रमाणहरूबाट समर्थित रहे भएको देखिएकाले निज प्रतिवादीहरूको कसुरमा संलग्नता रहेको निर्विवाद रूपमा पुष्टि हुन आएको देखिने।

पानीको मुहानमा विवाद हुँदाहुँदै हाम्रो सहमति बिना पानीको मुहानमा इन्टेक, कलेक्सन च्याम्बर, तारबार गेट र पाइप ओछ्याएकोमा थाहा पाई यहाँको पानी कुनै पनि हालतमा लैजान दिन हुन्न भनी गाउँलेहरूले तोडफोड र प्रतिकारसम्म गरेको हो।

त्यसलाई आवश्यक वस्तु संरक्षण ऐनको कसुर गरेको भन्न मिल्दैन भन्ने जिकिर सम्बन्धमा विचार गर्दा, अन्य उपचारको बाटो अवलम्बन नगरी कानूनलाई हातमा लिई कसुर गर्ने छुट कसैलाई पनि कानूनले दिएको छैन। खानेपानी जस्तो अति आवश्यक वस्तुको मुहानमा ट्याङ्की, इन्टेक, कलेक्सन च्याम्बर, तारबार गेट पाइप लाइनसमेत तोडफोड गरी भत्काउने, नोक्सानी पुऱ्याउने, संरचना बिगार्ने, नास गर्ने कार्यलाई कानूनसम्मत मान्न मिल्ने देखिन आएन। यस्तो कार्य आफैँमा कसुरजन्य कार्य हो यस्तो कसुरजन्य कार्य गरिसकेपछि उल्लिखित संरचना मर्मत संहार गरी दिएको आधारमा मात्र सजायबाट उन्मुक्ति प्राप्त गर्न सक्ने हुँदैन। त्यस्तो प्रावधान आवश्यक वस्तु संरक्षण ऐन, २०१२ मा रहे भएको पाइँदैन। कसुरजन्य कार्य गरेपश्चात् तोडफोड गरिएका संरचनाको यी प्रतिवादीहरूसमेतको सहयोगमा मर्मत संहार गरिएको भन्ने आधारमा यी प्रतिवादीहरूलाई कसुरबाट उन्मुक्ति दिँदै जाने हो भने अराजकता मौलाउने अवस्था सिर्जना भई कानूनको शासनमाथि चुनौती थपिँदै जाने हुन्छ। तसर्थ प्रतिवादीहरूले खानेपानी योजनाका संरचनाहरू तोडफोड गरी भत्काएपश्चात् पछि मर्मत गरी सञ्चालनमा आइसकेको हुँदा सजाय हुनु हुँदैन भन्ने निज प्रतिवादीहरू एवं निजहरूको तर्फबाट प्रतिरक्षार्थ उपस्थित विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदन अदालतले अभियोग दाबीबाट सफाइ दिएका प्रतिवादीहरू यामबहादुर पुन, भीमबहादुर पुन, शशीधर दर्जी, वीरबहादुर पुन र टंकबहादुर भण्डारीलाई सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदनतर्फ विचार गर्दा, घटनाको दिन हामी वारदात स्थलमा थिएनौँ। ट्याङ्की, इन्टेक, कलेक्सन च्याम्बर, तारबार गेट पाइप लाइनसमेत तोडफोड गरी भत्काउने कार्यमा हाम्रो कुनै संलग्नता छैन भन्ने बेहोराको प्रत्यर्थी प्रतिवादी यामबहादुर पुन, भीमबहादुर पुन, शशीधर दर्जी, वीरबहादुर पुन र टंकबहादुर भण्डारीले आफूहरू कसुरमा पूर्ण इन्कार रही मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरेको देखिन्छ। निजहरू यो यसकारणले वारदातमा संलग्न देखिन्छन्, यो यसकारणले निजहरूको बयान भनाइ झुट्ठा हो भनी अभियोजन पक्षले तथ्यगतरूपमा पुष्टि गर्न सकेको देखिन नआएकोले प्रत्यर्थी प्रतिवादीहरू यामबहादुर पुन, वीरबहादुर पुन, भीमबहादुर पुन, शशीधर दर्जी र टंकबहादुर भण्डारीलाई सुरू जिल्ला प्रशासन कार्यालय, बागलुङबाट आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बागलुङको फैसला मिलेकै देखिँदा सो फैसला बदर गरी अभियोग दाबीअनुसार निज प्रतिवादीहरूलाई सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित आधार प्रमाणसमेतबाट प्रत्यर्थी प्रतिवादीहरू कृष्णबहादुर पुन, यामबहादुर भण्डारी, प्रेमबहादुर भण्डारी, कृष्णबहादुर काउचा, ओमबहादुर श्रीस, गंगाबहादुर श्रीस, रूद्रबहादुर श्रीस, मिना पुन, पूर्णबहादुर श्रीस, मेघबहादुर श्रीस, रूद्रसिंह श्रीस, तेजबहादुर पुनका हकमा कसुर कायम गरी अभियोग दाबीअनुसार सजाय नगरेको हदसम्म पुनरावेदन अदालत बागलुङको मिति २०७१/८/२३ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई दाबीको नोक्सानी बिगो रू.१,६२,८३८।५६ को दामासाहीले हुने रू. १३,५६९।८८ कसुर ठहर भएका निज प्रतिवादीहरू कृष्णबहादुर पुन, यामबहादुर भण्डारी, प्रेमबहादुर भण्डारी, कृष्णबहादुर काउचा, ओमबहादुर श्रीस, गंगाबहादुर श्रीस, रूद्रबहादुर श्रीस, मिना पुन, पूर्णबहादुर श्रीस, मेघबहादुर श्रीस, रूद्रसिंह श्रीस, तेजबहादुर पुनसमेतलाई जनही जरिवाना हुने।

नोक्सानी भएको बिगो रू.१,६२,८३८।५६ जिल्ला विकास समितिको कार्यालय, बागलुङले

उपर्युक्तानुसार कसुर कायम भएका प्रतिवादीहरू कृष्णबहादुर पुन, यामबहादुर भण्डारी, प्रेमबहादुर भण्डारी, कृष्णबहादुर काउचा, ओमबहादुर श्रीस, गंगाबहादुर श्रीस, रूद्रबहादुर श्रीस, मिना पुन, पूर्णबहादुर श्रीस, मेघबहादुर श्रीस, रूद्रसिंह श्रीस, तेजबहादुर पुनबाट दामासाहीले भरी पाउने ठहऱ्याएको र प्रतिवादीहरूमध्येका यामबहादुर पुन, वीरबहादुर पुन, भीमबहादुर पुन, शशीधर दर्जी, टंकबहादुर भण्डारीसमेतका प्रतिवादीहरूले हकमा सुरू कार्यालयबाट निजहरूलाई सफाइ दिने गरी भएको फैसला सदर गर्ने ठहर भएको पुनरावेदन अदालत बागलुङको मिति २०७१।८।२३ मा भएको फैसला मनासिबै देखिँदा सो हदसम्म उक्त फैसला सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल कार्तिक २२ गते रोज ६ शुभम्।

४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०६७-CR-११२८, आयकर (आ.व. २०६०/०६१), ठुला कारदाता कार्यालय, हरिहरभवन वि. युनाइटेड स्पिरिट्स नेपाल प्रा. लि.*

Scrap Sales सम्बन्धमा Scrap Sales शीर्षकमा समावेश गरिएको रकम केवल रू. ९,०९५।– देखिन्छ । करदाता कम्पनीको कारोबारको स्थितिका दृष्टिले हेर्दा यो रकम नगन्य र सामान्य प्रकृतिको देखिन्छ । केवल गणितीय त्रुटिको कारणले विवरणमा रकम अङ्क केही सामान्य फरक परेको र त्यसमा सुधार गरिएको अवस्था देखिँदा उल्लिखित रकम कट्टा हुने गरी भएको राजश्व न्यायाधिकरणको फैसला मनासिब देखिने।

बिक्री छुट सम्बन्धमाः करदाता कम्पनी र नेसनल ट्रेडिङ लिमिटेडबिच भएको सम्झौताबमोजिम रू. १८,७१,२०४।- बिक्री छुट दिएको देखिन्छ । यो रकम खरिदबापत “Discount” गरेको नभएर सम्झौताअनुसार दिइएको कमिसन रकम भन्ने देखिन्छ । सम्झौताबमोजिम मदिरा बिक्री गर्नुपूर्व आन्तरिक राजस्व कार्यालयसँग लिखित अनुमति माग गरी अनुमति लिई करदाता र नेसनल ट्रेडिङ लिमिटेडबिच भएको सम्झौताअनुसार नेसनल ट्रेडिङ लिमिटेडलाई कमिसन दिइएको कुरामा विवाद देखिँदैन । भुक्तानी कुनै निजी वा व्यक्तिका लागि दिइएको नभएर संस्थागत रूपमा कारोबार गरिएको देखिन्छ । यस प्रकारको रकम पहिले पनि प्रदान गरिएको र पछिका आ.व. हरूमा पनि छुट दिएको दृष्टान्तसमेत प्रस्तुत हुन आएको पाइयो । आयकर ऐन, २०५८ को दफा १३(ग) अनुसार "व्यवसाय वा लगानीबाट आयआर्जन हुने कार्यमा भएको कारोबारसँग सम्बन्धित खर्चहरू कट्टी गर्न पाउने" हुँदा करदाता र नेसनल ट्रेडिङ लिमिटेडबिच भएको सम्झौताअनुसार दिइएको कमिसन रकममा करदाताले छुट पाउने गरी भएको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला मनासिब नै देखिने।

बोनस रकम सम्बन्धमाः बोनस ऐन, २०३० को दफा ५(१) मा "मुनाफा गर्ने प्रत्येक प्रतिष्ठानले एक आर्थिक वर्षमा गरेको खुद मुनाफाको दस प्रतिशत बराबरको रकम कर्मचारीलाई बोनसबापत छुट्याउनुपर्ने" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । सोही ऐनको दफा ५ को उपदफा (२) बमोजिम कुनै प्रतिष्ठानले कुनै एक आर्थिक वर्षमा गरेको खुद मुनाफा निर्धारण गर्दा आयकर ऐन, २०५८ को दफा १२ बमोजिम कायम हुन आउने खुद आयबाट तोकिएबमोजिमको रकम कट्टा गर्नुपर्छ भन्ने प्रावधानसमेत रहेको छ । यसरी बोनस रकम कट्टी गर्दा बोनस रकम छुट्टाएपछि मात्र खुद-आय निर्धारण गरिनुपर्ने हुन्छ । सोही कानूनी प्रावधानबमोजिम नै करदाताले खर्च कटाई बाँकी हुन आउने खुद आयमा बोनस ऐनले गरेको व्यवस्थाबमोजिम दस प्रतिशत रकम बोनसबापत छुट्याएको देखियो। यस सम्बन्धमा

करदाताले बढी खर्च दाबी गरेको भन्ने देखिएन । करदाताले कानूनबमोजिम छुट्याएको उल्लिखित रकम आयतर्फ समावेश गर्न नमिल्ने भएको हुँदा राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला मनासिब देखिने ।

Selling and Distribution सम्बन्धमाः करदाताले Selling and Distribution शीर्षकमा Royalty तर्फ उत्पादित मदिराको कारखाना मूल्य रू. ३१,५९,४२,२१४।- को ३% ले हुने रकमसम्म खर्च लेखिएको देखिएको र सो रकम छुट नपाउने कुनै उचित कारण पुनरावेदक ठुला करदाता कार्यालयले प्रस्तुत गर्न सकेको नदेखिँदा यस शीर्षक सम्बन्धमा गरिएको राजश्व न्यायाधिकरणको फैसला मनासिब नै देखिने ।

Duty on Wastage of Old Stock सम्बन्धमा हेर्दा करदाताको कारखानामा पुरानो मौज्दातको रूपमा मदिरा रहेको र लामो समयदेखि बिक्री नभएको मदिरालाई आन्तरिक राजस्व कार्यालय विराटनगरबाट अनुमति लिई २०५९ साल आषाढमा रि-डिष्टिलेसन गरिएको भन्ने देखियो । यस प्रक्रियामा केही जर्ती भएकोसमेत देखिन्छ । यसरी उत्पादित मदिराबापत तिर्नुपर्ने अन्तशुल्क २०६० श्रावण १५ गते दाखिला गरेको देखियो । Physical Verification & Excise Duty Adjustment Late Fee शीर्षकको रकम करदाताले समयमा नै दाखिला गरेको प्रमाण पेस गरेको देखिन्छ । उल्लिखित खर्च आ.व.२०६०/०६१ को दायित्वभित्रको खर्च भएको र पछिल्लो आ.व.का लागि सो खर्च दाबी गरेकोसमेत नदेखिएको हुँदा सोलाई खर्च मिनाहा वा कट्टा गर्न पाउने नै देखियो । यसलाई प्रस्तुत आ.व. को खर्च होइन भनी आयतर्फ समावेश गर्नु कानूनअनुकूल देखिएन । यस सम्बन्धमा राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसलालाई त्रुटिपूर्ण मान्न नमिल्ने ।

Business Promotion Expenses सम्बन्धमाः करदाताले व्यापार प्रवर्द्धन गर्नको लागि बाहिरबाट Liquors खरिद गरी नि:शुल्क रूपमा मदिरा बिक्री वितरण गरेको भन्ने जिकिर लिएको पाइयो । यसरी नि:शुल्क मदिरा वितरण गरेको र वितरण गर्नुपर्ने औचित्य पुष्टि भएको देखिएन । कारोबारको प्रकृतिबाट उल्लिखित खर्च आयआर्जनसँग सम्बन्धित रहेको भन्ने देखिन आएन । यस प्रकारको खर्चलाई आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च मिन्हा दिन नमिल्ने भएको हुँदा सो सम्बन्धमा राजस्व न्यायाधिकरणबाट भएको फैसला उल्टी भई सुरू कर निर्धारण आदेशबमोजिम रू. ६,८३,१७०।– आयतर्फ समावेश हुने ।

Selling and Distribution सम्बन्धमाः Selling and Distribution अन्तर्गतको Marketing Service Fee खर्चको विषयमा McDowell Nepal (साबिक Nepal Liquors Ltd.) र McDowell and Company Ltd./Herbertson Ltd. बिच सम्झौता भएको देखिन्छ । सो सम्झौता सरकारी निकायबाट स्वीकृति प्राप्त भएपछि लागु हुने गरी गरेको पाइयो । सम्झौतालाई उद्योग विभागको निर्णयले स्वीकृति दिएकोसमेत देखिन्छ । स्वीकृति केही समय ढिलो गरी दिइएको भए पनि करदाताले समयमा नै स्वीकृतिका लागि आवेदन गरेको देखिन्छ । सरकारी निकायको ढिलाइको दुष्परिणाम करदातालाई वहन गराउनु उचित हुँदैन । सम्झौता बेला-बेलामा नवीकरण गरिएकोसमेत देखिन्छ । उद्योग विभागको निर्णयबमोजिम निर्णय मितिभन्दा अगाडि र पछाडिको कारोबारका सन्दर्भमा यस प्रकारको रकमलाई मान्यता दिएको देखिएको हुँदा सम्झौताबमोजिम गरिएको खर्चलाई आयकर ऐन, २०५८ को दफा १३ बमोजिम कट्टा गर्न मिल्ने नै भएकाले राजस्व न्यायाधिकरणबाट भएको फैसला मनासिब देखिने ।

प्याकिङ सामग्री सम्बन्धमा करदाताले लेखा विवरण पेस गरेको देखिन्छ । सो विवरणलाई अस्वीकार

गर्नुपर्ने कुनै उचित कारण कर निर्धारण आदेशमा उल्लेख गरेको देखिँदैन । पैठारी भएको प्याकिङ सामग्रीमध्ये अस्वीकृत भएको प्याकिङ सामग्रीको खर्च करदाताले दाबी गरेको मिसिल संलग्न कागजातबाट देखिँदैन। अस्वीकार गरिएको सामानको मूल्यसहितको खर्च कटाई डेबिट नोट जारी गरेको देखिन्छ । तसर्थ प्रस्तुत शीर्षकमा ठुला करदाता कार्यालयको निर्णय उल्टी गरी राजश्व न्यायाधिकरणबाट भएको फैसला मनासिब देखिने।

अत: विवेचित आधार, कारणसमेतबाट Business Promotion Expenses तर्फको रू. ६,८३,१७०।– आयतर्फ समावेश हुनेमा सो रकम कट्टी गर्न पाउने ठहर गरेको हदसम्म राजश्व न्यायाधिकरण काठमाडौंको मिति २०६६/५/२८ को फैसला उल्टी भई सो सम्बन्धमा सुरू ठूला करदाता कार्यालयको निर्णय सदर हुने ठहर्छ । Business Promotion Expenses तर्फको रू. ६,८३,१७०।– बाहेक अन्य कुराको हकमा राजश्व न्यायाधिकरणको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल
कम्प्युटर: विजय खड्का
इति संवत् २०७६ साल भाद्र ९ गते रोज २ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६७-CR-११२६, *आयकर (आ.व.२०६१/०६२), ठुला कारदाता कार्यालय, हरिहरभवन वि. युनाइटेड स्पिरिट्स नेपाल प्रा. लि.*
- ०६७-CR-११२७, *आयकर (आ.व. २०६२/०६३), ठुला कारदाता कार्यालय, हरिहरभवन वि. युनाइटेड स्पिरिट्स नेपाल (प्रा. लि.)*
- ०६७-CR-११२९, *आयकर (आ.व. २०६२/०६३), ठुला कारदाता कार्यालय, हरिहरभवन वि. युनाइटेड स्पिरिट्स नेपाल प्रा. लि.*

५

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७२–WO-०७५२, उत्प्रेषण, खिमनिधि लोहनी वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत*

निजामती सेवा ऐन, २०४९ को दफा ५८ ले कर्मचारीको सेवा सर्तको उल्लेख गरेको पाइन्छ । जसमा निजामती कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागु रहेको तलब उपदान, निवृत्तिभरण र अन्य सुविधासम्बन्धी सेवाको सर्तहरूमा निजको स्वीकृतिबेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन भनिएको छ। पछि हुने संशोधनले त्यस्तो संशोधन हुनुअगावै बहाल रहेको कुनै निजामती कर्मचारीको उपर्युक्त सेवाका सर्तहरूमा कुनै प्रकारले प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्थाबमोजिम गर्न मन्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागु हुने छैन भन्ने स्पष्ट व्यवस्था छ। निजामती सेवा ऐनको दफा ३७ ले सरकारी सेवा गरेको निजामती कर्मचारीले २० वर्ष वा सोभन्दा बढी सेवा गरेकोमा सेवा अवधि र आखिरी तलब रकमको आधारमा मासिक निवृत्तिभरण पाउने व्यवस्था गरेको पाइन्छ। रिट निवेदक २०४०।२।८ मा अस्थायी सेवामा नियुक्ति भई २०५०।४।२१ मा स्थायी नियुक्ति भएकोमा विवाद छैन। सो अस्थायी सेवा अवधि सेवामा जोडिएको कुरा विपक्षीहरूले स्वीकार गरेका छन् । उल्लिखित अस्थायी अवधिको गणना ज्येष्ठता प्रयोजनको लागि मात्र हो भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको र निवेदकले निवृत्तिभरण प्रयोजनमा समेत गणना हुनुपर्ने हो भन्ने मुख्य दाबी लिएको पाइने।

निजामती सेवा ऐन, २०४९ जारी भएपछि बनेको निजामती सेवा नियमावली, २०५० को दोस्रो संशोधन २०५६ ले अस्थायी सेवा अवधिलाई निजामती

सेवा नियमावली, २०५० को नियम १२३(१)(क) मा ज्येष्ठता प्रयोजनको लागि र ऐ. (ख) मा निवृत्तिभरण प्रयोजनार्थ अस्थायी सेवा अवधि गणनाको सम्बन्धमा व्यवस्था गरेको देखिन्छ। सो नियमको दोस्रो संशोधन, २०५६ ले साधारणतर्फको पदमा एक वर्ष वा सोभन्दा बढीको अस्थायी सेवा अवधिलाई निवृत्तिभरण प्रयोजनको लागि पनि गणना गर्ने भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा निजामती कर्मचारी सेवामा प्रवेश गर्दा तोकिएका सेवा सर्तसम्बन्धी कानूनी व्यवस्था निजको मन्जुरीबेगर प्रतिकूल असर पर्ने गरी परिवर्तन गर्न नपाउने कानूनी व्यवस्था आकर्षित हुने देखिन्छ। निवेदकको अस्थायी सेवा अवधि गणना भई स्थायी सेवामा जोडिएको देखिन्छ । निज २०७२।५।२१ देखि अनिवार्य अवकाश भएकोमा निवृत्तिभरणको पट्टा बनाउँदा मिति २०४०।२।८ देखि २०५०।४।२० सम्मको १० वर्ष २ महिना १३ दिनको अस्थायी सेवा अवधिलाई पूरै बाहेक गरी स्थायी सेवा अवधिको मात्र गणना गरी निवृत्तिभरणको रकम निर्धारण गरेको पाइने।

निजामती सेवा ऐन, २०१३ तथा निजामती सेवा नियमावली, २०२१ लागु भइरहेकै अवस्थामा निवेदक २०४०।२।८ मा सेवा प्रवेश गरी सोही प्रा.स. पद तथा श्रेणीमा अविच्छिन्न सेवा गरी मिति २०५०।४।२१ मा स्थायी भएको देखिन्छ। सेवा प्रवेश गर्दाका अवस्थामा बहाल रहेको निजामती सेवा ऐन, २०१३ को दफा ७ तथा प्रचलित निजामती सेवा ऐन, २०४९ को दफा ५८ ले अवलम्बन गरेको सेवा सर्तसम्बन्धी सिद्धान्त तथा सुरक्षासम्बन्धी कानूनी व्यवस्थाको प्रतिकूल हुने गरी कसैलाई पनि राज्यले व्यवहार गर्न मिल्दैन । निजामती सेवा नियमावली, २०५० को दोस्रो संशोधन, २०५६ ले नियम १२३(१) को खण्ड (ख) मा अस्थायी सेवा अवधिको नियमानुसार जोडिने सेवा अवधि निवृत्तिभरणको लागिसमेत गणना हुने व्यवस्था गरेको र सो बखत निवेदकको अस्थायी सेवा अवधि निजामती किताबखानाको च.नं.३३२७ मिति २०५१।४।१९ को पत्रबाट स्थायी सेवामा गणना हुने गरी जोडी सकेको र निज निजामती सेवा नियमावली, २०५० मा भएको दोस्रो संशोधन, २०५६ जारी हुँदा बहाल रही कार्यरत रहेको देखिन्छ । निजामती सेवा नियमावली, २०५० मा मिति २०६४।८।२० मा भएको सातौं संशोधनले नियम १२३ को (१) खण्ड (ख) को प्रावधान हटाएको र निवेदक २०७२।५।२१ मा अवकाश भएकोले नियमावलीको सातौं संशोधन निजलाई लागु हुने तर २०५६ मा भएको दोस्रो संशोधनको प्रावधानबमोजिम निवृत्तिभरण प्रयोजनार्थमा अस्थायी सेवा अवधि गणना नहुने भन्ने विपक्षीहरूको जिकिर मनासिब देखिन नआउने।

यस सन्दर्भमा "प्रचलित ऐनको दफा ५८ ले अंगिकार गरेको सेवा सर्तको सुरक्षाको सिद्धान्तलाई अङ्गीकार गरी त्यस्तो सेवा सर्त सुविधामा परिवर्तन गर्नुपर्ने भएमा वैकल्पिक व्यवस्था गरी कानूनी व्यवस्था गर्ने विधायिकाले यी निवेदक जस्ता कर्मचारी बहालमा छँदै कानूनले प्रदान गरेको सुविधा नियमावलीमा २०६४ साल भएको संशोधन व्यवस्थाले निस्तेज गरेको भनी अर्थ गरी उक्त नियम १२३(१)(ख) को व्यवस्थाद्वारा दिइरहेको सुविधा वैकल्पिक व्यवस्थाविना कटौती गर्ने विधायिकाको मनसाय थियो भनी अनुमान गरी सो नियम परिवर्तन हुँदाको अघिल्लो दिनसम्म पनि अवकाश लिएको भए अस्थायी सेवा अवधिसमेत जोडी पाउने सुविधा त्यस्तो संशोधनबाट कटौती भएकै हो भनी अर्थ गर्नु अवकाश प्राप्त कर्मचारीको सम्पत्तिसम्बन्धी हक साथै सामाजिक सुरक्षाको हकसमेतको प्रतिकूल हुन जाने" भनी (निवेदक ईश्वरराज रेग्मी विरूद्ध नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयसमेत भएको रिट नं. ०७०-WO-०२९१

उत्प्रेषणसमेत मुद्दामा) मिति २०७१।१२।१६ मा यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको छ। त्यसैगरी कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४ को खण्ड (ग) मा "खारेज भएको कुनै ऐनबमोजिम पाएको हासिल गरेको वा भोगेको कुनै हक सुविधा कर्तव्य वा दायित्वमा असर पार्ने छैन भन्ने उल्लेख भएबाट माथि उल्लिखित नियमावलीको सातौं संशोधनले भइरहेको कर्मचारीको सुविधा कटौती गर्दा वैकल्पिक व्यवस्था नगरेको भए पनि कानून व्याख्यासम्बन्धी ऐन, २०१० को उल्लिखित कानूनी प्रावधानअनुसार पनि त्यस्तो सुविधा कटौती नभएको भनी अर्थ गरी व्याख्या गर्नुपर्ने देखिन्छ। प्रस्तुत निवेदनको विषयवस्तु सो प्रतिपादित सिद्धान्तसँग सान्दर्भिक रहेको देखिने।

अतः मिति २०५० सालमा निजामती सेवा नियमावली आएको र मिति २०५६ मा निजामती सेवा नियमावली, २०५० मा दोस्रो संशोधन हुँदाका बखत यी निवेदक आफ्नो पदमा बहालै रहेको र अवकाश प्राप्त गरेको नदेखिएकोले अस्थायी सेवा अवधि गणना गरी निवृत्तिभरण दिने भन्ने नियम १२३ (१) (ख) को व्यवस्था मिति २०६४।८।२० मा नियमावलीमा भएको सातौं संशोधन हुनुपूर्वसम्म माग कायम रहेको हुँदा पछि आएको कानूनी व्यवस्थाले अघिल्लो समयदेखि गरेको सेवा अवधिलाई प्रभावित गर्न सक्दैन। तसर्थ, ऐनले प्रदान गरेको सेवा सुरक्षाको व्यवस्थाअनुरूप दोस्रो संशोधनको प्रावधान यी रिट निवेदकको हकमा आकर्षित हुने भई निजले नियमानुसार जोड्न पाउने सेवा अवधिलाई निवृत्तिभरण प्रयोजनार्थसमेत गणना गर्नुपर्नेमा गणना नगरी निवेदकलाई मिति २०७२।९।३ मा दिइएको निवृत्तिभरण अधिकारपत्र र सोसँग सम्बन्धित टिप्पणी आदेशसमेत उत्प्रेषणद्वारा बदर गरिदिएको छ। अब निवेदकको मिति २०४०।२।८ देखि २०५०।४।२० सम्मको अस्थायी सेवा अवधिको समेत गणना गरी अवकाश मितिबाटै लागु हुने गरी निवृत्तिभरण अधिकारपत्र प्रदान गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: बिना गौतम

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल पौष २३ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको ०७२-WO-०७५३, उत्प्रेषण, योगेशहरी श्रेष्ठ वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७५-WO-०१४७, उत्प्रेषण, विरेन्द्रकुमार महतो वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत*

म निवेदकले जिल्ला जनस्वास्थ्य कार्यालय धनुषाबाट प्रकाशित बढुवाको सूचना नं.१/२०७३/०७४ को पाँचौं तहमा कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनको आधारमा समायोजनबाट हुने बढुवा गर्दा आफूभन्दा कनिष्ठ कर्मचारी सि.नं. ७ का सन्तोषकुमार सिंहलाई बढुवा गर्ने गरी बढुवा समितिबाट निर्णय गरेको र सोही निर्णयलाई लोक सेवा आयोगले समेत सदर गरेको भनी रिट निवेदन परेको पाइयो। विवादित बढुवा समायोजन कार्य नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १७ को उपदफा (५) बमोजिम गरिएको भन्ने देखिन्छ। वरिष्ठताको स्थितितर्फ दृष्टिगत गर्दा रिट निवेदक र समायोजन सूचीको सि.नं. ७ का सन्तोषकुमार सिंह दुवैजना हालको तहमा स्तरवृद्धि एउटै मितिमा भएको भन्ने कुरामा विवाद देखिँदैन। चौथो तहमा स्तरवृद्धि मिति सन्तोषकुमार सिंहको मिति २०६५/१/२६ मा भएको र रिट निवेदकको चौथो तहमा स्तरवृद्धि मिति २०६५/१०/१७ मा भएको कुरा पेस हुन आएका अभिलेखहरूबाट देखियो। रिट निवेदकले विपक्षीको चौथो तहमा स्तरवृद्धि मिति २०६६/४/२८ मा भएको हो भनी जिकिर गरेको सम्बन्धमा हेर्दा पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराबाट

मिति २०६६/४/२८ मा विपक्षी सन्तोषकुमार सिंहलाई स्तरवृद्धि गरेको नभई ग्रा.स्वा.का (चौथो तह) बाट अ.हे.व चौथो तहमा पदनामसम्म दिएको देखिन्छ। तर निजको चौथो तहमा स्तरवृद्धि मिति २०६५/१/२६ मा नै भइसकेको पाइयो। यसबाट निवेदक वीरेन्द्रकुमार महतो विपक्षीमध्येका सन्तोषकुमार सिंहभन्दा चौथो तहमा वरिष्ठ कर्मचारी भएको भन्ने जिकिर खण्डित भएको देखिने।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(१), ऐ ऐनको दफा १७ को उपदफा (५) ले तोकिएको पदको लागि बढुवा समायोजन गर्दा लिइने आधारहरू निर्धारण गरेको देखिन्छ। उक्त ऐनको दफा १७(५) मा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवा समायोजन गर्दा पाँचौं तहका लागि निर्धारित शैक्षिक योग्यता प्राप्त गरेका उम्मेदवारहरू भएमा ती उम्मेदवारहरूमध्येबाट ज्येष्ठताका आधारमा र सो नभएमा चौथो तहको लागि निर्धारित शैक्षिक योग्यता हासिल गरी पाँचौं तहमा स्तरवृद्धि वा तह मिलान भएका सम्भाव्य उम्मेदवारहरूमध्ये ज्येष्ठताको आधारमा बढुवा समायोजन गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। बढुवा सिफारिस भएका सन्तोषकुमार सिंह र यी निवेदक लगायतका सबै उम्मेदवारहरू हाल नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह पाँचौ तहमा कार्यरत रहेको र निजहरूको चौंथो तहका लागि तोकिएको सि.एम.ए.को शैक्षिक योग्यता मात्र रहेकाले सोहीबमोजिम बढुवा हुने पदमा समायोजन भएको देखिन्छ। बढुवा समायोजनको लागि सिफारिसमा परेका सातजना उम्मेदवारहरूमध्ये निवेदकबाहेक अन्य ६ जना उम्मेदवारहरूको हालको पाँचौं तहमा स्तरवृद्धि रिट निवेदकको भन्दा अगाडि नै भएको कुरामा विवाद रहेको पाइएन। यसरी हेर्दा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १७ को उपदफा (५) को कानूनी व्यवस्थाविपरीत बढुवा समिति र आयोगबाट निर्णय भयो भन्ने निवेदकको जिकिर तथ्यपरक तथा कानूनसङ्गत देखिन आएन। वस्तुतः निवेदकले गलत तथ्य उल्लेख गरी निवेदन गरेको देखिन आउने।

अतः निवेदक वीरेन्द्रकुमार महतो विपक्षीमध्येका सन्तोषकुमार सिंहभन्दा चौथो तहका वरिष्ठ कर्मचारी भएको भन्ने तथ्य नै प्रमाणित भएको नदेखिएको, बढुवा प्रक्रियामा कुनै कानूनी वा प्रक्रियागत त्रुटि रहेकोसमेत नदेखिएको र विवादित बढुवासम्बन्धी काम कारबाहीको कारणबाट निवेदकको कुनै मौलिक वा कानूनी हक अधिकारमा असर परेकोसमेत नदेखिएको हुँदा निवेदकको मागबमोजिम आदेश जारी गर्नु परेन। रिट निवेदन खारेज हुने ठहर्छ। साथै, विपक्षी सन्तोषकुमार सिंहलाई बढुवा समायोजन गर्ने गरेको निर्णय यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) बमोजिम यस अदालतबाट मिति २०७५/४/२९ मा जारी गरिएको अन्तरिम आदेशसमेत रद्द हुने।

इजलास अधिकृत: बिना गौतम

इति संवत् २०७६ साल पौष २३ गते रोज ४ शुभम्।

इजलास नं.१३

१

मा.न्या श्री सपना प्रधान मल्ल र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७४-CR-०१२५, कर्तव्य ज्यान, नेपाल सरकार वि. योगेश तामाङ*

वारदात समयभन्दा अगाडि मृतक र प्रतिवादी सँगसँगै रहेका गोकुल राईले अदालतमा बकपत्र गर्दा राति ११:३० बजेसम्म निजहरू सँगसँगै रहेको मृतक बिमल योगेशसँग घर गएको भनी अदालतमा लेखाई दिएको पाइन्छ भने अर्का व्यक्ति कैलाश राईले मृतक र प्रतिवादीबिच झै-झगडा नभएको, आफूले प्रतिवादीले मृतकलाई कुटपिट गरेको नदेखेको र प्रतिवादीले हातहतियार पनि बोकेको थिएन भनी बकपत्रमा लेखाएको देखिन्छ। प्रतिवादीबाट वारदातमा प्रयोग

भएको भन्ने कुनै अमुक हतियार पनि बरामद हुन सकेको अवस्था छैन। प्रतिवादी र मृतक एकअर्काका साथी रहेको भन्ने जाहेरी बेहोराबाट खुल्न आएको देखिन्छ। मृतक र प्रतिवादीसमेत भई पटकपटक मादक पदार्थ सेवन गरेको भन्ने जाहेरी बेहोरा एवं प्रतिवादीको अदालतको बयानसमेतबाट देखिन्छ। मादक पदार्थ सेवन गरेको समयमा झगडा भनाभन भएको भन्ने पनि सँगै रहेका कैलाश राईसमेतको बकपत्रबाट खुल्न आएको देखिँदैन। यस अवस्थामा प्रतिवादी र मृतकबिच पूर्वरिसइवी रहेको भन्नेसमेत देखिँदैन। घर जाँदा मृतक र प्रतिवादी सँगै गएको र बाटोमा मृतकलाई छाडी एक्लै प्रतिवादी घर गएकोमा रातिको समयमा नशामा रहेको व्यक्ति रातभरि भुइँमा पल्टिरहेको अवस्थामा भोलिपल्ट उपचारको क्रममा मृतकको मृत्यु भएको देखिन्छ। प्रतिवादीले कुटपिट गरेको देख्ने कुनै चश्मदिद गवाह वादी पक्षले गुजार्न सकेको देखिँदैन। शंकाको भरमा मात्र कुटपिट गरी मारेको होला भन्ने आधारमा मात्र कसैलाई कर्तव्य ज्यानको कसुरदार भनी दोषी ठहऱ्याउनु कानूनको भावनाविपरीत हुन आउँछ। आफूले मृतकलाई घरसम्म नलानु गल्ती भएको भन्ने प्रतिवादीले बयान गरेको र अत्यधिक मादक पदार्थ सेवन गरी घरतर्फ जाँदै गरेको अवस्थामा दुवैजना लड्दै हिँडेको, मृतक पटकपटक लडेको र निजलाई प्रतिवादीले पानी खन्याई दिएको भन्नेसमेत देखिन आएको अवस्था रहेको छ। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा **ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ** भनी भवितव्यको परिभाषा गरिएको छ। प्रस्तुत वारदातमा प्रतिवादी र मृतक मादक पदार्थ सेवन गरी घर फर्कदा बाटोमा मृतक पटकपटक लडेका, निजलाई घर लैजान प्रतिवादी असफल रहेको, मृतकलाई पानी खन्याई दिएको अवस्थामा समेत निजलाई घरतर्फ लान नसकेको, रातिको समयमा हारगुहार गरेर भए पनि छिमेकीहरूको सहयोग लिई घरमा पुऱ्याउनुपर्नेमा नशामा रहेको र हिँड्डुलसमेत गर्न नसक्ने अवस्थामा रहेको व्यक्तिलाई एक्लै छाडी प्रतिवादी गएको भन्ने घटना श्रृङ्खला प्रतिवादीकै बयानबाट देखिन आएकोले प्रतिवादीको असावधानीकै कारण मृतकको भवितव्य परी मृत्य भएको देखिन आउने।

उल्लिखित तथ्यका आधारमा मृतकको मृत्यु प्रतिवादी योगेश तामाङको लापरवाहीका कारण भएको तथ्य स्थापित हुन आएको अवस्थामा यी प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादी योगेश तामाङले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नम्बरको कसुर गरेको देखिएकोले निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको ६ नं.को देहाय २ बमोजिम २ वर्ष कैद हुने ठहर्छ भनी उच्च अदालत विराटनगर, इलाम इजलासले मिति २०७३।०८।०८ मा गरेको फैसला मिलेकै देखिँदा सो फैसला सदर हुने।

इजलास अधिकृत: जनक सिंह बोहरा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल मङ्सिर १८ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७५-WO-००२६, उत्पेषण / परमादेश,* RK भन्ने राजेन्द्रकुमार शाक्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सिंहदरबारसमेत

मुलुकी ऐन, अ.बं.१७२ नं., सरकारी मुद्दासम्बन्धी ऐन,२०४९ को दफा १० तथा सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा १५ र १६ समेतका आधारमा कानूनी प्रक्रिया पूरा गरी पसलहरू खानतलासी गरी सो पसलमा भएका गरगहनाहरू बरामद गरी बरामदी मुचुल्कासमेत तयार गरी बरामदी मुचुल्कामा उल्लेख भएका सुन तथा

चाँदीका गरगहनाहरू गृह मन्त्रालय, विशेष अनुसन्धान टोलीको च.नं.०३६५/IT मिति २०७५।०२।३० को पत्रले नेपाल राष्ट्र बैंकमा सुरक्षितसाथ राख्न पठाएको देखिएको अवस्थामा खानतलासी तथा बरामदी मुचुल्का गैरकानूनी रहेको भन्ने निवेदन जिकिर कानूनसम्मत रहेको देखिन आएन । मोरङ जिल्ला अदालतमा कारबाहीयुक्त अवस्थामा रहेको मुद्दाको अनुसन्धानको क्रममा सुरू मोरङ जिल्ला अदालतको आदेशले निवेदकले सञ्चालन गरेको पसलबाट बरामद भई रोक्का राखिएका सुन चाँदीका गरगहनाका सम्बन्धमा सोही मुद्दाबाट निरूपण हुने अवस्था रहेको र साधारण अधिकार क्षेत्रअन्तर्गत कारबाही चलिरहेको अवस्थामा सोही मुद्दाको रोहमा रोक्का राखिएको सम्पत्तिका सम्बन्धमा यस अदालतले रिट क्षेत्रबाट बोलेमा सुरू मोरङ जिल्ला अदालतमा कारबाहीयुक्त अवस्थामा रहेको मुद्दामा समेत प्रभाव पर्न सक्ने र अदालतको साधारण अधिकार क्षेत्र निस्प्रभावीसमेत हुन सक्ने अवस्था देखिएबाट कानूनबमोजिम खानतलासी गरी बरामदी मुचुल्कासमेत तयार गरी कब्जामा लिई सुरक्षितसाथ राखेको देखिएबाट गैरकानूनी रूपमा कब्जामा लिई खान तलासी गरी बरामदी गरेको भन्ने नदेखिने ।

निवेदन मागबमोजिम विपक्षीहरूका नाउँमा उत्प्रेषणलगायत परमादेशको आदेश जारी हुने हो, होइन भन्ने सम्बन्धमा हेर्दा मोरङ जिल्ला अदालतमा राजेन्द्रकुमार शाक्यसमेतका नाउँमा आपराधिक समूह स्थापना र सञ्जाल गरी सुन अवैध चोरी पैठारी र चोरी निकासी, अपहरण र शरीर बन्धक तथा कर्तव्य ज्यान मुद्दा दर्ता भई कारबाहीयुक्त अवस्थामा रहेको र सोही मुद्दाको अनुसन्धानको क्रममा यी निवेदकले सञ्चालन गरेको आर के ज्वेलर्समा सुन तथा चाँदीको गरगहना पसलमा खानतलासी गरी पसलमा भएका गरगहनाहरू बरामद गरेको र सो बरामदी गरगहनाहरू सुरक्षितसाथ राख्नका लागि नेपाल राष्ट्र बैंकमा पठाएको र पसलबाट खानतलासी बरामद भई हाल राष्ट्र बैंकको लकरमा रहेका हिराका गहनाहरूका सम्बन्धमा सुरू मोरङ जिल्ला अदालतमा विचाराधीन मुद्दा नं. ०३११९६ को आपराधिक समूह स्थापना र सञ्चालन गरी सुन चाँदी पैठारी र चोरी निकासीको अवैध कारोबार, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दामा सङ्कलित मिसिल प्रमाणका मूल्याङ्कनका आधारमा फैसला हुँदा निरूपण हुने नै देखिँदा हाल सो सम्बन्धमा केही बोलिरहनु नपर्ने ।

जहाँसम्म निवेदकले कारोबार गरेका पसलहरू ताला लगाई सिलबन्द गरिएकोले खोल्न तथा कारोबार सञ्चालन गर्न विपक्षीका नाउँमा परमादेश जारी गरिपाउँ भन्ने जिकिर छ । सोतर्फ विचार गर्दा निवेदकको पसलबाट बरामद भएका गरगहनाहरू बरामद भई सो सम्बन्धमा मुद्दा चली विचाराधीन रहेको, बरामदी मुचुल्कामा नै मुद्दामा प्रमाण लाग्ने भनिएका सामान लिई बुझी गई प्रमाणमा नलाग्ने सामान मात्र रहेको आर के ज्वेलर्समा तालाबन्दी, सिलबन्दी गरिएको भनिएको देखिन्छ । भाडाका पसलमा सिलबन्दी, तालाबन्दी गरी निवेदकलाई कारोबार गर्न नदिई अनिश्चित तरिकाले अनन्तकालसम्म पसल बन्द राखी दिँदा निवेदकमा, निजमा आश्रित निजका परिवारहरू तथा कामदारलाई परिरहेको आर्थिक क्षतिको साथै नेपालको संविधान, २०७२ को धारा १६, १७(२)च, द्वारा प्रदत्त पेसा रोजगार गर्ने र बाँच्न पाउने हकको उल्लङ्घन हुन जाने देखिएको त्यस्तै उक्त पसलमा आश्रित रोजगारी गर्ने अन्य कामदारहरूको रोजगारमा समेत प्रतिकूल प्रभावको अवस्था देखिएकोले रिट निवेदकहरूमा गम्भीर अन्याय (Gross Injustice) को अवस्थालाई मध्यनजर गर्दा सुविधा तथा सन्तुलनको दृष्टिकोणबाट मिति २०७५।२।२८ मा सिलबन्द गरिएका पसलहरू तथा पसलभित्रको दराज ढोकामा लगाइएको सिलबन्दी ताला खोली निवेदकलाई पसल कारोबार सञ्चालन गर्न दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेश

जारी हुने ।

इजलास अधिकृतः जनकसिंह बोहरा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल मङ्सिर १८ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको ०७५-WO-०१२३, उत्प्रेषण / परमादेश, मालिका बज्राचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

३

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी, *०७२-CR-१५५२, जालसाजी, रासलाल साहसमेत वि. दुर्गादेवी यादवसमेत*

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात हेर्दा २००४ सालको नम्बरी स्रेस्तामा वादी दाबीका जग्गाहरूको कि.नं. उल्लेख भए पनि जो जग्गा कसैको नाममा कायम भएको देखिँदैन । प्रतिवादीमध्येकी दुर्गादेवीले आफ्नो पति वृजबिहारी यादवको मृत्युपश्चात् विवादित जग्गा नामसारीका क्रममा फुलकाही गाउँ विकास समितिबाट "...पतिको आफ्नो कालगतिबाट मिति २०५४।११।५ गतेमा स्वर्गवास भइसकेको हुँदा निज मृतकको शेषपछि सबभन्दा नजिकको हक अपुताली खाने म निवेदक एक मात्र पत्नी भएकोले निज पतिको शेषपछि उक्त जग्गाहरू मेरो नाममा सिफारिस गरिपाउँ भनी दिएको निवेदनमा जिल्ला सप्तरी गाउँ विकास समिति खडकपुर वडा नं. ४ बस्ने वृज विहारी यादवको आफ्नो कालगतिबाट मिति २०५४।११।५ गतेमा स्वर्गवास भइसकेकोमा निज मृतक वृजविहारी यादवको एक मात्र पत्नी यी निवेदक दुर्गीदेवी यादव भएकोले निज निवेदक दुर्गीदेवी यादवको स्व.पति वृज विहारी यादवको नाउँमा तपसिलमा उल्लिखित जग्गा कुनै किसिमबाट ऐलानी, गौचर, पर्ती, मठ, मन्दिरलगायत सार्वजनिक सरोकारका जग्गा नरही नरहेको हुँदा मृतक वृज विहारी यादवको नाउँमा दर्ता रहेको २००४ सालको नम्बरीबमोजिमको जग्गा एकलौटी निज दुर्गीदेवी यादवका नाउँमा बेचबिखन तथा लगत कायमसमेत गर्न सर्जमिन सिफारिस गरिदिएमा पछिसम्म फरक नपर्ने..." भनी मिति २०७१।५।२९ मा सर्जमिन भएको देखिने ।

साथै फुलकाही गाउँ विकास समितिको कार्यालयबाट च.नं.२० मिति २०७१।६।५ मा मालपोत कार्यालय सप्तरी राजविराजलाई "जिल्ला सप्तरी गाउँ विकास समिति खडकपुर वडा नं. ४ बस्ने वृज विहारी यादवको आफ्नो काल गतिबाट मिति २०५४।११।५ गतेमा स्वर्गवास भइसकेकोमा निज मृतक वृज विहारी यादवको एक मात्र पत्नी दुर्गादेवी यादव भएकोले निज मृतक लोग्नेको शेषपछि सबभन्दा नजिकको हक अपुताली खाने एक मात्र पत्नी दुर्गादेवी यादव भएको हुँदा निज मृतक लोग्नेको शेषपछि निजको नाउँमा दर्ता रहेको तपसिलका जग्गाहरू निज निवेदिका दुर्गादेवी यादवले भोग चलन तथा घर बसोबाससमेत गरी आइरहेकोले उक्त घर जग्गा बेचबिखन गर्न आवश्यक रहे भएकोले तपसिलमा उल्लिखित जग्गाहरूमा जम्मा फुसको घर थान-६ को हुने मोल रू.३,००,०००।- अक्षरेपी तीन लाखसम्म जाने भएकोले उक्त घर बिक्री वितरण गरिदिनुहुन..." भनी पत्राचार गरी विवादित जग्गाहरू बिक्री वितरण गरी दिन अनुरोध गरेको पाइने।

प्रतिवादीमध्येका दुर्गादेवी यादवले गाउँ विकास समिति फुलकाहीमा निवेदन गरी विवादित जग्गा नामसारीसम्बन्धी सिफारिस तथा मिन्ही जग्गामा रहेका घर बेचबिखन गर्न पत्राचार गरेको आधारमा प्रतिवादी दुर्गादेवी यादवले प्रतिवादी विशेश्वर साहलाई मिति २०७१।६।६ मा र.नं.२४९०/ख मार्फत राजीनामा पास भएको देखिन्छ । तर सदासर्वदादेखि उक्त जग्गाहरूमा भोग बसोबास रहेको भन्ने वादीहरूले २०२८ सालको सर्भे नापीपश्चात् सो जग्गाहरूको गाउँ ब्लक लगत कायम गराउन कारबाही अगाडि बढाएका छौं भनी भन्न सकेकोसमेत देखिँदैन । प्रतिवादी दुर्गादेवीका पतिको विवादित जग्गामा साबिकदेखिको

भोग बसोबासलाई वादीहरूले कुनै पनि प्रकारले चुनौती दिन नसकेको तथा मिसिल संलग्न २००४ सालको नम्बरी दर्ता स्रेस्तामा उल्लिखित जग्गाहरूमा वादीहरूकै भोग बसोबास रहेको भन्ने तथ्यको पुष्टि भएकोसमेत नदेखिने।

मुलुकी ऐन, किर्ते कागजको ३ नं. ***"लेखिएबाहेक अर्काको हक मेट्ने, हदम्याद तारिख जाने वा कुनै तरहसँग नोक्सान पार्ने इत्यादि जुनसुकै मतलबले होस् नगरे नभएको झुट्टा कुरा गरे भएको हो भनी वा मिति अङ्क वा बेहोरा फरक पारी सहीछाप गरी गराई कागज बनाए वा बनाउन लगाएमा समेत जालसाजी गरेको ठहर्छ"*** भन्ने व्यवस्था उल्लेख भएको पाइन्छ। प्रतिवादीमध्येकी दुर्गादेवीले आफ्नो पति वृजबिहारी यादवको साबिकदेखिको भोग बसोबासको आधारमा निजको निधनपश्चात् गाउँ विकास समितिबाट कानूनबमोजिम सर्जमिन सिफारिस गराई अर्का प्रतिवादी विश्वरप्रसाद साहलाई मिति २०७१।६।६ मा राजीनामा पारित गरिदिएको अवस्थामा साधिकार निकाय र पदाधिकारीहरूले आफ्नो ओहदाको कर्तव्य पालनको सिलसिलामा कानूनले दिएको अख्तियारीअन्तर्गत नै रही गरेको सरजमिन सिफारिस र सोही आधारमा राजीनामा गरिदिएको कार्यलाई मुलुकी ऐन, किर्ते कागजको ३ नं. बमोजिम ***नगरे नभएको झुट्टा कुरा गरे भएको हो भनी वा मिति अङ्क वा बेहोरा फरक पारी सहीछाप गरी गराई कागज बनाए वा बनाउन लगाएको*** भन्न मिल्ने देखिएन। कानूनबमोजिम भए गरेको कार्यलाई जालसाजपूर्ण रहे भएको दाबी लिने वादी पक्षले सोको पुष्टाई गर्ने प्रमाण पेस गर्न नसकेको अवस्थामा प्रतिवादीहरूलाई दोषी भन्न मिल्दैन। कानूनबमोजिम भएका प्रतिवादीहरूको उल्लिखित कार्य जालसाजीपूर्ण नदेखिँदा वादी दाबी पुग्न नसक्ने ठहर्‍याई भएको फैसला कानूनसम्मत नै देखिँदा पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।२।३१ मा भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, उल्लिखित आधार, कारणबाट वादीको फिराद दाबी कुनै पनि प्रकारले पुष्टि हुन नआई प्रतिवादीहरूको क्रिया जालसाजी नदेखिँदा वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत राजविराजको मिति २०७२।२।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् साल २०७६ जेठ ८ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी, *०७३-CR-१२२७, कर्तव्य ज्यान, प्रकाश गुरूङ वि. नेपाल सरकार*

प्रतिवादी प्रकाश गुरूङले बच्चा झुक्किएर हातबाट खस्न गएको हो भनी पुनरावेदन जिकिर लिएको भए पनि वारदातपश्चात् तत्काल वारदात स्थलमा पुगेकी रेनु रानाले जाहेरवाला चिच्याएको कारण तत्काल वारदात स्थलमा पुग्दा जाहेरवालाको छोरी गम्भीर अवस्थाकी थिइन् जाहेरवालाले बच्चा मलाई समाउन दिएकीमा प्रतिवादीले यसलाई मार्ने हो भनी तान्न आएको थियो भनी मौकामा कागज गरेकी र अदालतमा बकपत्र गर्दासमेत प्रतिवादी प्रकाश गुरूङले जाहेरवालाको नाबालक छोरीलाई लछार पछार गरी फालेका कारण निजको मृत्यु भएको हो भन्ने बेहोरा लेखाएको पाइन्छ। प्रतिवादी प्रकाश गुरूङले जाहेरवालाको छोरीलाई भुइँमा फाली घाइते बनाएकोमा निजको उपचारको लागि अस्पताल लगिएकोमा डाक्टरले मृत घोषणा गरेका हुन् भनी भवानी रानाले अनुसन्धानको क्रममा कागज गरेको पाइन्छ। हातबाट चिप्लिएर प्रस्तुत वारदात भएको हो भनी प्रतिवादीले अदालतमा बयान गरेको भए पनि सोको भरपर्दो प्रमाण पेस गर्न सकेको पाइँदैन। मिसिल संलग्न रहेका कागज प्रमाणहरूबाट प्रतिवादीले जाहेरवालाको छोरीलाई

भुइँमा पछारेका कारण निज गम्भीर घाइते भएकोमा निजलाई उपचार गर्न लैजाँदै गर्दा नै मृत्यु भएको भन्ने तथ्य स्थापित भएको देखिने।

प्रतिवादी मानसिक रोगी भएको कारण निजले औषधी सेवन गरी रहेको भन्ने मिसिल संलग्न युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज, शिक्षण अस्पताल भैरहवाको प्रेस्क्रिप्सनबाट देखिए पनि निज आफूले गरेको कामको प्रकृति नै थाहा नपाउने गरी मानसिक रोगी भएको भन्ने देखिँदैन। निजले अदालतमा बयान गर्दा छिटो बिर्सने, निद्रा नलाग्ने र कहिलेकाँही रिस उठी आफैँ साम्य हुने गरेकाले औषधी सेवन गरी रहेको छु भन्ने बेहोरा लेखाएको देखिँदा निजको उक्त बयान बेहोराबाट समेत यी प्रतिवादी आफूले गरेको कामको परिणाम र प्रकृति थाहा नपाउने अवस्थाका मानसिक रोगी हुन् भनी विश्वास गर्न सकिने आधार नदेखिने।

प्रतिवादीउपरको किटानी जाहेरी, प्रतिवादीको मौकामा भएको बयान, जाहेरवालाको अदालतमा भएको बकपत्र, वारदातपश्चात् तत्काल वारदात स्थलमा पुगेकी रेनु रानाको कागज एवं निजको अदालतमा भएको बकपत्र, मौकामा बुझिएका भवानी राना, राधा बस्यालसमेतका मानिसहरूको भनाइ, रोमन रानासमेतका मानिसहरूले गरी दिएको वस्तुस्थिति मुचुल्कासमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट यी प्रतिवादी प्रकाश गुरूङले जाहेरवाला सुनादेवी आलेको ३ महिनाको छोरी खेबिसा आलेलाई जाहेरवालाले दुध खुवाइरहेको अवस्थामा जबरजस्ती तानी हातपात गरी भुइँमा थेचारी सख्त घाइते बनाएकोमा निज बालिकाको उपचारको क्रममा मृत्यु भएको तथ्य निर्विवाद रूपमा पुष्टि हुन आएको देखिँदा निज प्रतिवादी प्रकाश गुरूङलाई अभियोग दाबीबमोजिमको कसुरमा ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत बुटवलको फैसलालाई अन्यथा मान्न नमिल्ने।

साथै वारदातको प्रकृति, प्रतिवादीको स्वभावगत अवस्थाका सन्दर्भमा यी प्रतिवादी आफ्नै तालमा हिँड्ने सन्काहा स्वभाव र प्रवृत्तिका थिए। निजले गाँजा खाने भएकाले वारदात हुँदाको अवस्थालाई इङ्गित गर्दै त्यतिखेर प्रकाशले गाँजा खान पाएको थिएन। उत्तेजित र सन्काहा भएको कारणले गर्दा निजले यस्तो कार्य गरेको हो हामीबिचमा कुनै रिसइवी थिएन र आफ्नै तालमा हिँड्ने गर्दथ्यो भनी स्वयं जाहेरवाला सुनादेवी आलेले अदालतसमक्ष उपस्थित भई गरेको बकपत्र तथा प्रहरीमा कागज गर्ने रेनु रानाको अदालतमा भएको बकपत्र, प्रतिवादीका साक्षी तेजबहादुर गुरूङको बकपत्र, मिसिल संलग्न रहेका प्रतिवादीका विभिन्न अस्पतालका प्रेस्क्रिप्सनसमेतबाट प्रतिवादीले मानसिक रोगको औषधी सेवन गरिरहेको समेतका अवस्था एवं निज प्रतिवादी स्वयंले अदालतसमक्ष गरेको बयानमा मैले गल्ती गरेकाले सजाय पाउनु पर्ने हो भनी आफूउपरको आरोपित कसुर स्वीकार गरेको स्थिति र कारणहरूलाई मध्यनजर गर्दा ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सजाय गर्दा चर्को हुने भई निजलाई ४ वर्ष मात्र कैद सजाय हुने गरी मुलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम पुनरावेदन अदालत बुटवलबाट व्यक्त भएको रायसमेत अन्यथा भएको देखिएन। अतः पुनरावेदन अदालत बुटवलको फैसला उल्टी गरी भवितव्यमा सजाय गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: पुनरावेदन अदालत बुटवलबाट प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र ऐ.१३(१)नं. को कसुरमा ऐ.को १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा ***"कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व***

हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था भएको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा ***"कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नुपर्ने छ"*** भन्ने कानूनी व्यवस्था हुनुका साथै तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा ***"कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ ।"*** भन्ने कानूनी प्रावधानसमेत रहेको पाइन्छ । यस अवस्थामा पुनरावेदन अदालत बुटवलबाट साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(१) नं. को कसुरमा ऐ.१३(१) नं. बमोजिम प्रत्यर्थी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएकोमा हाल प्रचलित उल्लिखित कानूनी प्रावधानसमेतका आधारमा सर्वस्व नहुने भएकोले निज पुनरावेदक प्रतिवादीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम जन्मकैद मात्र हुने ठहर्छ र मुलुकी ऐन अ.बं.१८८ नं.बमोजिम निज प्रतिवादी प्रकाश गुरूङलाई ४(चार) वर्ष कैद सजायको लागि राय जाहेर गरेको सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७२।६।१४ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७३।०५।०७ मा भएको फैसला मिलेकै देखिँदा सो रायसमेत सदर हुने ।

इजलास अधिकृत: सूर्यप्रसाद भण्डारी

फैसला तयार गर्न सहयोग गर्ने: सुशिला पाण्डे

इति संवत् २०७६ साल भदौ २३ गते रोज २ शुभम् ।

एकल इजलास

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, *०७६-WO-०९५५, परमादेश, पुण्यप्रसाद खतिवडासमेत वि. मुख्य रजिस्ट्रारको कार्यालय, सर्वोच्च अदालतसमेत*

कोरोना भाइरस (कोभिड-१९) महामारीको अवस्थालाई दृष्टिगत गरी यस अदालतको पूर्ण बैठकको निर्णयबमोजिम अदालतबाट प्रवाह गरिने सेवामा केही कटौती वा सीमितता कायम गर्नु परेको कुरामा विवाद गर्नुपर्ने देखिँदैन । नेपाल सरकारले देशभर बन्दाबन्दी (Lockdown) को घोषणा गरेको कारणबाट आम सार्वजनिक सेवा प्रवाहमा असर परेको तथ्यसमेत स्वयम्मा प्रस्ट नै छ । बन्दाबन्दीको अवस्थामा पनि नियमित रूपमा सबै प्रकारका न्यायिक सेवा प्रदान गर्ने कार्य भइरहनु पर्दछ भन्ने कुरा उचित, व्यावहारिक र विवेकपूर्ण हुँदैन । यो विशेष अवस्था हो र यसलाई हेर्ने दृष्टिकोण पनि फरक किसिमको हुनु स्वाभाविक छ । महामारीको कारणबाट गरिएको बन्दाबन्दीको कुरालाई नेपालको संविधानको धारा २७३ बमोजिम जारी हुने सङ्कटकालीन अवस्था र सो अवस्थामा आकर्षित हुने कानूनी परिणामसँग दाँजेर सोही मापदण्डका आधारमा हेर्न मिल्दैन । यी दुई फरक अवस्थाहरू हुन् । बन्दाबन्दीलाई सामान्य अर्थमा हेर्दा सेवा प्रवाह गर्ने निकाय, संस्था, कार्यालय आदिको काम कारबाही वा क्रियाकलाप सञ्चालन नगरी स्थगित गरिने अवस्थाको रूपमा बुझिनु पर्दछ । कुनै रहर, लहड वा अकर्मण्यताको कारणबाट बन्दाबन्दी घोषणा गरिएको नभएर कोभिड -१९ महामारीको प्रकोपबाट आम जनताको स्वास्थ्य सुरक्षा गर्न एउटा बाध्यकारी उपायको रूपमा बन्दाबन्दी गरिएको देखिन्छ । यस अवस्थामा अमुक प्रकारको न्यायिक सेवा प्रवाह गरिएन वा कुनै खास मुद्दा / निवेदन पेसी सूचीमा चढाइएन भनी

प्रश्न खडा गरी यसलाई न्यायिक निरूपणको विषय बनाउनु उचित र तर्कपूर्ण देखिँदैन । बन्दाबन्दीको अवधिमा मुद्दा व्यवस्थापनका काम कुरामा यदि कुनै सामान्य त्रुटि रहेका भए पनि सो कुरालाई प्रशासनिक वा व्यवस्थापन प्रक्रियाबाट नै सुधार गर्न सकिने हुन्छ। तसर्थ, बन्दाबन्दीको अवस्थामा मुद्दामा सुनुवाइ गर्नेसम्बन्धी खास प्रकारको सेवा प्रवाहित गरिएन भनी गरिएको जिकिर मनासिब नदेखिने।

बन्दाबन्दीको अवस्थामा अदालतबाट प्रदान हुने नियमित सेवा रोकिनु, स्थगित गर्नु वा सञ्चालन नगरिनु स्वाभाविक थियो । तथापि, बन्दाबन्दीको अवस्थाकै अवधिमा पनि यस अदालतबाट सबै प्रकारका न्यायिक सेवा बन्द गरिएको भने अवश्य नै थिएन, छैन। नागरिकको वैयक्तिक स्वतन्त्रतासम्बन्धी विषय जोडिएका बन्दीप्रत्यक्षीकरणको निवेदन तथा कोभिड-१९ महामारीसँग सम्बन्धित रिट निवेदनहरूउपरको सुनुवाइ बन्दाबन्दीको अवधिमा पनि नियमित र निर्बाध रूपमा गरिएको तथ्य स्वयम् न्यायिक जानकारीमा रहेको विषय देखिन्छ । नागरिकको वैयक्तिक स्वतन्त्रता तथा विषयवस्तुको संवेदनशीलतालाई हेरेर बन्दाबन्दीको प्रतिकूल अवस्थामा पनि यस अदालतबाट सेवा प्रवाह गर्ने कार्य निरन्तर रूपमा भई आएको थियो र छ। बन्दाबन्दीको प्रारम्भिक अवस्थामा स्थगित गरिएका सेवाहरूमध्ये कतिपय सेवा-कार्यहरू पछिल्ला दिनहरूमा क्रमशः सञ्चालन गरिएको तथ्यसमेत रिट निवेदनमा उल्लेख भएको पाइयो । समय-समयमा यस अदालतको पूर्ण बैठक बसेर निर्णय गरी रिटहरूको दर्ता र सुनुवाइ गर्ने, दरपीठ आदेशहरूउपर सुनुवाइ गर्ने, पक्ष तारेखमा नरहने प्रकृतिका नेपाल सरकार निवेदक भएका मुद्दा, दोहोर्‍याई पाउँ भन्ने निवेदन, पुनरावलोकनसम्बन्धी निवेदन, विपक्षी झिकाउने आदेश नभएका (एकपक्षीय सुनुवाइ हुने प्रकृतिका) नेपाल सरकारको तर्फबाट परेका पुनरावेदन, निवेदन तथा साधक जाँचका लागि आएका मुद्दाहरू आदिको सुनुवाइ कार्यलाई यसबिच पनि सञ्चालन गरिएको र निरन्तरता दिइएको पाइन्छ। महामारीको यस विषम परिस्थितिमा पनि सेवा प्रवाहका कतिपय कार्यहरू भइरहेका छन् । बन्दाबन्दी भएको, सार्वजनिक यातायातको साधन सञ्चालनमा नरहेको अवस्थामा सेवाग्राहीहरू अदालतमा आफ्नो मुद्दामा प्रतिरक्षार्थ उपस्थित हुन नसक्ने परिस्थितिलाई हेरेर केही सेवा प्रवाह कार्य स्थगित गरिएको बाध्यात्मक परिस्थितिलाई अनदेखा गरेर अहिले यसलाई न्यायिक निरूपणको विषय बनाउनु सर्वथा अनुचित र अविवेकपूर्ण हुन जान्छ। न्यायिक प्रक्रियालाई बौद्धिक विलासको विषय बनाउनु उचित होइन । न्यायकर्मी, कानून व्यवसायीलगायत आम सेवाग्राहीको स्वास्थ्य सुरक्षाप्रति वाञ्छित संवेदनशीलता अपनाउनु यस अदालतको समेत कर्तव्य बन्दछ। बन्दाबन्दीको विषम परिस्थितिप्रति विवेकपूर्ण दृष्टिकोण नअपनाई केवल भावनात्मक रूपमा अमुक कानूनी प्रावधानको सतही अर्थ लगाएर अदालतबाट सम्पादन भइआएका र सम्पादन गरिने कार्यहरूको सम्बन्धमा यस प्रकारको प्रश्न उठाउनुको कुनै कानूनी औचित्य वा सान्दर्भिकता नदेखिने।

अतः निवेदकले उल्लेख गरेको जिकिरका सन्दर्भमा हेर्दा गरे-बिराएको जस्तो देखिने अवस्था (Prima Facie Case) नदेखिएकाले विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गर्नु परेन। निवेदन बेहोराबाट प्रथमदृष्टिमा नै सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४६(१) बमोजिम निवेदन जिकिर उचित र कानूनसङ्गत नदेखिएको अर्थात् कारण देखाउ आदेश जारी गर्नुपर्नेसम्मको पूर्वावस्था विद्यमान रहेको नदेखिएको हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल जेठ २५ गते रोज १ शुभम्।